# नेपाली संस्कृति (सांस्कृतिक संस्थान बुलेटिन)

वर्ष :२६ । अंकः १ । भदौ २०८२



**सल्लाहकार**
श्री चन्द्र कुमार राई "हतुवाली"
अध्यक्ष, सांस्कृतिक संस्थान

**संरक्षक**
श्री किरण बाबु पुन
महाप्रबन्धक, सांस्कृतिक संस्थान

**प्रधान सम्पादक**
श्री किरण बाबु पन

**सम्पादक**
चक्र पाण्डे
हरि पुन मगर

**सहयोगी**
कलाकार सेवा र प्रशासन सेवा
अन्तर्गतका महाशाखा तथा शाखाहरू :
(क) कलाकार महाशाखा :
कार्यक्रम तथा योजना महाशाखा
गायन शाखा
वाद्यवादन शाखा
नृत्य शाखा
नाटक शाखा
श्रव्यदृश्य शाखा
(ख) प्रशासन महाशाखा :
प्रशासन शाखा
लेखा शाखा
हल शाखा
भण्डार शाखा
अभिलेख शाखा
बजार व्यवस्थापन शाखा

**डिजाइन**
सुमन राई (नाकिम)

**प्रकाशक**
सांस्कृतिक संस्थान
जमल, काठमाडौं

**सम्पर्क नं.** ०१-५३२११९४
**इमेल**
sanskritiksansthan@nepal.gov.np
**मुद्रण**
प्रजा छापाखाना
कमलादी, काठमाडौं


# सम्पादकीय

६६ वर्षीय सांस्कृतिक विरासत (राष्ट्रिय नाचघर वि.सं.२०१६ देखि - हाल सांस्कृतिक संस्थान वि.सं. २०८२ सम्म) कायम राख्न सफल सांस्कृतिक संस्थान संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत संस्कृति प्रदर्शनी सम्बन्धी नेपाल सरकारको एकमात्र ज्येष्ठ निकाय हो। संस्थानले स्थापनाकालदेखि संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सभा, समारोह तथा उत्सवहरूमा राष्ट्रको पहिचान झल्किने सांस्कृतिक कार्यक्रमहरू प्रदर्शन गर्दै गौरवमय इतिहास कायम राखेको छ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधताभित्र एकता भएको राष्ट्र भएकाले देशको सांस्कृतिक अस्तित्वको रक्षार्थ सात प्रदेशको लापोन्मुख संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ । संस्थानका सांस्कृतिक गतिविधि सहित प्रदर्शनीयुक्त संस्कृतिलाई दस्तावेजीकरण गर्ने उद्देश्यकासाथ संस्थानले वि.सं.२०४२ सालदेखि नेपाली संस्कृति नामक बुलेटिन पत्रिका प्रकाशनको कार्य थालनी गरेको हो । तर वि.सं. २०५१ सालपछि प्रकाशनको क्रियाकलाप बन्द हुन गई फेरि वि.सं.२०५९ सालमा पुनः प्रकाशन थालनी गरिएको पत्रिका वर्ष-२४, अङ्क ३ सम्म प्रकाशन भई पुनः प्रकाशन कार्य हुन सकेन। यसपछि वि.सं.२०८१ सालमा महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको नेतृत्वमा संस्थानले ५२ औं वार्षिकोत्सवको अवसरमा पुनः नेपाली संस्कृति पत्रिकालाई वर्ष : २५, अङ्क १ बाट प्रकाशन थालनी गरेको हो।

अन्ततः संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा दस्तावेजीरण सहित पुस्तान्तरणका लागि संस्थानका विभिन्न क्रियाकलाप समाहित बुलेटिन "नेपाली संस्कृति" वर्ष : २६, अङ्क १ प्रकाशन गर्न सफल भएका छौं। यस अवसरमा आगामी दिनहरूमा नेपाली संस्कृतिलाई निरन्तर प्रकाशन गर्ने प्रण सहित यहाँहरूको साथ, सद्भाव र सहयोगको अपेक्षा गर्दछौं।

**सांस्कृतिक संस्थान परिवार**

# विषय-सूची

सम्पादकीय ........ १
सांस्कृतिक संस्थानको परिचय ........ ४
सांस्कृतिक संस्थानको आ.व.२०८१/८२ को प्रगति विवरण ........ ७
सांस्कृतिक संस्थानको दीर्घकालीन सोचः "संस्कृति+ प्रकृति+जनशक्ति+समृद्धि" ........ १६
सांस्कृतिक पर्व माघे संक्रान्तिको अवसरमा मगर समुदायले आयोजना गरेको "माघे सकराती, २०८१" मा सांस्कृतिक संस्थानको विशेष प्रस्तुतिसँगै भव्यताका साथ सम्पन्न ........ १८
सांस्कृतिक संस्थान विशेष समारोह तथा सम्मान कार्यक्रम, २०८१ सभ्य-भव्य रूपमा सम्पन्न ........ २२
सांस्कृतिक संस्थानमा ऐतिहासिक कार्य निकायगत कार्यप्रकृति अनुसार रेकर्डिङ स्टुडियो निर्माण ........ २७
वसन्त शास्त्रीय सङ्गीत उत्सव तथा दीक्षान्त समारोह, २०८१ : भव्य रूपमा सम्पन्न ........ २८
पशुपति क्षेत्र विकास कोष र सांस्कृतिक संस्थानको संयुक्त आयोजनामा महाशिवरात्रि पर्वको अवसरमा आयोजित "शिवार्पण सांस्कृतिक कार्यक्रम, २०८१" सभ्य एवम् भव्य रूपमा सम्पन्न ........ ३१
फागू पूर्णीमा होली विशेष शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न ........ ३४
सांस्कृतिक संस्थान र नेपाल पर्यटन बोर्ड बीच सम्झौता ........ ३५
"शुभारम्भ सांस्कृतिक साँझ, २०८२" गौरवमय ऐतिहासिक विरासत कायम राख्दै सम्पन्न ........ ३६
ऐतिहासिक गीति नाटक "मुनामदन" को सत्यतथ्य इतिहास एवम् वर्षौंपछि मञ्चन तथा प्रदर्शन कसरी सम्भव भयो ? ........ ४२
गीति नाटक मुनामदनसँग सम्बद्ध सिर्जनशील राष्ट्रिय व्यक्तित्वहरूलाई शिष्टाचार सम्मान ........ ४६
सांस्कृतिक संस्थानको सात प्रदेशको यात्रा : बागमति प्रदेश, काठमाडौंबाट शुभारम्भ ........ ४७
सात प्रदेशमा सांस्कृतिक संस्थानः कोशी प्रदेश, सोलुखुम्बुमा कार्यक्रम सम्पन्न ........ ४८
सांस्कृतिक संस्थानको सात प्रदेश यात्रा : मधेस प्रदेश, जनकपुरमा कार्यक्रम सम्पन्न ........ ५०
सांस्कृतिक संस्थानको सात प्रदेश यात्रा : सुदूरपश्चिम प्रदेश, महेन्द्रनगरमा कार्यक्रम सम्पन्न ........ ५२
गीति नाटक मुनामदनका सिर्जनशील राष्ट्रिय व्यक्तित्व स्वरसम्राट नारायण गोपाल गुरुवाचार्यज्यूप्रति उच्च सम्मान गर्दै उहाँको परिवारजनलाई शिष्टाचार सम्मान ........ ५४
सांस्कृतिक संस्थानको सात प्रदेश यात्रा : लुम्बिनी प्रदेश, बर्दियामा कार्यक्रम सम्पन्न ........ ५५
सात प्रदेशमा सांस्कृतिक संस्थान : कर्णाली प्रदेश, सुर्खेतमा कार्यक्रम सम्पन्न ........ ५७
सात प्रदेशमा सांस्कृतिक संस्थान : गण्डकी प्रदेश, पोखरामा कार्यक्रम सम्पन्न ........ ६०
ऐतिहासिक गीतिनाटक मुनामदनका संगीत संयोजक तथा स्वरलिपि प्रबन्धक श्री मोहन कृष्ण कार्की ढलीज्यूसँग शिष्टाचार भेटघाट ........ ६२

युवा तथा खेलकुद मन्त्रालय र सांस्कृतिक संस्थान बीच सम्झौता ........ ६५
"नेपाली उपशास्त्रीय सङ्गीत समारोह २०८२" भव्यताका साथ सम्पन्न ........ ६६
नेपालमा उपशास्त्रीय सङ्गीतको अवस्था ........ ७०
गणतन्त्र दिवसको अवसरमा सांस्कृतिक प्रस्तुति सहित "राष्ट्रिय ललितकला प्रदर्शनी, २०८२" समुद्घाटन ........ ८१
७२ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवसको अवसरमा प्रभातफेरी कार्यक्रम भव्य रूपमा सम्पन्न ........ ८२
"मन–मनमा संस्कृति, ओठ–ओठमा हाँसो" डिजिटल रूपमा नियमित प्रदर्शन ........ ८४
स्व.गणेश रसिकज्यूलाई संस्थानद्वारा श्रद्धाञ्जली अर्पण ........ ८५
नवनियुक्त श्रीमान् सचिवज्यूलाई सांस्कृतिक संस्थानद्वारा हार्दिक बधाई तथा स्वागत ........ ८६
मौलिक सांस्कृतिक चाड "भूमे पर्व २०८२" भव्य रूपमा समुद्घाटन ........ ८७
सांस्कृतिक संस्थानको ५३ औं वार्षिकोत्सवको अवसरमा रक्तदान ........ ९२
सांस्कृतिक संस्थानको गौरवमय '५३ औं वार्षिकोत्सव समारोह २०८२' भव्यताका साथ सम्पन्न ........ ९३
माननीय संस्कृति मन्त्रीज्यूबाट सांस्कृतिक संस्थानको नवनिर्मित अत्याधुनिक सेमिनार हल समुद्घाटन ........ ९८
सांस्कृतिक संस्थानको जर्नल 'संस्कृति अध्ययन' प्रकाशन प्रारम्भ ........ ९९
सांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कार, २०८२ वितरण ........ १००
विश्व सङ्गीत दिवसको अवसरमा विशेष सांस्कृतिक कार्यक्रम सम्पन्न ........ १०१
२२ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव भव्यताका साथ सम्पन्न ........ १०२
सांस्कृतिक संस्थानको प्रस्तुतिमा असारे गीत 'छुपुमा छुपु' सार्वजनिक ........ १०३
साउने संकराई (उधेली पर्व) विशेष कार्यक्रम भव्यताका साथ सम्पन्न ........ १०४
२६ औं अरुण स्मृति दिवस श्रद्धार्पणका साथ मनाइयो ........ १०९
३४ औं समूहका प्रशिक्षार्थी 'दीक्षान्त समारोह' सम्पन्न ........ ११५
मौलिक गीत 'ए नि बरिलै' ........ ११७
सांस्कृतिक पर्व गाईजात्राको अवसरमा प्रहसन महोत्सव भव्यताका साथ सम्पन्न ........ ११८
अन्तर संस्थान तीज गीत तथा नृत्य प्रतियोगिताः तीज उत्सव २०८२ भव्यताका साथ सम्पन्न ........ १२३
वरिष्ठ कलाकार श्री नरसिंह लाल श्रेष्ठ सांस्कृतिक संस्थानबाट अनिवार्य अवकाश प्राप्त ........ १३०
सांस्कृतिक संस्थानको विषयमा विभिन्न कार्यक्रममा माननीय मन्त्रीज्यूले राख्नुभएको विशेष मन्तव्य ........ १३१
सांस्कृतिक संस्थानको स्वर्णकाल ........ १३२
राष्ट्रिय पत्रपत्रिका तथा सञ्चार माध्यमबाट सम्प्रेषित सांस्कृतिक संस्थान सम्बन्धी समाचार ........ १३५
नेपालमा बाँसुरी वादनको ऐतिहासिक सिंहावलोकन ........ १३९
सांस्कृतिक संस्थान र नीतिगत समस्या ........ १४२
सांस्कृतिक संस्थान गान ........ १४४

# सांस्कृतिक संस्थानको परिचय

वि.सं. २०१६ सालमा स्थापित 'राष्ट्रिय नाचघर' लाई समग्र नेपाली संस्कृतिको संस्थागत विकासका लागि सञ्चार संस्थान ऐन, २०२८ अनुसार वि.सं २०२९ साल असार ५ गते नाम परिमार्जन सहित "सांस्कृतिक संस्थान" को रूपमा पुनर्गठन भएको हो । सांस्कृतिक संस्थान नेपालको पहिचानयुक्त सिर्जनशील कला सजीव रूपमा प्रदर्शनी गर्ने अभिभारा बोकेको संस्कृति सम्बन्धी नेपाल सरकारको एकमात्र ज्येष्ठ निकाय हो । नेपाल सरकारको पूर्ण स्वामित्व रहेको सांस्कृतिक संस्थानले स्थापनाकालदेखि संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका राष्ट्रको पहिचान झल्किने लोकसंस्कृति सम्बन्धी कार्यक्रमहरू राज्यका महत्त्वपूर्ण कार्यक्रम, सभा, समारोह, पर्व एवम् अन्य विशेष अवसरमा प्रदर्शन गर्दै गौरवमय इतिहास कायम राखेको छ। सांस्कृतिक संस्थानको प्रमुख उद्देश्य सांस्कृतिक नवजागरण गराई सांस्कृतिक कार्यक्रम प्रस्तुत गरी सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउनुका साथै नेपालको पहिचानयुक्त सजीव लोकसंस्कृतिलाई प्रस्तुतिका माध्यमबाट संस्थागत रूपमा संरक्षण तथा प्रवर्द्धन गरी नयाँ सभ्य संस्कृति निर्माण गर्नु हो । संस्थानले जागरणमूलक सांस्कृतिक अभियान मार्फत कुसंस्कार, कुप्रथा, विकृति, विसंगति, रूढिवादी सोच, अन्धविश्वास, भेदभाव, शोषण, दमन, हिंसा, अन्याय-अत्याचार तथा बेथिति निर्मूलनको लागि नैतिक शिक्षा सम्प्रेषण गरी सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा विशेष योगदान पुऱ्याएको छ।

सांस्कृतिक संस्थानले विगतदेखि अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि गायन, वादन, नृत्य तथा नाट्य अभिनय जस्ता विधाहरूमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ । संस्थानले उद्देश्य प्राप्तिका लागि विनियमावलीको कार्यान्वयन गरी कलाकार सेवा र प्रशासन सेवा अन्तर्गत दुई महाशाखाः कलाकार महाशाखा र प्रशासन महाशाखा अन्तर्गत कार्यक्रम तथा योजना शाखा, प्रशासन शाखा, गायन शाखा, वाद्यवादन शाखा, नृत्य शाखा, नाटक शाखा, हल शाखा, लेखा शाखा, भण्डार शाखा, अभिलेख शाखा, श्रव्यदृश्य शाखा र बजार व्यवस्थापन शाखा गरी १२ वटा शाखा स्थापना गरी आफ्ना नीति तथा कार्यक्रमहरू प्रभावकारी ढंगले सम्पादन गर्दै आएको छ। नेपाल सरकारको शिक्षालाई व्यावहारिक बनाउने, नीति तथा कार्यक्रमलाई सफल पार्नका निम्ति संस्थानले विगतदेखि विभिन्न तहका पाठ्यक्रममा आधारित नाटक, उपन्यास, कथा, एकाङ्की तथा काव्य रचनालाई नाटक एवम् गीति नाटकका रूपमा मञ्चन गरी प्रदर्शन गर्दै पनि आएको छ। संस्थानले सरकारी एवम् गैरसरकारी निकायसँग संस्थानको हित सम्बन्धी क्रियाकलापमा सहकार्यका नीति तथा कार्यक्रमहरूको समेत प्रबन्ध गर्ने गरेको छ।

सांस्कृतिक संस्थानसँग मेगा हल, मिनी हल, सेमिनार हल र अभ्यास कक्षहरू रहेका छन् । मेगा हलको सिट क्षमता ७०० भन्दा बढी, मिनी हलको सिट क्षमता १०४ सिट भन्दा बढी र सेमिनार हल तथा अभ्यास कक्षका सिट क्षमता ५० भन्दा बढी रहेको छ। संस्थानको प्रधान कार्यालय काठमाडौँ महानगरपालिका वडा नं.२७ जमलमा ५ रोपनी २ आना १ पैसाको क्षेत्रफलमा अवस्थित रहेको छ। समय, परिस्थिति, राज्यको मार्गनिर्देशन, विज्ञान-प्रविधिको विकास, जनचाहना अनुरूप सांस्कृतिक संस्थान रूपान्तरित भई छिटो-छरितो एवम् प्रभावकारी सेवा प्रवाहमा प्रतिबद्ध छ।

## सांस्कृतिक संस्थानको स्थापना र गठन

सञ्चार संस्थान ऐन, २०२८ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी वि.सं. २०२९ साल असार ५ गते राष्ट्रिय नाचघर सांस्कृतिक संस्थाको रूपमा पुनर्गठन भएकाले हरेक वर्ष यसै समयलाई स्थापना दिवसको स्वरूप वार्षिकोत्सव मनाउने गरिन्छ। संस्थानको सञ्चालक समिति देहाय बमोजिम हुने व्यवस्था रहेको छ :-

(क) अध्यक्ष : नेपाल सरकारबाट नियुक्त
(ख) महाप्रबन्धक : नेपाल सरकारबाट नियुक्त
(ग) सदस्य : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय प्रतिनिधि (उपसचिव)
(घ) सदस्य : अर्थ मन्त्रालय प्रतिनिधि (उपसचिव)
(ङ) सदस्य : नेपाल सरकारबाट नियुक्त

## सांस्कृतिक संस्थानको प्रमुख उद्देश्य

लोकसंस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तारणका लागि सांस्कृतिक नवजागरण गराउने तथा राष्ट्रको पहिचानयुक्त लोकसांस्कृतिक कार्यक्रम प्रस्तुत गरी सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउनु संस्थानको प्रमुख उद्देश्य रहेको छ।

## सांस्कृतिक संस्थानको काम, कर्तव्य र अधिकार

देहाय बमोजिम संस्थानका काम, कर्तव्य र अधिकार रहेका छन् :-

(क) राष्ट्रियपन भएको लोकसांस्कृतिक कार्यक्रम तयार गरी त्यसको सजीव प्रदर्शनद्वारा जनसाधारणको लागि स्वस्थ मनोरञ्जन उपलब्ध गराउने।
(ख) नेपालको गौरवशाली संस्कृति र कलात्मक परम्पराको निर्वाह र विकास गर्ने तथा जनताको बौद्धिक आवश्यकता र स्वस्थ मनोरञ्जनको चाहना पूर्ति गर्ने खालको लोकसांस्कृतिक कार्यक्रम तयार गरी नेपाल सरकारको महत्त्वपूर्ण सभा, पर्व, समारोहमा प्रदर्शन गर्ने।
(ग) सांस्कृतिक कार्यक्रमको योजना, निर्माण र प्रदर्शनमा व्यावसायिक दृष्टिकोण अपनाउने।
(घ) सांस्कृतिक कार्यक्रमको लागि पटकथा, रंगमञ्च, कलाकार आदिको व्यवस्था गर्ने।
(ङ) नेपालको मौलिक लोकसंस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका कार्यक्रमका विविध नीति तथा कार्यक्रम तय गर्ने।
(च) जागरण कार्यक्रम मार्फत सामाजिक तथा सांस्कृतिक रूपान्तरण सहित नयाँ संस्कृति निर्माणमा जोड दिने।
(छ) देशभरका लोकसंस्कृतिकर्मी एवम् लोककलाकारलाई चलायमान बनाउने।
(ज) लोकगायन, लोकवादन, लोकनृत्य तथा लोकनाट्य अभिनय लगायतका विभिन्न विधामा प्रशिक्षण दिने।
(झ) प्रदर्शनीयुक्त लोकसंस्कृतिको खोज, अनुसन्धान, संरक्षण, संवर्द्धन, प्रवर्द्धन एवम् दस्तावेजीकरण सहित प्रदर्शनी गर्ने।
(ञ) नेपाली लोकसंस्कृतिको जगेर्ना गर्दै नेपालको पहिचान तथा अस्तित्वको रक्षा गर्ने।
(ट) नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकसँग संस्कृति आदानप्रदान कार्यक्रम गर्ने।
(ठ) बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त राष्ट्र नेपालमा नेपालीहरूका बीच संस्कृतिभित्रको प्रस्तुतीजन्य सिर्जनशील कलाको माध्यमबाट सद्भाव, राष्ट्रिय एकता, समानता तथा

समावेशीताको भावना अभिवृद्धि गर्ने ।

(ड) संस्कृतिलाई उत्पादनतर्फ जोड दिई सांस्कृतिक पर्यटन एवम् सांस्कृतिक उद्योगको रूपमा विकास गरी आर्थिक समृद्धिको मार्ग तय गर्ने ।

(ढ) सभ्य समाज निर्माणका लागि सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने लोक संस्कृति, परम्परागत संस्कृति, जागरण संस्कृति, श्रम संस्कृति, प्रगतिशील संस्कृति जस्ता संस्कृतिको अस्तित्वलाई अङ्गीकार गर्दै नेपालको संविधान तथा संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म अनुसारको नयाँ संस्कृति निर्माण गर्ने ।

(ण) डिजिटल युगसँगै लोकगीत, लोकवाद्य, लोकनृत्य, लोकनाटक र समग्र लोकसंस्कृतिमा देखिएको विकृति, विसङ्गतिले नेपालको पहिचान र अस्तित्व नै सङ्कटमा पर्ने खतरा बढेकाले त्यसको रोकथाम गर्न प्रचलित कानुन अनुसार कामकारबाही गर्नुका साथै सरोकारवाला संघसंस्था एवम् निकायलाई नियमन तथा अनुगमन गर्ने ।

(त) विभिन्न जातिको पहिचानयुक्त संस्कृतिलाई अभौतिक सांस्कृतिक सम्पदामा सूचीकरणका लागि पहल गर्ने ।

(थ) नेपाली संस्कृतिमा योगदान पुऱ्याउने संस्कृतिविद्, कलाकार, साहित्यकार एवम् समग्र श्रष्टालाई राष्ट्रिय सम्मानका कार्यक्रम गर्ने ।

(द) कलाकार प्रमाणीकरण सम्बन्धी कार्य गर्ने ।

(ध) गायन, वादन, नृत्य, नाटक तथा समग्र संस्कृति सम्बन्धी प्रतियोगितात्मक कार्यक्रम गर्ने ।

## संस्थानले प्रदान गर्ने सेवाहरू

देहाय बमोजिम संस्थानले प्रदान गर्ने अन्य सेवाहरू रहेका छन् :-

(क) प्रेक्षालय (हल) सेवा,

(ख) कला प्रशिक्षण कार्यक्रम,

(ग) कलाकार प्रमाणीकरण,

(घ) संस्कृति सम्बन्धी अडियो, भिडियो, टेली श्रृङ्खला, नाटक, वृत्तचित्र तथा समग्र सांस्कृतिक गतिविधिमूलक श्रव्यदृश्य निर्माण ।

## संस्थानको संरचना संक्षिप्त विवरण

अ) कलाकार सेवा

आ) प्रशासन सेवा

## कलाकार सेवा र प्रशासन सेवा अन्तर्गतका महाशाखा तथा शाखाहरू :

(क) **कलाकार महाशाखा :**

१.कार्यक्रम तथा योजना महाशाखा

२. गायन शाखा

३. वाद्यवादन शाखा

४. नृत्य शाखा

५. नाटक शाखा

६. श्रव्यदृश्य शाखा

(ख) **प्रशासन महाशाखा :**

१. प्रशासन शाखा

२. लेखा शाखा

३. हल शाखा

४. भण्डार शाखा

५. अभिलेख शाखा

६. बजार व्यवस्थापन शाखा

# सांस्कृतिक संस्थानको आ.व.२०८१/८२ को प्रगति विवरण

## संस्थानको आय

सांस्कृतिक संस्थानको आ.व.२०८१/८२ को जेठ मसान्तसम्मको कुल आम्दानी रु.८,९५,२७,३६८/- (अक्षरेपि आठ करोड पञ्चानब्बे लाख सत्ताइस हजार तीन सय अठसट्ठी रुपैयाँ मात्र) भएको छ।

## संस्थानको व्यय

सांस्कृतिक संस्थानको आ.व.२०८१/८२ को जेठ मसान्तसम्मको कुल खर्च रु.७,४६,५६,५६६/- (अक्षरेपि सात करोड छयालीस लाख छपन्न हजार पाँच सय छैसठ्ठी रुपैयाँ मात्र) भएको छ। जसमा विशेष गरी अनिवार्य दायित्व उपदान तर्फ, वर्षौंदेखि दायित्व जम्मा हुँदै आएको सञ्चय कोष तथा नागरिक लगानीकोष तर्फ, रेकर्डिङ स्टुडियो निर्माण तर्फ, अभ्यास कक्ष निर्माण तर्फ, मर्मत सँभार तर्फ, नीति तथा कार्यक्रम तर्फ, कर्मचारीको तलब भत्ता तर्फ र कार्यालय सञ्चालन तर्फ खर्च भएको छ।

## गत आ.व. र यस आ.व.को तुलनात्मक विवरण

गत आ.व. र यस आ.व.को तुलनात्मक अध्ययनबारे संस्थानको लेखा परिक्षण प्रतिवेदन अनुसार महालेखा परिक्षकको कार्यालयले पेश गरेको तथ्याङ्क अनुरूप नेपाल सरकार अर्थ मन्त्रालयको "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा - २०८२" को प्रतिवेदन अनुसार सामाजिक क्षेत्र अन्तर्गतका संस्थानहरू मध्ये सांस्कृतिक संस्थानको गत आ.व.को तुलनामा आ.व.२०८१/८२ मा ६९.४७ प्रतिशतका दरले आम्दानी वृद्धि भएको छ।

विगतमा उपदान, सञ्चय कोष, नागरिक लगानी कोष जस्ता संवेदनशील विषयमा करोडौं दायित्व सिर्जना भएकाले आ.व.२०८१/८२ मा आम्दानी भएको करोडौं रुपैयाँ सोही दायित्वको समस्या समाधान गर्न खर्चिनु परेकोले थुप्रै उत्पादनमैत्री क्रियाकलाप सम्पन्न गर्नबाट संस्थान वञ्चित हुनु पर्‍यो। नत्र संस्थानको आयमा अझै वृद्धि हुने सम्भावना हुन्थ्यो।

## संस्थानका प्रमुख उपलब्धिहरू

### १ नीतिगत तर्फ

संस्थानलाई चुस्त, दुरुस्त, पारदर्शी एवम् व्यवस्थित रूपमा सञ्चालन गर्न संस्थानमा विभिन्न कार्यविधि निर्माण गरी नीतिगत प्रणालीको प्रारम्भ गरिएको छ। संस्थानमा सुशासन स्थापना सहित परिणाममुखी क्रियाकलाप सम्पन्न गर्ने

उद्देश्य सहित आ.व.२०८१/८२ मा नयाँ तथा संशोधन सहित कार्यान्वयनमा ल्याइएका निर्देशिका तथा कार्यविधिहरू यसप्रकार छन् :-

- सांस्कृतिक संस्थान प्रेक्षालय सञ्चालन तथा व्यवस्थापन (संशोधन सहित) निर्देशिका, २०८१
- सांस्कृतिक संस्थान रेकर्डिङ स्टुडियो सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१
- सांस्कृतिक संस्थान कला प्रशिक्षण कार्यविधि, २०८१
- सांस्कृतिक संस्थान कल्याणकारी कोष कार्यविधि, २०८१
- सांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कार (संशोधन सहित) कार्यविधि, २०८१
- सांस्कृतिक सम्पत्ति दस्तावेजीकरण तथा सर्वाधिकार सम्बन्धी प्रणाली, २०८१
- संस्थानको नीति तथा कार्यक्रमयुक्त भित्तेपात्रो निर्माण प्रणाली शुभारम्भ

## २. नीति तथा कार्यक्रम तर्फ

- सांस्कृतिक संस्थानको विगतको प्रणालीलाई हेर्दा हरेक आर्थिक वर्षहरूमा बजेट विनियोजन गर्दा आयव्यय सहितको नेपाल सरकारका सभा, समारोह, उत्सव, पर्व सम्बन्धी भैपरी आउने कार्यक्रमलाई प्राथमिकता दिएको पाइन्थ्यो । संस्थानको आ.व.२०८१/८२ बाट दीर्घकालीन सोचयुक्त नीति तथा कार्यक्रम सहितको बजेट विनियोजन गर्ने प्रणाली थालनी गरिएको छ । नीति तथा कार्यक्रममा पुँजीगत तर्फ, मर्मत सँभार तर्फ, हरेक जातजातिका मौलिक सांस्कृतिक चाडपर्व सम्बन्धी, नयाँ प्रकृतिका डिजिटल उत्पादन तर्फका थिए ।
- आ.व.२०८१/८२ का नीति तथा कार्यक्रमहरू शत प्रतिशत सम्पन्न भएका छन् । सुशासन स्थापना गर्दै संस्थानको आन्तरिक आयस्रोत जुटाउँदै एक/एक नीति तथा कार्यक्रम सम्पन्न गर्नुपर्ने भएकाले केही नीति तथा कार्यक्रम बजेट अभावले प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएन ।
- आ.व.२०८१/८२ का नीति तथा कार्यक्रम मार्फत संस्थानको आयमा वृद्धि तथा दीर्घकालीन आम्दानीको स्रोत हुनेतर्फ दिशाबोध गरेको छ । जस्तै : संस्थानको रेकर्डिङ स्टुडियो, संस्थानको सेमिनार हल, गाईजात्रा महोत्सव २०८१, डिजिटल उत्पादन, सात प्रदेशको जागरण कार्यक्रम, मनमनमा संस्कृति-ओठओठमा हाँसो आदि ।
- संस्थानको इतिहासमा सबैभन्दा बढी लोकप्रिय एवम् उत्पादनमैत्री बन्न सफल ऐतिहासिक गीति नाटक मुनामदनको श्रव्य सामग्री हराएर वर्षौंदेखि मञ्चन तथा प्रदर्शन हुन सकेको थिएन । तर वर्तमान नेतृत्वको अथक प्रयासमा गीति नाटक मुनामदनको श्रव्य सामग्री प्राप्त गरी पुनः मञ्चन एवम् प्रदर्शनीमा ल्याइएको छ ।
- आ.व.२०८१/८२ मा संस्थानले नेपाल सरकारका मन्त्रालय र विभिन्न निकायसँग G to G प्रणालीमा सहकार्य गरी परिणाममुखी कार्यक्रमहरू सम्पन्न गरेको छ । जस्तै : पशुपति क्षेत्र विकास कोषसँग धार्मिक सांस्कृतिक सम्बन्धी कार्यक्रम, नेपाल पर्यटन बोर्डसँग नेपाली संस्कृति प्रवर्द्धन मार्फत सांस्कृतिक पर्यटनको विकास सम्बन्धी कार्यक्रम, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग व्यक्तिगत घटना दर्ता सम्बन्धी सचेतना कार्यक्रम, युवा तथा खेलकुद मन्त्रालयसँग संस्कृतिमा युवा सहभागिता सम्बन्धी कार्यक्रम र काठमाडौं महानगरपालिकासँग सामुदायिक विद्यालयहरूमा सञ्चालन गरिएको Book Free Friday कार्यक्रम अन्तर्गत सङ्गीत तथा नाटक प्रशिक्षण सम्बन्धी क्रियाकलाप ।

## ३. पुँजीगत संरचना तर्फ

- राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्म हालसम्मको इतिहासमा विभिन्न कार्यकालका सञ्चालक समितिका निर्णयहरूमा निकायगत कार्यप्रकृति अनुसार अपरिहार्य श्रव्यदृश्य सामग्री उत्पादनका लागि रेकर्डिङ स्टुडियो तथा सांस्कृतिक पर्यटनमैत्री क्रियाकलापका लागि सेमिनार हल निर्माण गर्ने भनी निर्णयमै सीमित रही हालसम्म कार्यान्वयन हुन सकेको थिएन। त्यसैगरी व्यवस्थित अभ्यास कक्ष निर्माण नहुँदा वर्षौंदेखि अनेकन् समस्याबाट ग्रसित हुन परेको थियो। तर वर्तमान नेतृत्वको अथक प्रयासमा नेपाल सरकारको वार्षिक बजेटमा सेमिनार हल निर्माणका लागि बजेट विनियोजन भई **कार्यक्रम मेक अप कक्ष** र **कार्यक्रम तयारी कक्ष** सहितको अत्याधुनिक **सेमिनार हल** निर्माण गर्न सफल भई मिति २०८२ साल असार ५ गतेका दिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको हातबाट समुद्घाटन गरी सञ्चालनमा आएको छ।
- वर्तमान माननीय मन्त्रीज्यूको असल अभिभावकत्वमा वर्तमान नेतृत्वले सुशासन कायम गरेकाले आन्तरिक स्रोतबाट **संस्थानको रेकर्डिङ स्टडियो** निर्माण गरी मिति २०८१ साल माघ ८ गतेका दिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको हातबाट समुद्घाटन गरी सञ्चालनमा आएको छ। व्यवस्थित प्रशिक्षण कक्षहरू निर्माण गरिएको छ।

## ४. संस्थान र कर्मचारी हित तर्फ

- कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषमा रकम जम्मा नहुँदा कर्मचारीहरू सम्बन्धित कोषबाट पाउने विभिन्न सुविधाहरूबाट वञ्चित हुनु परेको थियो। वर्षौंदेखि रकम जम्मा हुन नसक्दा रु.१,०२,९२,९९२/- (अक्षेरेपि एक करोड दुई लाख बयानब्बे हजार नौ सय बयानब्बे रुपैयाँ) पुगेको पुरानो दायित्वको बाँकी रकम जम्मा गरी हाल लगातार तलब भत्तासँगै जम्मा हुने प्रणालीको सुरुवात गरिएको छ।
- नेपाल सरकारको अनिवार्य दायित्व अवकाश प्राप्त कर्मचारीहरूलाई प्रदान गरिने उपदान रकमको दायित्व समाधानका लागि नेपाल सरकारबाट प्राप्त अनुदान रकममा आन्तरिक आयमा वृद्धि हुन आएको रकम थप गरी हालसम्मकै बढी रकमका दरले अवकाश प्राप्त कर्मचारीहरूलाई वितरण गरिएको छ। दीर्घकालीन रूपमा उपदानको समस्या समाधानको लागि संस्थानको विनियमावली संशोधन गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गरिएको छ।
- 'मेरो दान, संस्कृतिलाई सम्मान' श्लोकन सहित दानपेटिका सहितको "सांस्कृतिक संस्थान कल्याणकारी कोष" स्थापना गरी संस्थानका कर्मचारीलाई आपत्विपद् पर्दा मलमपट्टी स्वरूप सहायता मिल्ने व्यवस्था गरिएको छ।
- वर्षौंदेखि आत्मसम्मानमा आघात पुग्नेगरी सिर्जनशील कला प्रर्दशनी गर्ने वातावरणबाट वञ्चित संस्थानका कलाकार सेवाका कर्मचारी र क्षमता अनुरूपको स्थान नपाएर वञ्चित भएका प्रशासन सेवाका कर्मचारीलाई उपयुक्त वातावरण एवम् जिम्मेवारी प्रदान गरी आत्मनिर्भर नीतिमा केन्द्रित गरिएको छ।
- संस्थानको हित र कर्मचारीको वृत्ति विकास हुने सिर्जनशील क्रियाकलापका लागि रेकर्डिङ स्टुडियोमा उपयुक्त नीति सहितको वातावरण सिर्जना गरिएको छ।

- संस्थानका कर्मचारीहरूको सिर्जनशील क्रियाकलापलाई डिजिटल प्रविधि मार्फत प्रकाशन गरी विश्वभरी चलायमान हुने वातावरण निर्माण गरिएको छ।
- संस्थानको क्षेत्राधिकार र उद्देश्य केन्द्रित रही प्रभावकारी ढंगले संस्थानलाई दीर्घकालीन सञ्चालन गर्न छुट्टै ऐनको आवश्यकता अपरिहार्य रहेको निष्कर्ष सहित माननीय मन्त्रीज्यूको निर्देशन बमोजिम छुट्टै ऐनको मस्यौदा निर्माणका लागि अवधारणा पत्र स्वीकृतिका लागि मन्त्रालयमा पेश गरिएको छ।

## ५. सेवा प्रवाह तर्फ

- संस्थानको सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवम् प्रभावकारी बनाउन पछिल्लो समय डिजिटल प्रविधिलाई विशेष जोड दिइएको छ। अनलाइन मार्फत हल बुकिङ, कलाकार प्रमाणीकरण, टिकट बुकिङ आदि प्रणाली अगाडि बढाइएको छ।
- सेवा प्रवाहमा हुने ढिलासुस्तीको कारण पत्ता लगाई त्यसको समाधानको लागि कडाईका साथ कदम चालिएको छ।
- संस्थानमा सोधपूछ कक्ष निर्माण तथा सत्कारकका रूपमा कर्मचारीको व्यवस्थापन गरी सेवा प्रवाहलाई थप प्रभावकारी ढंगले अगाडि बढाइएको छ।
- संस्थानको कार्यप्रकृति अनुसार संस्थानमा हुने गतिविधि बारे यथार्थ एवम् न्यायोचित सूचना सम्प्रेषणका लागि उपयुक्त सूचना अधिकारी तोकिएको छ।

## ६. सुशासन तर्फ

- अनेकन् समस्याका कारण मृत्युशैयामा पुगेको संस्थानलाई माथि उठाउन संस्थानमा हुने आन्तरिक एवम् वाह्य विकृति, विसंगति तथा बेथितिलाई जरैदेखि निर्मूलन गर्ने प्रणका साथ वर्तमान नेतृत्व र कर्मचारीहरूको ऐक्यबद्धता रहेको छ।
- कर्मचारीको तलब भत्ता र नीति तथा कार्यक्रमका लागि आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नुपर्ने भएकाले संस्थानको आम्दानीको मुख्य स्रोत हल तथा अभ्यास कक्षबाट हुने चुहावटलाई पूर्णतः निस्तेज पारी आयमा वृद्धि गरिएको छ।
- विभिन्न बहानामा संस्थानको प्राङ्गण प्रयोग गर्ने प्रणालीलाई पूर्णतः निस्तेज पारी कानून अनुरूप सम्झौता गरी संस्थानको आम्दानीमा वृद्धि गरिएको छ।
- संस्थानलाई भोगचलन गर्न अनेकन् सामर्थ्यको त्रास देखाउने र सामर्थ्यको प्रयोग समेत गर्ने संकीर्ण सोचका व्यक्तिहरूबाट विचलित नभई वर्तमान माननीय मन्त्रीज्यूको असल अभिभावकत्वमा वर्तमान नेतृत्व प्रतिबद्ध रहेको छ।

## ७. सांस्कृतिक सम्पत्ति संरक्षण तर्फ

- राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्म कार्यरत पूर्वकर्मचारीहरू तथा नेतृत्व, वर्तमान कर्मचारीहरू तथा नेतृत्व र आगामी दिनमा समेत कर्मचारीहरू तथा नेतृत्वबाट हुने सिर्जनशील क्रियाकलापयुक्त सांस्कृतिक सम्पत्ति संरक्षणका लागि सांस्कृतिक सम्पत्ति दस्तावेजीकरण तथा सर्वाधिकार सम्बन्धी प्रणाली, २०८१ नीतिगत प्रणाली लागू गरिएको छ।
- सांस्कृतिक संस्थान रेकर्डिङ स्टुडियो सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१ बमोजिम श्रव्यदृश्य निर्माणको कार्यलाई व्यवस्थित गरिएको छ।
- सांस्कृतिक सम्पत्ति खोज तथा छानविन समिति गठन गरी संस्थानको ऐतिहासिक गरिमा कायम राख्न सफल हराएका सांस्कृतिक सम्पत्तिको खोजी कार्य तीव्र पारिएको छ।
- पुराना स्पुल, क्यासेट, सिडि, भिसिडीलाई डिजिटाइजेशन गर्न सुरुवात गरिएको छ।

## ८. संस्थानको आय तथा आम्दानीका स्रोत विस्तार तर्फ

- नेपाल सरकार अर्थ मन्त्रालयको "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा - २०८२" को प्रतिवेदन अनुसार सामाजिक क्षेत्र अन्तर्गतका संस्थानहरू मध्ये सांस्कृतिक संस्थानको गत आ.व.को तुलनामा आ.व.२०८१/८२ मा ६९.४७ प्रतिशतका दरले आम्दानी वृद्धि भएको छ। नेपाल सरकारका सामाजिक क्षेत्रका संस्थानहरू मध्ये संस्थानको मात्रै आय वृद्धि भएको तथ्यांकले देखाएको छ।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको असल अभिभावकत्वमा संस्थानका वर्तमान महाप्रबन्धकज्यूले अगाडि बढाएको सुशासनको नीतिलाई संस्थानका कर्मचारीहरूले कर्तव्यनिष्ठ भई जिम्मेवारी वहन गर्दा संस्थानको हल आम्दानी गत आ.व.को तुलनामा दोब्बरका दरले आम्दानी वृद्धि भएको छ।
- संस्थानका वर्तमान नेतृत्वको डिजिटल युगसँगै तयार पारिएको नीति अनुरूप डिजिटल उत्पादनको शुभारम्भ गरी संस्थानको आयको स्रोत थप भएको छ।
- आ.व.२०८१/८२ बाट नीति तथा कार्यक्रम सहितको बजेट विनियोजन गर्ने प्रणालीको शुभारम्भ गरेसँगै संस्थानका थुप्रै नीति तथा कार्यक्रमहरू जस्तै : गाईजात्रा महोत्सव, मनमनमा संस्कृति-ओठओठमा हाँसो, G to G प्रणाली अन्तर्गत सहकार्यमूलक कार्यक्रम, सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम आदि उत्पादनमैत्री बनेका छन्।
- वर्षौंदेखि नीति विपरित संस्थानको प्राङ्गण प्रयोग गर्ने बेथितिलाई पूर्णतः बन्द गरी कानून सम्मत सम्बन्धित निकायसँग सम्झौता गरी संस्थानको आम्दानीको स्रोत थप गरिएको छ।
- वर्षौंदेखि निर्माण हुन नसकेका निकायगत अपरिहार्य संस्थानको रकर्डिङ स्टुडियो र सेमिनार हल आ.व.२०८१/८२ मा निर्माण भएकाले संस्थानको आम्दानीका स्रोतहरू थप भएका छन्।
- प्रशिक्षण कक्ष तथा अभ्यास कक्ष व्यवस्थित संरचना नहुँदा प्रशिक्षण तथा अभ्यास गर्न गाह्रो हुने परिस्थितिलाई मध्यनजर गर्दै व्यवस्थित संरचना निर्माण गरिएकोले यसबाट संस्थानको आय स्रोतमा थप टेवा पुग्नेछ।

- डिजिटल युगसँगै व्यावसायिक कार्यक्रमका लागि डिजिटल टिकट प्रणालीको शुभारम्भ गरिएकाले यसबाट संस्थानको आय स्रोतको मार्ग सुनिश्चित हुनेछ।
- संस्थानको इतिहासमा पहिलोपटक प्रदर्शनीयुक्त संस्कृति सम्बन्धी ISSN मान्यताप्राप्त अनुसन्धनात्मक जर्नल "संस्कृति अध्ययन" प्रकाशनमा ल्याइएको छ। जसबाट पनि आय स्रोतको मार्ग सुनिश्चित हुनेछ।

## समस्या, समाधान र निष्कर्ष

### १. संस्थानका समस्या

**(क) त्रुटिपूर्ण ऋणः**

नेपाल सरकारको पूर्ण स्वामित्व रहेको संस्थानको भवन निर्माणका लागि अनिवार्य अनुदान प्राप्त हुनुपर्ने तर वार्षिक बजेटको नाउँमा संस्थानलाई प्राप्त हुने अवकाश प्राप्त कर्मचारीलाई प्रदान गरिने नेपाल सरकारको अनिवार्य दायित्व उपदान समेत कट्टा गरी मिति २०५७/११/४ मा तत्कालीन सचिवस्तरीय निर्णय मार्फत त्रुटिपूर्ण ढंगले ऋणमा परिणत गरिएको, रु. १ करोड ५० लाख बाट सुरुवात भएको ऋण हाल साँवा, व्याज थपिँदै ३९ करोड २१ लाख ४४ हजार ३ सय ४८ रुपैयाँ पुगेको छ। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको निकायमा सरकार आफै ऋणी र आफै साहु अकल्पनीय त्रुटि हुन गएकाले संस्थानले जति आयमा वृद्धि गरेतापनि ऋण भन्ने उपमा (Tag) का कारण सधैँ समस्याग्रस्त हुनु परेको छ।

**(ख) उपदानः**

वार्षिक बजेटका नाउँमा संस्थानलाई प्राप्त हुने नेपाल सरकारको अनिवार्य दायित्व अवकाश प्राप्त कर्मचारीहरूलाई प्रदान गरिने उपदान रकम समेत पुरा सम्बोधन नहुँदा संस्थानको नीति तथा कार्यक्रममा असर तथा सम्बन्धित कर्मचारीहरूको परिवारमा विचलनको समस्या आएको छ।

**(ग) छुट्टै ऐन नहुनुः**

सांस्कृतिक संस्थान स्थापना तथा गठन सञ्चार संस्थान ऐन, २०२८ अनुसार भएको तर संस्थान संस्कृति सम्बन्धी निकाय भएकाले तालुक मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय हुने भएकाले संस्थानको आफ्नो छुट्टै ऐन नहुँदा नीतिगत रूपमा अनेक समस्या बेहोर्नु पर्ने बाध्यात्मक परिस्थिति रहेको छ।

**(घ) बजेट विनियोजन नहुनुः**

संस्थानले कर्मचारीको सेवा, सुविधा र नीति तथा कार्यक्रमका लागि आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नुपर्ने हुन्छ। नेपाल सरकारबाट संस्थानका लागि संस्कृति प्रवर्द्धन सम्बन्धी क्रियाकलापका लागि बजेट विनियोजन गर्ने परम्परा विकास नहुनु दुःखद हो।

(ङ) **संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन** (**O&M Survey**)ः

संस्थानको हालसम्मको इतिहासमा संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M Survey) मन्त्रालयबाट स्वीकृत हुन सकेको छैन ।

(**च**) **प्रशिक्षण कार्यक्रम सम्बन्धन**ः

अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन, प्रवर्द्धन, दस्तावेजीकरण, सूचीकरण तथा पुस्तान्तरणका लागि विगतदेखि संस्थानले सञ्चालनमा ल्याएको कला प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउन कार्यविधि निर्माण गरिएतापनि थप आधिकारिक बनाउन सिटिइभिटी तथा विश्वविद्यालबाट सम्बन्धन प्राप्त हुन सकेको छैन ।

(छ) **विनियमावली**ः

सांस्कृतिक संस्थानको कर्मचारी सेवा शर्त सम्बन्धी विगतका सम्पूर्ण विनियमावलीहरू संस्कृति मन्त्रालयबाट स्वीकृत भएतापनि विनियमावली, २०७८ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट स्वीकृत भएको पाइन्छ । तालुक मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट विनियमावली स्वीकृत हुन सकेको छैन ।

## २. समस्या समाधानका उपाय

(**क**) **त्रूटिपूर्ण ऋण मिनाहा**ः

संस्कृति संरक्षणको विषय हो, बेचबिखनको विषय होइन । तसर्थ संस्कृति जस्तो राष्ट्रको अस्तित्वसँग जोडिएको संवेदनशील विषयमा गम्भीरतापूर्वक ध्यानाकर्षण गरी नेपाल सरकार बाट तुरुन्तै मिनाहा  गर्नु पर्ने प्रशस्त आधारहरू रहेका छन्, जस्तै ः

विद्युत प्राधिकरणको ऋण मिनाहा गरिएको,
नेपाल खाद्य संस्थानको ऋण समाधान गरिएको,
वाणिज्य बैंक, नेपाल बैंक आदिको ऋण समाधान गरिएको,
संस्कृति सम्बन्धी नेपाल प्रज्ञा प्रतिष्ठान लगायतका विभिन्न निकायका भवन अनुदानबाट निर्मित,
संस्कृति जस्तो संवेदनशील विषयको ज्येष्ठ निकायलाई त्रुटिपूर्ण ढंगले नेपाल सरकार आफै ऋणी र आफै साहु हुनेगरी ऋण हुनु अकल्पनीय ।

(**ख**) **उपदानका लागि बजेट** ः

नेपाल सरकारको अनिवार्य दायित्व अन्तर्गत अवकाश प्राप्त कर्मचारीलाई प्रदान गरिने उपदानको वर्षौंदेखि दायित्व सिर्जना हुँदै आएकोले सो समस्या समाधान हुनेगरी नेपाल सरकारबाट प्राप्त हुने उपदान सम्बन्धी बजेटको सिलिङ वृद्धि भएमा त्यसमा आन्तरिक स्रोत समेत थप गरी उपदान समस्या समाधान गर्न सकिन्छ ।

**(ग) ऐन निर्माण :**

संस्थानको कार्यप्रकृति अनुसारको छुट्टै ऐन निर्माण गर्नु अपरिहार्य छ। छुट्टै ऐनका साथ संस्थानलाई संस्कृति विभागका रूपमा क्षेत्राधिकार दिई सञ्चालन गर्नसके संस्कृतिबाटै समृद्धिको आधार निर्माण हुनेछ।

**(घ) निश्चित माइलस्टोन सहितका नीति तथा कार्यक्रम :**

संस्कृति र प्रकृतिको संयोजनबाट सांस्कृतिक पर्यटनको विकाससँगै समृद्धिको मार्ग निर्माण गर्न निश्चित माइलस्टोन सहितका संस्कृति सम्बन्धी नीति तथा कार्यक्रमका लागि बजेट तर्जुमा अपरिहार्य छ।

**(ङ) संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M Survey) स्वीकृत :**

संस्थानको O&M हालसम्मको इतिहासमा मन्त्रालयबाट स्वीकृत भएको इतिहास भेटिँदैन। तसर्थ दक्ष सिर्जनशील जनशक्ति व्यवस्थापनका लागि स्पष्ट संरचना आवश्यक पर्ने भएकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन मन्त्रालयबाट स्वीकृत हुनु अपरिहार्य छ।

**(च) कला प्रशिक्षण सम्बन्धन :**

हाल कला सम्बन्धी अध्ययन गर्न चाहने प्रशिक्षार्थीहरूका लागि स्नातकबाट मात्रै पढ्ने व्यवस्था भएकाले संस्थानको कला प्रशिक्षण कार्यक्रमलाई कुनै विश्वविद्यालय वा सिटिइभिटीबाट सम्बन्धन प्राप्त गराई प्लस टु सरह मान्यता प्राप्त हुनेगरी व्यवस्थित गर्नसके प्रशिक्षार्थीहरूले आधिकारिक रूपमा कला सम्बन्धी अध्ययन गर्ने वातावरणको विकास हुन्छ।

**(छ) विनियमावली स्वीकृत :**

सांस्कृतिक संस्थानको कर्मचारी सेवा शर्त सम्बन्धी (संशोधन सहित) विनियमावली, २०८१ स्वीकृतिका लागि तालुक मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पेश गरिएकाले यथाशीघ्र स्वीकृत हुनसके संस्थानको नीतिगत प्रणालीमा थप सुदृढीकरण र संस्थान समृद्धि तर्फ अग्रसर हुनेछ।

## ३. निष्कर्ष

एक वाक्यांशमा भन्नुपर्दा संस्कृति भनेको मानवजातिका जन्मदेखि मृत्युसम्मका हरेक सिर्जनशील क्रियाकलापहरूको एकमुष्ट रूप हो। संस्कृतिले नै हरमानवलाई सुसंस्कृत ढंगले बाँधेको हुन्छ। नेपाल जस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधताभित्र एकता भएको देशमा संस्कृतिले नै सारा जनमनलाई राष्ट्रिय एकतामा बाँधेको छ। एक आमाले सन्ततीलाई जन्मदेखि मुत्युसम्मका हरेक क्रियाकलापहरू सभ्य ढंगले निर्वाह गर्ने संस्कृति प्रदान गर्छिन्। तसर्थ संस्कृतिको मुहान भन्नु नै आमा हुन्। राष्ट्रियताको दृष्टिकोणबाट भन्ने हो भने संस्कृति भन्नु नै नेपाल आमा हुन्, त्यसैले संस्कृतिको उपेक्षा गर्नु भनेको नेपाल आमाको अपमान गर्नु हो। नेपाल आमाको अस्तित्व संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरण गर्न स्थापनाकालदेखि हालसम्म निरन्तर प्रतिबद्ध रहेको सांस्कृतिक संस्थानको रक्षा गर्नु नेपाल सरकारको दायित्व हो। नेपालको पहिचानयुक्त लोकसंस्कृतिलाई सजीव

प्रदर्शनीका माध्यमबाट संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरण गर्ने उद्देश्यका साथ वि.सं. २०१६ सालमा स्थापित राष्ट्रिय नाचघर नाम परिमार्जन सहित वि.सं.२०२९ सालमा सांस्कृतिक संस्थानको रूपमा पुनर्गठन भएको अवधिलाई हेर्ने हो भने ६६ औं वर्षिय सांस्कृतिक विरासत जोडिएको छ। सांस्कृतिक संस्थानलाई गम्भीरतापूर्वक चिन्तन गरिनु पर्ने बेला भएको छ। राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्मको सांस्कृतिक विरासतलाई बचाउन राज्यले गम्भीर भएर सोच्नु पर्ने बेला भएको छ।

संस्थानको प्रमुख समस्या नेपालको अस्तित्व संस्कृति संरक्षण गर्ने निकाय नै संस्थानको भवन निर्माणार्थ नेपाल सरकारबाट अनिवार्य प्राप्त हुनुपर्ने अनुदान रकम त्रुटिपूर्ण ढंगले हुन गएको ऋण, उपदान दायित्व, ओ एण्ड एम तथा विनियमावली स्वीकृत नहुनु, छुट्टै ऐन नहुनु जस्ता नीतिगत समस्याका कारण मृत्युशैयामा रहन विवश छ। सांस्कृतिक संस्थानलाई छुट्टै ऐनका साथ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको संस्कृति विभागका रूपमा क्षेत्राधिकार दिई संस्कृति सम्बन्धी सम्पूर्ण नीतिगत एवम् संस्कृति प्रवर्द्धन सम्बन्धी कार्य गर्ने प्रमुख निकायका रूपमा विस्तार गर्न सक्ने हो भने संस्कृतिबाटै समृद्धि शत प्रतिशत सम्भव छ। स्मरण रहोस् तत्कालीन अवस्थामा राष्ट्रिय नाचघर नेपाल सरकारको संस्कृति विभागको रूपमा थियो।

संस्कृतिलाई सिर्जनशील कलाको माध्यमबाट अभिव्यक्त गर्नु आफैमा निकै चुनौतीपूर्ण कार्य हो। भनिन्छ, कला नभएको मानव, मानव हुन सक्दैन। यसैपनि संस्कृति आफैमा संवेदनशील र व्यापक अर्थ बोकेको विषय हो। त्यसैमा संस्कृति भित्रको कला भन्ने विषय आफैमा ओजपूर्ण संवेदनशील पक्ष हो। मानवको विभिन्न व्यवहार, सोच, विचार, भावना, काल्पनिक शक्ति, क्षमता, सीप तथा बौद्धिकताबाट उत्पन्न हुने सिर्जनशील एवम् रचनात्मक अभिव्यक्ति हो - कला। अलौकिक एवम् अद्भुत शक्तिका रूपमा सौन्दर्यमय, आनन्दमय, अमृतमय तथा सुखमय क्षणको एक द्योतक पनि हो - कला। हरेक मानवमा जन्मदेखि मृत्युसम्मका विभिन्न क्रियाकलाप मध्ये कुनै न कुनै कला हुन्छ नै तर कलाभित्रको उच्चकोटिको  कला मध्ये संगीत (गायन, वादन, नृत्य) तथा नाट्य अभिनयलाई मानिन्छ। ठूलो त्याग र साधना पछि प्राप्त हुने संगीत तथा नाट्य अभिनय सम्बन्धी कला जो कोही मानवमा हुन सक्दैन।

संस्कृतिभित्रको सिर्जनशील कला मार्फत सजीव प्रदर्शनी गरी संस्कृति संरक्षण सहित संस्कृतिबाटै समृद्धिको आधार निर्माण गर्ने अभिभारा बोकेको संस्थानमा नेतृत्व नियुक्तिलाई नेपाल सरकारले विशेष ध्यान दिनुपर्ने देखिन्छ। संस्थानको इतिहासलाई गम्भीरतापूर्वक हेर्ने हो भने जो संस्कृति सम्बन्धी ज्ञान भएको तथा सिर्जनशील कलासँग सम्बद्ध रहेको व्यक्ति नियुक्त भएको थियो, उसकै कार्यकालमा मात्र संस्थानको हित सम्बन्धी क्रियाकलाप सम्पन्न भएको स्पष्ट देखिन्छ। त्यसैले राजनीतिक तर्फबाट नियुक्ति हुने प्रणाली भएतापनि सम्बन्धित क्षेत्रको विषय विज्ञता, अनुभव र योग्यतालाई प्राथमिकता दिई स्वस्थ प्रतिष्पर्धाबाट नियुक्ति गरिने प्रणालीको विकास हुनु अपरिहार्य देखिन्छ। साथै संस्थानमा कर्मचारीहरू नियुक्ति गर्दा समेत संस्थानको मूल मर्म र उद्देश्य केन्द्रित रही नेपालको अस्तित्व लोकसंस्कृतिभित्रको प्रदर्शनीयुक्त कला सम्बन्धी क्रियाकलाप गर्न शत प्रतिशत न्याय दिने र नेपाली समाजले सामाजिक तथा सांस्कृतिक रूपान्तरणसँगै अंगीकार गरेको संस्कृति सम्बन्धी विषय विज्ञ कर्मचारीहरू मात्रै नियुक्त गर्ने प्रणालीको विकास गरिनु अपरिहार्य छ।

# सांस्कृतिक संस्थानको दीर्घकालीन सोचः "संस्कृति+ प्रकृति+जनशक्ति+समृद्धि"



'संस्कृति, प्रकृति र जनशक्ति' बीच सुन्दर समायोजन गर्नसके मात्र नेपाल जस्तो संस्कृति र प्रकृतिको धनी देशमा सांस्कृतिक स्रोत, प्राकृतिक स्रोत र मानवीय स्रोतको उचित संयोजन मार्फत समृद्धि सम्भव छ। अर्थात अभौतिक र भौतिक सांस्कृतिक सम्पदालाई दक्ष जनशक्तिद्वारा सही ढंगले समायोजन र सदुपयोग गर्नसके सांस्कृतिक पर्यटनको विकास र संस्कृतिबाटै समृद्धि सम्भव छ। सर्वप्रथम त संस्कृतिलाई बुझ्ने चिन्तनको समाजमा विकास हुनु अपरिहार्य छ। संस्कृति के हो र संस्कृतिप्रतिको सोच, चिन्तनको हरेक नेपालीमा विकास हुन नसक्नु नै आजको प्रमुख समस्या हो। संस्कृति भन्नाले सामान्य रूपमा नाचगान भनेर बुझ्ने नेपाली समाजको सोचलाई विस्तार गर्नु पहिलो आधारभूत शर्त हो। संस्कृति यति विशाल छ कि जसलाई परिभाषित गर्दा उपन्यास नै बन्छ। सामान्यतः अभौतिक सांस्कृतिक

सम्पदा भन्नु जन्मदेखि मृत्युसम्मका सम्पूर्ण क्रियाकलाप, भौतिक सांस्कृतिक सम्पदा भन्नु प्रकृति तथा मानव निर्मित हरेक संरचना भएकाले अभौतिक सांस्कृतिक सम्पदा र भौतिक सांस्कृतिक सम्पदाको योग नै संस्कृति हो । संस्कृति संरक्षण सहित उत्पादन तर्फ जोड्ने स्पष्ट राज्यनीति निर्माण गर्नु आजको प्रमुख अपरिहार्यता हो ।

अमूर्त र मूर्त सांस्कृतिक सम्पदालाई दक्ष सिर्जनशील युवा जनशक्तिबाट सही ढंगले उत्पादनमैत्री क्रियाकलापमा जोड्ने स्पष्ट राज्यनीति निर्माण हुने हो भने संस्कृतिबाटै नेपाल समृद्ध बन्नेछ । किनकी सांस्कृतिक पर्यटनका लागि नेपाल उपयुक्त गन्तव्य हो । नेपालको अस्तित्वको कुरामा, संस्कृतिजस्तो संवेदनशील कुरामा राजनीतिकरण नगरी नेपालको खजाना भौतिक-अभौतिक सांस्कृतिक सम्पदाको सदुपयोगबाट नेपालीलाई आत्मनिर्भर, स्वरोजगार बनाउने साझा नीति तथा कार्यक्रम बनाई लागू गर्नु राज्य र राज्यका संस्कृति सम्बन्धी निकायहरूका अनिवार्य शर्त हो ।

कुनै पनि राष्ट्रको अस्तित्व त्यस राष्ट्रको संस्कृतिभित्र हुन्छ। संस्कृति नरहे कुनैपनि राष्ट्र रहन सक्दैन। सिर्जनशील कला भएका सिर्जनशील प्राणीहरूले नै जनताका सुख, दुःख, आरोह-अवरोह एवम् जीवनमृत्यु पर्यन्त हरेक क्रियाकलापलाई सिर्जनशील कलाको माध्यमबाट नवजागरण पैदा गर्न, सामाजिक सद्भाव तथा राष्ट्रिय एकताका विचारहरू एवम् भावनाहरू अभिव्यक्त गरी देशमा सभ्य संस्कृति निर्माण गरी सम्पूर्ण जनतालाई एकताबद्ध भई आत्मनिर्भर हुने सन्देश सम्प्रेषण गर्दछन्। सिर्जनशील कलालाई सजीव रूपमा प्रदर्शन गर्ने नेपाल सरकारको एकमात्र ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले सिर्जनशील कला, सिर्जनशील प्राणी र समग्र संस्कृतिको अस्तित्व रक्षार्थ नीति तथा कार्यक्रम तर्जुमा गर्न सदा प्रतिबद्ध छ। संस्कृति संरक्षणका लागि सिर्जनशील कला मार्फत नवजागरण प्रवाह गर्दै संस्कृतिलाई उत्पादनतर्फ जोड दिई सांस्कृतिक उत्पादन, सांस्कृतिक पर्यटन र डिजिटल उत्पादनतर्फ अग्रसर भई सांस्कृतिक उद्योगको विकास गरी आर्थिक समृद्धिको मार्ग तय गर्ने दीर्घकालीन लक्ष्यमा संस्थान सदा प्रतिबद्ध छ।

अनेकन् समस्याले ग्रस्त संस्थानमा पछिल्लो समय आशाका उषा किरणहरू उदाएका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको असल अभिभावकत्वमा महाप्रबन्धक श्री किरण बाबु पुन र संस्थानका कर्मचारीहरूले कर्तव्यनिष्ठ भई जिम्मेवारी वहन गर्दा गत आ.व.को तुलनामा यस आ.व.मा आयमा वृद्धि भएको छ। कुनैपनि कार्य परिणाममुखी हुनको लागि सर्वप्रथम त सही वातावरण नै आधारभूत आवश्यकता हो। संस्थानको हितका लागि संस्कृतिप्रतिको चिन्तनलाई गहिरो ढंगले बुझ्नसक्ने असल अभिभावकको खाँचो भएको परिवेशमा संस्कृतिलाई राम्रोसँग बुझ्नसक्ने र संस्थानलाई माथि उठाउन सुशासन स्थापनाको लागि उपयुक्त वातावरण निर्माण गरिदिने माननीय मन्त्री ज्यू जस्तो अभिभावक पाउनु नै संस्थानको लागि गौरवको पक्ष हो । संस्थानका कर्मचारीहरूको तलब भत्ता र नीति तथा कार्यक्रमका लागि मुख्य स्रोत नै हल आम्दानी भएकाले हल चुहावटलाई निस्तेज पार्न माननीय मन्त्रीज्यूले निभाउनु भएको असल अभिभावकत्व प्रति हामी आभार प्रकट गर्दछौं । सुशासन स्थापना गरेकै कारण निकायगत ढंगले अपरिहार्य वर्षौंदेखि निर्माण गर्ने भनी निर्णयमै सीमित रहेका सेमिनार हल र रेकर्डिङ स्टुडियो निर्माण गरी उत्पादनको स्रोतको रूपमा थप भएको छ। डिजिटल युगसँगै तयार पारिएको नीति अनुरूप संस्थानका गतिविधिलाई डिजिटल उत्पादनमा जोड्ने कार्यको शुभारम्भ गरी संस्थानको आयको स्रोत थप भएको छ। त्यस्तै संस्थानमा थुप्रै उत्पादनमैत्री नीति तथा कार्यक्रमहरू तय गरी सम्पन्न गरिएकाले आय स्रोतमा वृद्धि भएको छ। अन्ततः संस्थानमा यस्तै असल अभिभावकत्वको निरन्तरता भएमा र संस्थानको नेतृत्वले सुशासन स्थापना गरी नेतृत्व तथा कर्मचारीहरू जतिसुकै बाधाअड्चन आएपनि विचलित नभई निष्ठापूर्वक जिम्मेवारी वहन गर्नसके संस्थान आत्मनिर्भर सहित संस्कृतिबाटै समृद्धिको आधार दिशाबोध संस्थानबाटै हुनेछ।

# सांस्कृतिक पर्व माघे संक्रान्तिको अवसरमा मगर समुदायले आयोजना गरेको "माघे सकराती, २०८१" मा सांस्कृतिक संस्थानको विशेष प्रस्तुतिसँगै भव्यताका साथ सम्पन्न

**२०८१ माघ १, टुडिँखेल, काठमाडौँ**

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता भित्र एकता भएको राष्ट्र हो। एकताको सन्देश विभिन्न सांस्कृतिक चाडपर्व मार्फत झल्किएको हुन्छ। सांस्कृतिक विविधता भित्र एकताको अलौकिक सङ्गम एउटै नामको पर्वलाई पनि विभिन्न भेग र समुदायमा विभिन्न ढङ्गले मनाउने प्रचलन हुनु पनि हो। यसको उदाहरण माघे संक्रान्ति पर्व हो । यस पर्वलाई विभिन्न जातिले फरकफरक नाम दिएको पाइन्छ, जस्तैः मगर जातिले माघे वा माघ्या, थारु जातिले माघी। मगर, थारू लगायत थुप्रै जनजातिले विशेष रूपमा मनाउने माघे संक्रान्ति पर्वलाई नेपालको हिमाल, पहाड, तराई एवम् सातै प्रदेशमा बसोबास गर्ने सबै जाति एवम् सम्पूर्ण नेपालीले आ-आफ्नो परम्परा अनुसार मनाउने गरेको पाइन्छ।

ज्योतिषशास्त्र अनुसार सूर्यले धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने हुनाले यस पर्वलाई मकर सङ्क्रान्ति भनिन्छ। सूर्यको उदय बिन्दू दक्षिणदेखि उत्तरतर्फ सर्ने भएकोले यस दिनबाट उत्तरायण सुरू हुन्छ। उत्तरायणको अवधिमा तुलनात्मक रूपमा दिन लामा हुने र तापक्रममा बृद्धि भई विस्तारै गर्मी मौसमको प्रारम्भ हुने गर्दछ। माघे संक्रान्तिका दिन विशेष गरी तरुल, पिँडालु, सेल रोटी, खिचडी, खुँदो, चिउरा, घिउ, चाकु लगायत विभिन्न परिकार खाने गरिन्छ। धार्मिक र सांस्कृतिक मात्र नभई वैज्ञानिक दृष्टिकोणबाट पनि यस पर्वको महत्त्व रहेको छ। माघेसंक्रान्ति जनजातिसँग विशेष सम्बन्ध राख्ने पर्व भएकोले यसबाट राष्ट्रिय एकता र सद्भावको सन्देश सम्प्रेषण हुने गरेको पाइन्छ।

नेपाल मगर संघले काठमाडौँको टुँडिखेलमा माघे सकराती २०८१ भव्य रूपमा मनाएको छ। कार्यक्रममा सभाध्यक्ष




शुभकामना मन्तव्य दिनुहुँदै संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू

श्री ज्ञानेन्द्र पुन मगर, प्रमुख अतिथि नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय श्री पृथ्वी सुब्बा गुरुङ ज्यू हुनु हुन्थ्यो । सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन, वरिष्ठ संस्कृतिविद् श्री बम कुमारी बुढा मगर, वरिष्ठ नृत्य शास्त्री श्री भैरव बहादुर थापा, राष्ट्रिय सभा सदस्य मा. श्री सुरेश कुमार आले मगर, निवर्तमान अध्यक्ष एवम् अन्तर्राष्ट्रिय मगर महासंघका अध्यक्ष श्री नविन रोका मगर लगायतको विशिष्ट आतिथ्यता रहेको थियो । थुप्रै शिष्टविशिष्ट पाहुनाको आतिथ्यता रहेको कार्यक्रममा कार्यक्रम सञ्चालक महासचिव टेक बहादुर नाम्जाली मगर, स्वागत मन्तव्य सहअध्यक्ष गंगा खासु मगर, लखन थापा सांस्कृतिक सङ्ग्रहालय विशेष मन्तव्य सहअध्यक्ष गंगा बहादुर थापा मगर, विशेष शुभकामना मन्तव्य विशिष्ट अतिथिहरूको रहेको थियो । प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय श्री पृथ्वी सुब्बा गुरुङज्यूले माघे सकरातीको शुभकामना दिँदै मगरहरुको सांस्कृतिक पर्व माघे सकरातीको संरक्षण तथा प्रवर्द्धन हुनुपर्ने तर्फ जोडदिँदै मगर समुदायको समृद्धिको लागि सरकारले विशेष पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

सो कार्यक्रममा सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले मगर संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि नीतिगत रूपमा अगाडि बढ्नुपर्ने तर्फ जोडदिँदै मगर संघका नीति तथा कार्यक्रमहरू मगर संस्कृति संरक्षण, संवर्द्धन, दस्तावेजीकरण सहित सूचीकरणका लागि तय गरिनुपर्ने भन्दै त्यसका लागि नेपाल सरकारको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानको विशेष साथ रहने प्रतिबद्धता व्यक्त गर्नु भयो । कार्यक्रममा चेली पूज्ने संस्कृतिदेखि विभिन्न अमूर्त संस्कृतिहरू प्रदर्शन गरिएको थियो भने सांस्कृतिक संस्थानका कलाकारहरूको पनि सहभागीता रहेको थियो । जस अन्तर्गत गायक श्री विपिन घिमिरेको प्रस्तुतिले थप आकर्षण बढाएको थियो । माघे सकराती २०८१ को लक्ष्य माघे सकराती पर्वको संरक्षण सहित पुस्तान्तरण, मगर हकहितको रक्षार्थ आवाज सम्प्रेषण, मगर अमूर्त संस्कृतिको संरक्षण तथा पुस्तान्तरण एवम् प्रथम सहीद लखन थापा सांस्कृतिक सङ्ग्रहालय निर्माणका लागि सहयोग अपिल पनि रहेको थियो । उक्त कार्यक्रम मार्फत वरिष्ठ नाट्यशास्त्री श्री भैरव बहादुर थापाज्यूलाई नेपाल मगर संघले सम्मान गरेको थियो ।

माघे संक्रान्तिलाई मगर समुदायले माघे सकराती, माघ्या सकराटी, माघे संकराई आदि नाम दिएर मनाउने गरेको छ । मगर समुदायले माघे सकरातीलाई आदिवासी एवम् मुलवासी भएको प्रतीकका रूपमा सिकारी युगको झल्को दिने विभिन्न संस्कृति एवम् चेली पूजा गर्ने संस्कृति प्रस्तुत गर्दै मनाउने गरेको छ । वि.सं.२०६५ सालमा नेपाल सरकारले माघे संक्रान्ति

पर्वलाई मगरहरूको राष्ट्रिय मौलिक चाडका रूपमा मान्यता दिएसँगै यो पर्व मगरको प्रमुख सांस्कृतिक चाड भएको सर्वमान्य भएको पाइन्छ । साथै यस पर्वको अवसरमा नेपाल सरकारले सार्वजनिक बिदा दिँदै आएको छ ।

डा.मीन श्रीस मगरका अनुसार मगर संस्कृति अनुसार वर्षायाममा लगाइएको बालीनाली हिउँदयाममा पाक्छ । नयाँ अन्नबाट बनाइएको खिचडी, सेलरोटी, बारा आदि परिकार बनाइन्छ । तरुल, पिँडालु जस्ता परिकार पनि बनाइन्छ । मगरहरूले चेली सत्कारको पर्व वा चेली पूज्ने पर्वका रूपमा माघे सकरातीलाई लिने गरेको छ । माघेसंक्रान्तिका बेला चेलीबेटीलाई निम्तो गरेर मीठो खानेकुरा खुवाउने र टीका लगाई दिएर दक्षिणा दिने चलन छ । यसले दाजुभाइ र दिदीबहिनीका बीचमा प्रेम, सद्भाव, विश्वासको वातावरण तय गर्ने एउटा महत्वपूर्ण पर्वका रूपमा रहेको छ । यस चाडमा दाजुभाइले बिहे गरेर गइसकेका दिदीबहिनीलाई निम्ता दिन्छन् । माइत आएका दिदीबहिनीले सकरातीको दिन बिहानै नुहाइ धुवाई गरेर पँधेराबाट ल्याएको चोखो पानी र जौको जमराले घरको धुरीखाँबो पूज्ने गरिन्छ । त्यसपछि चेलीहरूलाई दाजुभाइले चामलको सेतो टीका र जौको जमरा लगाई दिएर दक्षिणासँगै मिस्री दिने गर्छन् । छोरीचेलीलाई दिइने तरुल, गिठा, भ्याकुर, पिँडालु, रोटी, खिचडी लगायतको




प्रस्तुति दिनुहुँदै संथानका कलाकार श्री विपिन घिमिरे ज्यू

परिकारलाई मिम्रा भनिन्छ । मगर समुदायले वर्षभरीको समयलाई दुई भागमा विभाजन गरी माघे संक्रान्तिदेखि असार मसान्तसम्म उभेली र साउने संक्रान्तिदेखि पुस मसान्तसम्म उधेलीका रूपमा लिने गरेका छन् । उभेली सुरु हुनुलाई नै मगरहरूले नयाँ वर्ष आरम्भको मान्यता दिने गरेको पाइन्छ । त्यसैले माघे सकरातीलाई मगर समुदायले नयाँ वर्षको रूपमा समेत मनाउने गरेको पाइन्छ । मगर संस्कृतिमा माघे संक्रान्तिको बेला तारो हान्ने खेल खेलिन्छ । प्रतियोगिता जित्नेलाई विभिन्न पुरस्कार दिइन्छ । पहिले पहिले तारो हान्ने खेल जितेर सालीलाई विवाह गर्ने समेत चलन थियो । कतिपय ठाउँमा तरुनीले तन्नेरीलाई निसाना बनाएर तारो हान्न चुनौती दिएर विवाह गर्ने शर्त राख्थे । तारो हान्ने बाजी जितेर विवाह भएका धेरै उदाहरण मगर समुदायमा पाइन्छ । तारो खेलले मगरहरू सिकारी जाति भएको संकेत दिन्छ । प्राचीन तथा मध्यकालमा बाबुबाजेले आफ्ना सन्तानलाई धनुकाँड चलाउन सिकाउने गरेको र कालान्तरमा त्यो खेलका रूपमा विकसित भएको पाइन्छ । सिकारी युगमा विभिन्न जनावरको सिकार गर्न र खतरनाक जनावरको आक्रमणबाट बच्न धनुकाँड चलाउने गरिन्थ्यो । धनुकाँड चलाउने सीप अघिल्लो पुस्ताले पछिल्लो पुस्तालाई सिकाउने चलन थियो । जुन माघे संक्रान्तिकै आसपासमा हुन्थ्यो । त्यसैकारण पछि आएर माघे सकरातीमा मगर समुदायमा खेलिने एउटा महत्त्वपूर्ण खेलका रूपमा यसको विकास भएको मान्यता छ ।

वरिष्ठ संस्कृतिविद् बम कुमारी बुढामगर (२०६५: १७-३१) का अनुसार मगर जातिले परम्परागत रुपमा दुई वटा ऋतु मान्ने गर्दछन् । ती ऋतुलाई उधेली र उभेली भनिन्छ । दुईवटा ऋतु सावनदेखि पुषसम्म उधौली र माघदेखि असारसम्म उभौली ६/६ महिनाको दुई ऋतु मान्यता रहेको छ । किंवदन्ती अनुसार उधेली ऋतुमा गायन,

वादन, नृत्यजस्ता संस्कृतिका रसहरू प्रदर्शन गर्न मिल्ने तर उभेली ऋतुमा प्रदर्शन नहुने मगर जनविश्वास रहेको छ। जव उधेली ऋतु सुरु हुन्छ, मगरहरूको प्रमुख बाजा मादल बाजा विधिवत रूपमा फुकाएर पूजा गरी बजाइन्छ। साउन १ गते साउने संकराई (साउने संक्रान्ति) का दिन भूमिको पूजा गरी मादल बाजा फुकाई ओखला पूजा गरी गायन, वादन र नृत्यको शुभारम्भ गरिन्छ। उभेली ऋतुको सुरुवातसँगै माघ १ गते माघे संकराई (माघेसंक्रान्ति) का दिन गायन, वादन र नृत्यजस्ता संस्कृतिका रसहरू प्रदर्शन गरी मगर बाजा मादललाई मान चाला बजाएर ध्वजा टंगाई विधिवत रूपमा बन्द गर्ने गरिन्छ। सहभागी कलाकारहरुको प्रतीकको रुपमा माघे संक्रान्तिको दिनमा व्याउली (पुतली) बनाएर जलाइन्छ। व्याउली (पुतली) जलाउने ठाउँमा युवतीहरुले वनभोजको आयोजना गरी दाजुभाइबाट विहानै खिञ्चरी भाग खाई वनभोजमा सामेल हुन्छन्। जहाँ उधेली ऋतुभरी ६ महिना सम्मको रसरङ्गको संस्मरण स्वरुपमा विधिवत रुपले नाच समापन गरीएको संस्कृति हो। जसलाई व्याउली हिप्न्या (पुतली पोल्ने) भनिन्छ। माघे सकराती मनाउने शैली र खानाका परिकारहरूका आधारमा यो चाडको विकास सिकारी युग (hunting gathering age) मा भएको बुझिन्छ। माघे सङ्क्रान्तिमा धनुवाण खेल्ने, वनजंगलमा गएर तरुल, गिठा-भ्याकुर जस्ता कन्दमूल संकलन गर्ने परम्पराले सिकारी युगको झल्को दिन्छ भने बारीमा उम्रेका जौंका मुना (झोप्ल्यानी) उखेलेर पितृलाई चढाउने तथा मानिसले सिउरिने र दहीचामलको सेतो टीका लगाउने चलनले सिकारी युगबाट भर्खर कृषियुगमा प्रवेश गरेको समयलाई प्रतिविम्बित गर्दछ। रुकुमका मगरहरूले माघे सङ्क्रान्तिमा सिस्नो खेल्ने परम्पराले पनि सिकारी युगलाई नै संकेत गर्दछ। सिस्नोको जरा खान आएको बँदेललाई सिकार गर्ने क्रममा सिस्नोको झाङ हुँदै भागदौड हुने घटनालाई प्रतिविम्बित गर्न यो खेल वर्तमान समयमा मनोरञ्जनको माध्यम बनेको देखिन्छ। यसरी यी संस्कृतिबाट हेर्दा माघे सकरातीको प्रारम्भ मगर जातिबाटै भएको मान्न सकिने उहाँको तर्क छ।

मगर समाजमा माघे सङ्क्रान्तिलाई उभेलीको पहिलो चाड वा नयाँ वर्षको रूपमा मनाउने गरिएको पाइन्छ। मगरहरूले विशेषतः सांस्कृतिक चाडको रूपमा मनाउने गरेपनि कुलपितृको पूजा स्मरण गर्ने आफ्नै खाले धार्मिक विश्वास र मान्यता रहेको छ। मगर समाजमा हरेक चाडवाड एवम् संस्कारजन्य कार्यहरूमा सर्वप्रथम आफ्नै कुलपितृ र स्थानीय देवदेवीको आराधना गर्ने परम्परा रहेको पाइन्छ। माघे सङ्क्रान्तिको बिहानै स्नान गरी घर-आँगन सरसफाई गरेपछि कुलपितृलाई धूप, दीप, जल, ध्वजा र प्रसाद चढाएर सुख, शान्ति, सम्बृद्धि र सुस्वास्थ्यको निम्ति कामना गरिन्छ। डा.मीन श्रीस मगरका अनुसार बागलुङ गलकोट खुवाक्षेत्रका मगर हरूले पितृको नाउमा माघेको पातमा सुकुटी र घिउमा फुराएको चामल राखेर अगेनाको नजिक अम्टोमा र छानामा घुसार्ने गर्दछन्। गण्डकी प्रश्रवणक्षेत्रको मगर समाजमा माघेसक्रातिको विहानै घरमुलीले खोला वा पँधेरामा गएर स्नान गरी केराको पातमा एक/एक मुठी चामल र मासको दाल, अदुवाको टुक्रा, सिद्रा, फलफूल र जाँडरक्सी सात ठाउँमा राखेर धूपदीप सहित पितृलाई चढाउने चलन छ, जसलाई 'मुठी याहाके' (मुठी दिने) वा 'डी डाके' (पानी चढाउने) भनिन्छ। वरिष्ठ संस्कृतिविद् बम कुमारी बुढामगरका अनुसार रुकुम रोल्पाको मगर समाजमा छोरीचेलीहरूले बिहान स्नान गरी बारीमा उम्रेका जौंको झोप्ल्यानी (फूलको रूपमा प्रयोग गरिने जौंको पात) र दही चामलको सेतो टीकाले पँधेरो, धुरीखाँबो र अगेना पूजा गरी घर परिवारका सबै सदस्यहरूलाई टीका लगाइदिन्छन्। त्यसपछि छोरीचेलीहरूलाई मिसरा (चामल, तरुल, पिडालु, दाल र पैसा) दिइन्छ। माघे सङ्क्रान्तिका दिनमा गरिने यस प्रकारका रीथिथितिलाई मगर जातिको पितृ र प्रकृति पूजक धार्मिक परम्परा र मान्यताको रूपमा लिन सकिन्छ। माघे सकरातीको समयमा पिडालु, तरुल, अदुवा जस्ता कन्दमुलहरू एवम् मास, सिमी जस्ता गेडागुडी तयार हुने भएकाले नै मुख्य परिकारको रूपमा प्रयोग गरिएको पाइन्छ। माघे सकरातीमा तरुल खाएमा शरीरका रोगव्याधी पखालिने र वर्षभरी नै रोग नलाग्ने विश्वास पनि लिइन्छ।

# सांस्कृतिक संस्थान विशेष समारोह तथा सम्मान कार्यक्रम २०८१ सभ्य–भव्य रूपमा सम्पन्न



८ माघ २०८१ काठमाडौं ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको प्रमुख आतिथ्यतामा "सांस्कृतिक संस्थान विशेष समारोह तथा सम्मान कार्यक्रम २०८१" सभ्य-भव्य रूपमा सम्पन्न भएको छ । मिति २०८१ साल माघ ८ गते मंगलबारका दिन सांस्कृतिक संस्थानको आयोजनामा संस्थानकै मेगा प्रेक्षालयमा सो कार्यक्रम सम्पन्न भएको हो । सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको १ वर्षे कार्यकाल पुरा भएको अवसरमा आयोजित सो समारोहमा मिति २०८० माघ ८ गतेदेखि मिति २०८१ माघ ८ गतेसम्म एक वर्षको समयमा गरिएका प्रमुख उपलब्धिहरू समावेश गरिएको बुलेटिन पत्रिका "नेपाली संस्कृति" वर्ष २५, अंक २ माननीय मन्त्रीज्यूको हातबाट विमोचन गरिएको थियो । सोही कार्यक्रम मार्फत निकायगत रूपमा सिर्जनशील क्रियाकलापका लागि अपरिहार्य रहेको लोकगीत, लोकधून, लोकनाट्य पार्श्व श्रव्य सामग्री तथा समग्र नेपाली संस्कृति सम्बन्धी श्रव्य सामग्री उत्पादन र व्यावसायिक रूपमा उत्पादनमैत्री क्रियाकलाप गर्ने उद्देश्यका साथ संस्थानको नवनिर्मित सांस्कृतिक संस्थान रेकर्डिङ स्टुडियोको पनि माननीय मन्त्री ज्यू बाट समुद्घाटन सु-सम्पन्न गरिएको थियो । प्रत्येक महिनाको अन्तिम शुक्रबार बाह्रै महिना नियमित रूपमा प्रदर्शन गर्ने



उद्देश्यले सात प्रदेशको संस्कृति तथा हास्य रस समिश्रण सहितको स्वस्थ मनोरञ्जनमूलक सांस्कृतिक कार्यक्रम "मन-मनमा संस्कृति, ओठ-ओठमा हाँसो" समेत माननीय मन्त्री ज्यू बाट समुद्घाटन गरिएको थियो ।

उक्त कार्यक्रम मार्फत राष्ट्रिय व्यक्तित्वहरू कलाकार, समाजसेवी र विभिन्न संघसंस्थालाई सम्मान गरिएको छ । लोकप्रिय हास्य कलाकार सुरेन्द्र केसी (मुला साग), शिव शंकर रिजाल (जोगिन्दर), राजा राजेन्द्र पोखेल,



सुबोध गौतम (एदुमे) र दिनेश काफ्ले (हाउडे दाइ) को रोचक प्रस्तुति रहेको थियो । लोकप्रिय गायक/गायिका शर्मिला गुरुङ र रामजी खाँणले आफ्ना चर्चित गीतहरू प्रस्तुत गरेका थिए । कार्यक्रममा संस्थानका कलाकारद्वारा राष्ट्रप्रेमले ओतप्रोत प्रस्तुति तथा लघु नाटिका 'अछोप' प्रस्तुत गरेका थिए भने सात प्रदेशको प्रतिनिधित्व हुने गरी भुमे (नाम्क) नाच, भुओ नाच, कौरा नाच, साकेला जस्ता संस्कृति प्रदर्शन गरिएको थियो । साथै कार्यक्रममा रैथाने कृषि उत्पादन समेत प्रदर्शनी गरिएको थियो । कार्यक्रममा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति माननीय श्री नारदमणी हार्तम्छाली ज्यूको विशिष्ट आतिथ्यता रहेको थियो भने नेपाल सरकारका विभिन्न निकाय



प्रमुखहरू, नेपाल सरकारका श्रीमान् सचिव, सहसचिव, उपसचिव, विभिन्न संघसंस्था प्रमुख, समाजसेवी आदिको आतिथ्यता रहेको थियो । उक्त कार्यक्रममा दर्शकहरूको बाक्लो उपस्थितिले मेगा प्रेक्षालय भरिएको तथा सिटको समेत अपुग भएको थियो ।

सो समारोहमा प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूले कार्यक्रम अत्यन्तै उत्कृष्ट भएको भन्दै सिर्जनशीलतालाई निरन्तरता दिनुपर्ने, काम, कर्तव्य, जिम्मेवारीलाई व्यावहारिकता दिनुपर्ने तर्फ जोड दिनुभयो । मन्त्रालयको संस्कृति सम्बन्धी पुरानो इतिहास बोकेको संस्थानको विरासतलाई कायम राख्न संस्थानले अझै सिर्जनशील क्रियाकलाप गर्न शुभकामना दिँदै संस्थानको अभिभावकीय भूमिकामा कहिल्यै कमी नहुने बताउनु भयो । संस्थानको उपलब्धिमूलक बुलेटिन 'नेपाली संस्कृति' विमोचन, नियमित प्रदर्शन गरिने कार्यक्रम ' मनमनमा संस्कृति, ओठओठमा हाँसो' र संस्थानको रेकर्डिङ स्टुडियो समुद्घाटन गर्दै नियमित कार्यक्रम समाज जागरणको उदाहरण बन्न सकोस् भन्ने शुभेच्छा एवम् सात प्रदेशको संस्कृति दस्तावेजीकरणका साथै उत्पादनमैत्री क्रियाकलापका निम्ति रेकर्डिङ स्टुडियो कोशेढुंगा सावित होस् भन्ने शुभकामना व्यक्त गर्नुभयो । संस्थान नयाँ-नयाँ सिर्जनशील क्रियाकलाप मार्फत सभ्य संस्कृति निर्माण र संस्कृतिलाई समृद्ध देश निर्माण गर्न तर्फ अग्रसर हुनुपर्ने बताउँदै, संस्थानको रेकर्डिङ स्टुडियो समुद्घाटन गर्दै उहाँले शुभकामना सन्देश समेत आफ्नो आवाजमा रेकर्डिङ समेत गर्नुभयो । साथै संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनले राखेका संस्थानका नीतिगत समस्याको समाधानको लागि आफू प्रतिबद्ध रहेको भन्दै छिट्टै एउटा निष्कर्ष दिने बताउनु भयो ।

कार्यक्रममा महाप्रबन्धक श्री किरण बाबु पुन ज्यूले विशेष सम्बोधन गर्नु हुँदै आफ्नो १ वर्षे कार्यकालको समीक्षा गर्दै आफूले भोगेका कुराहरूसँगै प्रमुख उपलब्धि बारे



बताउँदै गर्दा उहाँले प्रस्तुत गरेको गजलरूपी भावनाले उपस्थित जनमनलाई भावुक बनाएको थियो । सम्बोधनमा सांस्कृतिक संस्थानका समस्या, चुनौती, सम्भावना तथा दीर्घकालीन सोच बारे प्रष्ट पारिएको थियो । उहाँले आफ्नो कार्यकालको सारलाई एउटा भावना मार्फत यसरी पोख्नुभयो :-

*मैले संस्कृति बचाउनु पर्छ भन्दा, बेच्नु पर्छ भन्नेहरू भेटें*
*मैले सुशासनको दियो बाल्दा, निभाउन तैनाथ बन्नेहरू भेटें*

*मृत्युशैयाका संस्थान र कर्मचारीको हितमा नीति बनाउँदा,*
*षड्यन्त्र अनि प्रपञ्चका चक्रव्यूह रच्दै जरो खन्नेहरू भेटें*

*संस्कृति भन्नु नेपाल आमा, राष्ट्रियताको दृष्टिबाट हेर्न सके,*
*तर संस्कृतिलाई उपभोग्य साधनको रूपमा गन्नेहरू भेटें*

*ओ एण्ड एम, विनियमावली, ऋण, उपदान जस्ता समस्या,*
*कहिले पाउँछु भन्न समाधान गरिदिने विद्वान् धन्नेहरू भेटें*

महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले आफ्नो धारणा राख्दै १ वर्षे कार्यकालमा आफूले देखेको, भोगेको सारमा भन्नु पर्दा केही गर्न कठोर बन्नै पर्दो रहेछ । तर कठोरपनबाट निष्पत्ति हुने जुन राम्रो पक्ष छ, त्यो हामी देख्दैनौं मात्रै कठोरपनलाई देख्छौं । किनकी हामीमा यस्तो संस्कृतिको विकास भएको छ, कि हामी नकारात्मक




चिन्तनमा नै अभ्यस्त भएका छौँ जसबाट उन्मुक्ति हुन हामी चाहदैँनौं । वास्तवमा संस्कृति जस्तो संवेदनशील विषयमा गहन चिन्तन राख्ने जो कोही पनि सुशासनको लागि कठोर बन्नु अपरिहार्य छ । हरमानवका लागि संस्कृति सम्प्रेषण गर्ने पहिलो पाठशाला आमा हुन्, आमा नै संस्कृति हुन् जसले आफ्नो सन्ततिलाई सभ्य संस्कृति दिन्छिन्, यसर्थ राष्ट्रियताको दृष्टिकोणबाट हेर्ने हो भने संस्कृति भन्नु नेपाल आमा हुन् किनकी हरेक राष्ट्रको अस्तित्व संस्कृतिमै निहित हुन्छ । यो संवेदनशील विषयको वकालत गर्ने निकायको नेतृत्व गर्दै गर्दा संस्कृतिको रक्षार्थ कठोर बन्नु मेरो कर्म हो जिम्मेवारी हो । सायद आज सांस्कृतिक संस्थान त्रुटिपूर्ण ४१ करोड ऋणको कारण मृत्युशैयामा हुन्थेन भने, नेपाल सरकारको अनिवार्य दायित्व अवकाशप्राप्त कर्मचारीको उपदान सम्बोधन हुन्थ्यो भने, कर्मचारीको सेवा सुविधा नेपाल सरकारबाट प्राप्त हुने व्यवस्था हुन्थ्यो भने, आन्तरिक स्रोतबाटै कर्मचारीको तलब, कर्मचारी सञ्चयकोष, नागरिक लगानीकोष जस्ता संवेदनशील विषय र नीति तथा कार्यक्रमका लागि निश्चित बजेट विनियोजन हुने प्रणाली संस्थानमा हुन्थ्यो भने सायद कठोर हुनु पर्थेन होला । यो कहालीलाग्दो संस्थानको परिस्थितिलाई सबैले एकचोटी बुझ्ने कोसिस मात्रै गर्ने संस्कृतिको विकास भइदिएको भए पनि कठोरेपनभित्रको राम्रो पक्ष कति पारदर्शी रूपमा छर्लङ्ग हुन्थ्यो होला । नेपाल समृद्ध यसै बन्छ मात्रै संकीर्ण सोचबाट मुक्त भई आफ्नो जिम्मेवारी हर नेपालीले इमानदारीताका साथ पुरा गर्न सके । माननीय मन्त्रीज्यूको एउटा निर्देशन म बारम्बार सम्झिरहन्छु जुन मेरा लागि अमृतमय ओखतीको रूपमा काम गरेको छ । त्यो हो "सुशासनको निम्ति जतिसुकै अलोकप्रिय बन्नु परे बन्नु म छु ।" उहाँले माननीय मन्त्रीज्यूलाई साक्षी राख्दै जतिसुकै बाधाहरू आएपनि, परि आए ज्यानै दाउमा लाउन परेपनि, एक इञ्च पनि विचलित नभई अझै जति अलोकप्रिय बन्नु परेपनि बन्न तयार भई जिम्मवारी वहन गरी नेपाली संस्कृति, नेपाली आमाको रक्षार्थ कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।












# सांस्कृतिक संस्थानमा ऐतिहासिक कार्य निकायगत कार्यप्रकृति अनुसार रेकर्डिङ स्टुडियो निर्माण




राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानको इतिहासमा निर्माण गर्न भनी योजना र निर्णयमै सीमित रहेको निकायगत कार्यप्रकृति अनुसार अपरिहार्य श्रव्य सामग्री उत्पादनका लागि अत्याधुनिक डिजिटल रेकर्डिङ स्टुडियो निर्माण भई पहिलोपटक सञ्चालनमा आएको छ । संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले नेतृत्व ग्रहणगरेसँगै र माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूले अभिभावकत्व ग्रहणगरेसँगै सुशासन स्थापना सहित उत्पादनमैत्री क्रियाकलापलाई जोड दिँदा संस्थानको आन्तरिक आयस्रोतबाटै रेकर्डिङ स्टुडियो निर्माण गर्न संस्थान सफल भएको हो । नेपाल सरकारको एकमात्र निकाय जहाँ सजीव कलाको माध्यमबाट संस्कृति संरक्षण तथा प्रवर्द्धन गरिन्छ, त्यहाँ कलाकार कर्मचारी कार्यरत छन् । कार्यप्रकृति अनुसारको अपरिहार्य रेकर्डिङ स्टुडियो नहुँदा सजीव कला सम्बन्धी क्रियाकलाप गर्नबाट वञ्चित कर्मचारीहरूले प्रभावकारी ढंगले कार्यसम्पादन गर्ने वातावरण निर्माण भएको छ भने रेकर्डिङ स्टुडियोलाई उत्पादनमैत्री व्यावसायिक हिसाबले समेत सञ्चालन गरिने भएकाले संस्थानको आयस्रोतको मार्ग प्रशस्त भएको छ ।

# वसन्त शास्त्रीय सङ्गीत उत्सव तथा दीक्षान्त समारोह २०८१ : भव्य रूपमा सम्पन्न





२१ माघ २०८१, काठमाडौँ ।

वसन्त पञ्चमी तथा सङ्गीत/विद्याकी देवी सरस्वती पूजाको अवसरमा नेपालीपन भएको शास्त्रीय सङ्गीतको विकासका लागि सांस्कृतिक संस्थानद्वारा आयोजित “वसन्त शास्त्रीय सङ्गीत उत्सव तथा दीक्षान्त समारोह, २०८१” भव्य रूपमा सम्पन्न भएको थियो । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति माननीय श्री नारदमणी हार्तम्छालीज्यूको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा शास्त्रीय सङ्गीतका वरिष्ठ तथा नयाँ पुस्ताका कलाकारहरूले आफ्नो कला प्रस्तुत गरेका थिए । सांस्कृतिक संस्थानको मेगा प्रेक्षालयमा सम्पन्न कार्यक्रममा महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले स्वागत मन्तव्य मार्फत कार्यक्रमको महत्त्व बारे चर्चा गर्नुहुँदै नेपाली सङ्गीतका हरेक विधालाई समान रूपमा अगाडि बढाउन र सामाजिक तथा सांस्कृतिक रूपान्तरणसँगै नेपाली समाजले अंगिकार गरेको नेपाली शास्त्रीय सङ्गीतलाई नेपालीपनको आभास हुनेगरी विकास गर्न








कार्यक्रम आयोजना गरिएको बताउनु भयो ।

कार्यक्रमको सुरुवात संस्थानका कलाकारहरूबाट सरस्वती वन्दना प्रस्तुत गरिएको थियो । विभिन्न विधाका शास्त्रीय सङ्गीत तथा नृत्य प्रस्तुत गरियो । जसमा ध्रुपद गायन, तबला वादन, चर्या नृत्य, ख्याल गायन, बाँसुरी वादन, भरतनाट्यम्, ठुमरी गायन, सितार वादन जस्ता प्रस्तुतिहरू प्रदर्शनी गरिएको थियो । प्रमुख कलाकारहरूमा प्रा.डा. ध्रुवेश चन्द्र रेग्मी, संगीता राना प्रधान, अविन आचार्य, मुकेश शाक्य, परशुराम पौडेल, बलराम श्रेष्ठ, दुर्गा प्रसाद खतिवडा, गौतमी कान्द्रापेता लगायतका प्रतिष्ठित कलाकारहरूको प्रस्तुति रहेको थियो ।

सो समारोहमा संस्थानले अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि विगतदेखि सञ्चालन गर्दै आएको कला प्रशिक्षण कार्यक्रम अन्तर्गत ३३ औं समूहका प्रशिक्षार्थीहरूलाई औपचारिक रूपमा दीक्षित गरिएको थियो । प्रशिक्षार्थीहरूलाई प्रमाण पत्र वितरण प्रमुख अतिथि माननीय नारदमणि हार्तम्छालीज्यूको हातबाट गरिएको थियो । प्रमुख अतिथि हार्तम्छालीज्यूले नेपाली शास्त्रीय सङ्गीतको प्रवर्द्धनमा यस्ता कार्यक्रमहरूको योगदान महत्त्वपूर्ण रहेको बताउँदै नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको तर्फबाट ऐक्यबद्धता प्रकट गर्नुभयो ।








वसन्त
शास्त्रीय सङ्गीत
तथा



# पशुपति क्षेत्र विकास कोष र सांस्कृतिक संस्थानको संयुक्त आयोजनामा महाशिवरात्रि पर्वको अवसरमा आयोजित "शिवार्पण सांस्कृतिक कार्यक्रम, २०८१" सभ्य एवम् भव्य रूपमा सम्पन्न

११ फागुन २०८१, काठमडौं ।

हिन्दू धर्मावलम्बीहरूको विशेष सांस्कृतिक पर्व महाशिवरात्रिको अवसरमा पशुपति क्षेत्र विकास कोष र सांस्कृतिक संस्थानको संयुक्त आयोजनामा 'शिवार्पण सांस्कृतिक कार्यक्रम २०८१' सभ्य-भव्य रूपमा सम्पन्न गरिएको छ । नेपालीहरूको पहिचान र अस्तित्वसँग जोडिएको धार्मिक तथा सांस्कृतिक महिमालाई उजागर गर्न स्थापित नेपाल सरकारका आधिकारिक निकायद्वय पशुपति क्षेत्र विकास कोष र सांस्कृतिक संस्थानले आफ्नो मुख्य अभिभारा अनुरूप दुबै निकायको सहकार्यमा महाशिवरात्रि पर्वको अवसरमा कल्याणकारक भगवान् शिवको आराधनामूलक विशेष भक्तिभावयुक्त सांस्कृतिक कार्यक्रम आयोजना गरिएको हो । शंकराचार्य मठ परिसर, पशुपतिमा आयोजित सो कार्यक्रममा प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डे ज्यू हुनुहुन्थ्यो भने कार्यक्रम



सभाध्यक्षता सांस्कृतिक संस्थानका अध्यक्ष श्री चन्द्रकुमार राई हतुवालीज्यूको रहेको थियो । विशिष्ट आतिथ्यता पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक एवम् निमित्त सदस्य-सचिव श्री सुभाष चन्द्र जोशी, विकास कोष सञ्चालक परिषद् कोषाध्यक्ष श्री नारायण प्रसाद सुवेदी र सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनको रहेको थियो । कार्यक्रम महाशिवरात्रिको



अवसरमा आयोजना गरिएकाले संस्थानका कलाकारहरूद्वारा शिवलाई श्रद्धापूर्वक गायन, वादन, नृत्यद्वारा भक्तिभाव अर्पण गरिएको थियो ।

कार्यक्रममा पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक एवम् निमित्त सदस्य-सचिव श्री सुभाष चन्द्र जोशीज्यूले स्वागत मन्तव्य राख्नुहुँदै नेपाल सरकारका आधिकारिक निकायद्वय पशुपति क्षेत्र विकास कोष र सांस्कृतिक संस्थानले पवित्रस्थल पशुपतिमा न्यायिक कार्यक्रम गरेकोतर्फ जोड दिँदै राष्ट्रको गरिमा धार्मिक तथा सांस्कृतिक सम्पदाको रक्षार्थ यसैगरी दुबै निकाय सहकार्य गरेर सदा अघि बढ्ने प्रण गर्नुहुँदै उपस्थित प्रमुख अतिथि, विशिष्ट अतिथि, सम्पूर्ण अतिथि, संस्थानका नेतृत्व तथा कर्मचारी/कलाकारहरू र भक्तजनहरू प्रति आभार प्रकट गर्नु भयो ।

कार्यक्रमका प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूले नेपाल सरकारका आ-आफ्नै पहिचान स्थापित गरेका आधिकारिक निकायद्वय पशुपति क्षेत्र विकास कोष र सांस्कृतिक संस्थानले नयाँ पुण्यको कार्य थालनी गरी महाशिवरात्रि आँगनमै आइसक्यो है भनेर शुभ सङ्केत गर्नका निम्ति आयोजित यो कार्यक्रम अत्यन्तै ओजपूर्ण






रहेकोतर्फ जोड दिँदै पशुपतिनाथको यो पवित्रस्थलमा दुबै निकायका प्रमुख तथा कर्मचारीहरू र उपस्थित जनमनहरू लगायत सबैले नेपालीहरूले सत्कर्म गर्ने, सत्यको बाटोमा हिँड्ने, आफ्ना कमीकमजोरी सच्याई संस्कृतिमय हुनेतर्फ अग्रसर हुनुपर्ने बताउनु भयो । साथै उहाँले पशुपतिनाथको अस्तित्व रक्षार्थ हामी सबैले मनन गर्नैपर्ने कुरा के हो भने पशुपति मैले बनाउँछु, मैले गरेको फोहोर म आफै सफा गर्छु, म पनि पवित्र हुन्छु र पुण्य कमाउँछु भन्ने भावनाका साथ सबै लाग्न पनि विनम्र अनुरोध गर्नुहुँदै पशुपति क्षेत्र विकास कोष र सांस्कृतिक संस्थानले पहिलोपटक अत्यन्तै गरिमामय कार्यक्रम आयोजना गरेकोले यस कार्यक्रम मार्फत धार्मिक सांस्कृतिक सम्पदा एवम् चाडपर्वको रक्षार्थ टेवा पुग्नेछ भन्नेमा विश्वास लिएको बताउँदै यस्ता किसिमका कार्यक्रमलाई सदा निरन्तरता दिन पनि दुबै निकायलाई आग्रह गर्नु भयो । यसो त माननीय मन्त्रीज्यू संस्कृति सम्बन्धी विशेष ज्ञान भएको ऊर्जाशील एवम् नेपाल सरकारको कार्यसम्पादन गर्ने मन्त्रीहरूमध्ये उत्कृष्टमा पर्नुभएको छ ।

कार्यक्रम सञ्चालन सांस्कृतिक संस्थानका कर्मचारी श्री हरि पुन मगरले गर्नु भएको थियो । उहाँले निकै रोचकशैलीमा कार्यक्रमलाई सञ्चालन गर्नुहुँदै यो कार्यक्रम माननीय मन्त्रीज्यूकै परिकल्पनामा तयार पारिएको प्रकाश पार्नु भएको थियो । कार्यक्रममा सभाध्यक्ष संस्थानका अध्यक्ष श्री चन्द्रकुमार राई हतुवालीज्यूले पशुपति क्षेत्र विकास कोष र सांस्कृतिक संस्थानको सहकार्यलाई निरन्तरता दिने बताउँदै प्रमुख अतिथि, अतिथि लगायत सबैप्रति आभार प्रकट गर्नु भयो ।





# फागु पूर्णिमा होली विशेष
## शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न



२९ फागुन २०८१, काठमाडौं ।



सांस्कृतिक पर्व होली पर्वको अवसरमा सांस्कृतिक संस्थानले रङ्गहरूको माध्यमबाट खुशी साट्दै होली पर्व मनाएको छ। महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले हरेक सांस्कृतिक चाडपर्वको मौलिक परम्परा, मूल्यमान्यता अनुरूप मनाउन सभ्य संस्कृति सम्प्रेषण गर्न संस्थानले हरेक सांस्कृतिक चाडपर्वलाई आफ्नो नीति तथा कार्यक्रममा समावेश गरेको बताउँदै होली पर्वको गरिमा र सभ्य संस्कृति समाजमा सम्प्रेषण गर्ने अभिभारा संस्थानको रहेकोतर्फ जोड दिँदै सम्पूर्ण कर्मचारीहरुलाई प्रतिबद्ध हुन आग्रह गर्नुभयो । फागुन शुक्ल पक्षको पूर्णिमा तिथिका दिन विशेषगरी होली पर्व मनाउने गरिन्छ। पहाडी भेगमा होली पर्व मनाइसकेपछि भोलिपल्ट तराई भेगमा मनाउने चलन छ। होली पर्व असत्य माथि सत्यको विजय भएको उपलक्ष्यमा मनाउने पर्वको रूपमा लिइन्छ। पहाड र तराईमा गरेर २ दिनसम्म होली मनाउनुको विशेष सांस्कृतिक महत्त्व रहेको मान्यता छ । होली एक-आपसमा सद्भाव बाँड्ने पर्व हो । आपसी वैरभाव हटाई मित्रवत सम्बन्ध विस्तार गर्ने पर्वको रूपमा यस पर्वको सामाजिक महत्त्व रहेको छ । रङ्गहरूसँग खेलेर मनाइने पर्वले मनमा हर्ष, उमङ्ग र खुशीयालीका छाउने भएकाले व्यक्तिको मनोवैज्ञानिक पक्षमा समेत सकारात्मक प्रभाव पार्दछ। होली पर्वले मानिस र रङ्गहरू बीचको सम्बन्ध अनि रङ्गले पार्ने उत्साहजनक रङ्गीन प्रभावलाई प्रकाश पार्दछ । नीलो रङ्गले मानवता र धैर्यतालाई दर्शाउँछ भने शौभाग्यको सूचक रातो रङ्गको प्रयोग गरिन्छ। बाल-बालिकादेखि वयस्कसम्मका निम्ति रङ्गहरूको पर्व होली विशेष ऊर्जामय पर्व भएकाले यसको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि संस्थानले आफ्नो नीति तथा कार्यक्रममा समेटेर होली पर्व विशेष शुभकामना आदानप्रदान गरेको हो ।

# सांस्कृतिक संस्थान र नेपाल पर्यटन बोर्ड बीच सम्झौता

२८ चैत २०८२, काठमाडौँ। नेपाली संस्कृति प्रवर्द्धनमूलक कार्यक्रमका लागि सांस्कृतिक संस्थान र नेपाल पर्यटन बोर्ड बीच सम्झौता भएको छ। सांस्कृतिक पर्यटनको विकासका निम्ति नेपाली संस्कृति प्रवर्द्धन गर्नु अपरिहार्यता भएको पक्षलाई मध्यनजर गर्दै नेपाल सरकारका संस्कृति र पर्यटन सम्बन्धी ज्येष्ठ एवम् आधिकारिक यी द्वय निकाय बीच सम्झौता गरिएको हो। नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतका यी दुबै निकायका संस्कृति र पर्यटनको विकासका लागि आ-आफ्नै योगदान रहेका छन्। सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू र नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख श्री दिपक राज जोशी ज्यू बीच संस्कृति प्रवर्द्धन मार्फत सांस्कृतिक पर्यटनको विकास गर्ने उद्देश्य राखिएको कार्यक्रमका लागि सम्झौतामा हस्ताक्षर भएको हो।

सम्झौता पश्चात् नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख श्री दिपक राज जोशीज्यूले सांस्कृतिक संस्थानसँगको सहकार्यलाई आगामी दिनमा थप मजबूत बनाई सांस्कृतिक पर्यटनको विकासमा टेवा पुग्ने क्रियाकलाप सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले नेपाल संस्कृतिको दृष्टिकोणबाट अत्यन्तै समृद्ध देश भएकाले सांस्कृतिक पर्यटनको शत प्रतिशत सम्भावना रहेकाले यसलाई विकास गर्न नेपाली संस्कृतिको प्रवर्द्धन आजको आवश्यकता रहेकाले सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम उत्पादनतर्फ दुबै निकायको सहकार्यलाई दीर्घकालीन सोच सहित अगाडि बढाउने प्रतिबद्धता गर्नु भयो। नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक उदय भट्टराई ज्यू र वरिष्ठ अधिकृत प्रदिप बस्नेतज्यूले नेपाल पर्यटन बोर्ड र सांस्कृतिक संस्थानको सहकार्य निरन्तर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।



(सम्झौता पत्रमा हस्ताक्षर गर्नुहुँदै नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख श्री दिपक राज जोशी ज्यू र सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू)



# "शुभारम्भ सांस्कृतिक साँझ, २०८२"

## गौरवमय ऐतिहासिक विरासत कायम राख्दै सम्पन्न



१ वैशाख २०८२, काठमाडौँ ।

संस्कृतिका माध्यमबाट नवजागरण प्रवाह गर्ने उद्देश्यका साथ सांस्कृतिक संस्थानको प्रस्तुति, नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहकार्य, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको विशेष सहयोगमा नयाँ वर्ष २०८२ सालको अवसरमा "सांस्कृतिक पर्यटनका लागि संस्कृति प्रवर्द्धन, संस्कृति प्रवर्द्धनका लागि नवजागरण" भन्ने श्लोकनका साथ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको प्रमुख आतिथ्यतामा "शुभारम्भ सांस्कृतिक साँझ २०८२" वैशाख १ गते सांस्कृतिक संस्थानको मेगा हल जमल काठमाडौँमा सभ्यभव्य ढंगले सम्पन्न भएको छ । कार्यक्रममा विशिष्ट अतिथि लोकसेवा आयोगका अध्यक्ष माननीय श्री माधव प्रसाद रेग्मी ज्यू र अतिथिहरू नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति माननीय श्री नारदमणी हार्तम्छाली ज्यू लगायत नेपाल सरकारका श्रीमान् सचिवज्यूहरू, सहसचिवज्यूहरू, उपसचिवज्यूहरू एवम् विभिन्न निकायका प्रमुख तथा प्रतिनिधिहरू हुनुहुन्थ्यो ।

वि.सं.२०१६ सालमा राष्ट्रिय नाचघरको रूपमा स्थापित तथा नाम परिमार्जन सहित वि.सं.२०२९ सालमा पुनर्गठन



भएको सांस्कृतिक संस्थान ६६ वर्षीय सांस्कृतिक विरासत कायम राख्न सफल नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत संस्कृति सम्बन्धी ज्येष्ठ निकाय हो । अनेक समस्याले ग्रसित अवस्थामा रहेको सांस्कृतिक संस्थान पछिल्लो समय प्रगतितर्फ लम्किरहेको छ । आफ्नो ऐतिहासिक विरासत कायम राख्न सांस्कृतिक संस्थान पछिल्लो समय नयाँ शिराबाट अगाडि बढेको छ । महाकवि लक्ष्मीप्रसाद देवकाटाको लोकप्रिय खण्डकाव्यमा आधारित संस्थानका पूर्वकर्मचारी नेपाल कलाभूषण श्री चन्द्रराज शर्माको सङ्गीत, संस्थानका पूर्वमहाप्रबन्धक स्वरसम्राट नारायणगोपाल, तारादेवी लगायतले गाउनुभएको कालजयी कृति ‘गीति नाटक मुनामदन’ राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्मको इतिहासमा लगातार ६/७ महिनाभन्दा बढी प्रदर्शन भई रजत जयन्ती मनाउन सफल संस्थानको सबैभन्दा लोकप्रिय, उत्पादनमैत्री एवम् ऐतिहासिक गीति नाटक हो । गीति नाटक मुनामदन वि.सं.२०३२ साल असार ५ गते पहिलोपटक प्रदर्शन भएको र त्यस पश्चात् थुप्रैपटक मञ्चन तथा प्रदर्शन भएतापनि वर्षौंदेखि श्रव्य सामग्री हराएर मञ्चन तथा प्रदर्शन हुन सकेको थिएन तर वर्तमान महाप्रबन्धक किरण बाबु पुनको अथक प्रयासमा श्रव्य सामग्री उत्खनन गरी प्राप्त गर्न सफल भएकाले फेरि एकपटक ऐतिहासिक गीति नाटक मुनामदन मञ्चन गरी “शुभारम्भ सांस्कृतिक साँझ २०८२” मार्फत माननीय मन्त्रीज्यूको हातबाट नियमित प्रदर्शन गरिने उद्देश्य अनुरूप समुद्घाटन गरिएको हो । यो गीति नाटक अब नियमित प्रदर्शन गरिने भएको छ । संस्थानका पूर्वकर्मचारी गोविन्द प्रसाद तिमिल्सिनाले पहिलो निर्देशन तथा पूर्वकर्मचारी कोकिल गुरुङज्यूले कोरियोग्राफर गर्नुभएको ‘गीति नाटक मुनामदन’ मा तत्कालीन कलाकार कर्मचारीहरू विमला श्रेष्ठ मुना र कोकिल गुरुङ मदनको भूमिकामा अभिनय गर्नुभएको थियो भने अन्य भूमिकामा संस्थानका कलाकार कर्मचारीहरूको अभिनय रहेको थियो । हाल उक्त गीति नाटक संस्थानमा कलाकार सेवामा कार्यरत कर्मचारी माया थापाको निर्देशनमा सुशिला थापा मुना र विपिन घिमिरे मदनको भूमिकामा तथा अन्य भूमिकामा





संस्थानका कलाकार कर्मचारीहरूको अभिनय रहेको छ।

“शुभारम्भ सांस्कृतिक साँझ २०८२” कार्यक्रममा दर्शकहरूको अत्यधिक भिड रहेको थियो । हल भरिएर बस्ने सिट नपुगेपछि थप कुर्सीहरू समेत थप गरी व्यवस्थापन गर्न खोजिएतापनि उपस्थित सम्पूर्णले कार्यक्रम हेर्न सिट नपुगेपछि निरास हुँदै फर्किनु परेको थियो । विशेष गरी ऐतिहासिक गीतिनाटक वर्षौंपछि प्रदर्शनी गरिएपछि सो नाटक हेर्नकै लागि मानिसहरूको भिड भएको हो। संस्थानले नियमित प्रदर्शन गर्ने भएकाले फर्किनु परेका दर्शकलाई निरास नहुन समेत संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनले अनुरोध गर्नुभएको छ। “शुभारम्भ सांस्कृतिक साँझ २०८२” मार्फत सात प्रदेशको अमूर्त संस्कृतिमूलक कार्यक्रम “नेपाली संस्कृति” समेत समुद्घाटन गरिएको छ। उक्त कार्यक्रम “नेपाली संस्कृति” लाई नेपाल पर्यटन बोर्डको नेपाली संस्कृति प्रवर्द्धन सहित सांस्कृतिक पर्यटनमैत्री क्रियाकलाप, नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको घटना दर्ता सप्ताह विशेष जागरण क्रियाकलाप, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको संस्कृतिमा युवा आकर्षण विशेष जागरण क्रियाकलाप र गीति नाटक मुनामदनको सहित नवजारण प्रवाह गर्ने उद्देश्यकासाथ सात प्रदेशमा प्रदर्शन गरिने तय समेत गरिएको संस्थानले बताएको छ । सात प्रदेशका कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहको मौलिक संस्कृतिलाई समेत विशेष स्थान दिइनेछ। सात प्रदेश अन्तर्गतका कार्यक्रम प्रदर्शन गरिने स्थानहरूमा काठमाडौं, सोलुखुम्बु, जनकपुर, महेन्द्रनगर, वर्दिया, सुर्खेत र पोखरा रहेका छन्।

कार्यक्रममा नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको घटना दर्ता सप्ताह विशेष सचेतनामूलक प्रस्तुति रहेको थियो। सो घटना दर्ता नाटकको परिकल्पना, लेखन र निर्देशन संस्थानको नाटक शाखामा कार्यरत श्री सबनम सिल्वाल र श्री रामभजन कामतको रहेको थियो । घटना दर्ता सप्ताह बारे राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका निर्देशकले विशेष सम्बोधन मार्फत प्रष्ट पार्नु भएको थियो । कार्यक्रममा संस्थानका कलाकारहरूले शुभकामना विशेष प्रस्तुति, मौलिक टप्पा बनगारी नृत्य प्रस्तुत गरेका थिए भने लोकप्रिय हास्य कलाकार श्री सुबोध गौतमको समेत प्रस्तुति रहेको थियो । गीति नाटक मुनामदन सम्बन्धी श्रष्टा र पहिलोपटक मञ्चन तथा प्रर्दशनीमा सिर्जनशील कला मार्फत अतुलनीय योगदान दिनुहुने स्थापक राष्ट्रिय



व्यक्तित्वहरूलाई शिष्टाचारको सम्मान समेत गरिएको थियो । सात प्रदेशको प्रतिनिधिमूलक प्रस्तुति भूमे समाज काठमाडौंको तर्फबाट लुम्बिनी प्रदेशको प्रतिनिधित्व गर्दै लोपोन्मुख "फाङक" संस्कृति प्रदर्शन गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूले नयाँ वर्षको शुभकामना दिनुहुँदै संस्थानले पछिल्लो समय सिर्जनशील कलायुक्त संस्कृतिबाट राष्ट्रको समृद्धि सम्भव छ, भन्ने कुरालाई जसरी प्रमाणित गर्दै आएको छ, यो अत्यन्तै प्रशंसनीय कार्य भएको बताउँदै आफू अभिभावक भएको नाताले संस्थानलाई समृद्धितर्फ लैजान संस्थानको समस्या समाधानतर्फ प्रतिबद्धता प्रकट




गर्नुभयो । साथै यो कार्यक्रम सात प्रदेशमा प्रदर्शनी हुने कुराले थप खुशी व्यक्त गर्दै सातवटै प्रदेशमा सभ्यभव्य प्रदर्शनीको समेत शुभकामना व्यक्त गर्नुभयो । संस्कृतिको विषयमा विज्ञ मन्त्रीको रूपमा मन्त्रीज्यूलाई सारा जनमानसले चिन्ने गरेको छ ।

कार्यक्रममा स्वागत मन्तव्य दिनुहुँदै संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले भन्नुभयो "नेपाली नयाँ वर्षको अवसरमा नयाँ ऊर्जा र जोश सहित आयोजना गरिएको शुभारम्भ सांस्कृतिक साँझ २०८२ साँच्चिकै यो नयाँ युगको शुभारम्भ हो किनकी नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहकार्य र नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको विशेष सहयोगमा यसरी संयुक्त कार्यक्रम हुनु नै एक युगको सुरुवात हो । कार्यक्रमकै नाम शुभारम्भ सांस्कृतिक साँझ : विशेष दुई कार्यको सुभारम्भ हो । एउटा चार निकायको ऐक्यबद्धताको शुभारम्भ हो भने अर्को सांस्कृतिक संस्थानको सांस्कृतिक विरासतको अस्तित्व बचाउने युगको शुभारम्भ हो ।"

उहाँले चार निकायको ऐक्यबद्धताको चार प्रमुख उद्देश्य यसरी प्रष्ट पार्नु भयो :-

१) परम्परागत सभ्य नेपाली संस्कृति प्रवर्द्धन तथा सांस्कृतिक रूपान्तरण सहित सांस्कृतिक पर्यटनमैत्री संस्कृति निर्माणको आधार दिशाबोध गर्न,

२) समाजमा विद्यमान व्यक्तिगत घटना दर्ता सम्बन्धी सचेतना प्रवाह गरी सामाजिक रूपान्तरण सहित न्यायिक संस्कृति निर्माणको आधार दिशाबोध गर्न,

३) युवालाई सिर्जनशील कलातर्फ अभिमुखीकरण गरी

जागरण संस्कृति निर्माणको आधार दिशाबोध गर्न,

४) सभ्य, सुसंस्कृत, न्यायिक, सुशासनयुक्त नयाँ संस्कृति

निर्माण गरी राष्ट्रको समृद्धिको आधार दिशाबोध गर्न।

महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले थप सम्बोधनमा भन्नुभयो "मैले यहाँको नेतृत्व सम्हालीसकेपछि, यहाँको अवस्थालाई नजिकबाट नियालीसकेपछि, म भित्र केही गर्ने हुटहुटी र ६६ वर्षदेखि जड बनेका बेथितिलाई निर्मूलन गर्ने सपनाहरू मेरो मानसपटलमा बास गर्न थाले। पहिले म सक्छु भन्ने सकारात्मक सोच सहित प्रण गरें कि परिआए नेपालको अस्तित्व संस्कृतिका निम्ति प्राण दाउमा लाउँछु। त्यसका लागि मलाई उपयुक्त वातावरण र अभिभावकत्व खाँचो थियो। दैवले पनि तँ आँट, म पुऱ्याउँछु भन्छ रे भन्ने उखान झैँ, मैले आँटेपछि सोही बमोजिमकै अभिभावक माननीय मन्त्रीज्यूलाई पाएँ। जो आफैमा संस्कृतिबारे गहिरो चिन्तन गर्ने व्यक्तित्व हुनुहुन्छ, उहाँको असल अभिभावकत्वमा संस्थानको वर्तमान नेतृत्वको प्रतिबद्ध भई सुशासनको यात्रा तय गर्दा अनेक समस्याले ग्रस्त संस्थानमा केही आशाका किरणहरू छाउन थालेका छन्। संस्थानका केही नीतिगत समस्या त्रुटिपूर्ण ऋण, अनिवार्य दायित्व उपदान र छुट्टै ऐन जस्ता







समस्याको समाधान भएमा तथा यस्तै किसिमले सुशासन कायम राखी निरन्तरता दिने हो भने अबको ५ वर्षदेखि १० वर्षभित्र संस्थान नसोचेकै नाफामा जानसक्छ । त्यसको प्रमाणित पहिले र म नियुक्ति पश्चात् भएको आम्दानी विवरणमा अर्थ मन्त्रालयको सार्वजनिक संस्थाको वार्षिक स्थिति समीक्षा- २०८२ को प्रतिवेदन अनुसार ६९.४७ प्रतिशतका दरले आयमा बृद्धि भएको आँकलनबाट प्रष्ट हुन्छ । यसको प्रमुख श्रेय असल अभिभावकत्व निर्वाह गर्नुहुने माननीय मन्त्री ज्यू जान्छ साथै मेरो नेतृत्वलाई पुरा साथ दिनुहुने संस्थान सञ्चालक समिति र कर्मचारीलाई समेतलाई जान्छ। संस्थानका नीतिगत समस्या समाधानको लागि माननीय मन्त्रीज्यूले अपनत्व ग्रहण गरी छिट्टै समाधान हुनेछ भन्ने पनि विश्वास लिएका छौं । तर केही संस्कृतिलाई भोगचलन गर्नेहरू संस्थानको उन्नति-प्रगति देखेर रन्थनिएर मलाई रोक्न, छेक्न अनेक प्रपञ्च रच्दै पनि छन् । त्यसैले राष्ट्रियताको दृष्टिकोणबाट संस्कृति भन्नु नै नेपाल आमा हुन् म नेपाल आमा र माननीय मन्त्रीज्यूलाई साक्षी राखेर प्रण गर्दै संस्कृतिलाई भोगचलन गर्दै संस्थानलाई मृत्युशैयामा पुऱ्याउन खोज्नेहरू, संस्कृति जस्तो संवदेनशील निकायलाई त्रुटिपूर्ण ऋणको भारी बोकाउनेहरू, कर्मचारीका सञ्चयकोष, नागरिक लगानी कोषमा रकम रोक्नेहरू, संस्थानको इतिहास र सांस्कृतिक विरासतलाई मेटाउन खोज्नेहरूलाई खबरदारी समेत भन्न चाहन्छु। साथै जुनसुकै विषयमा पनि स्थापकहरू इतिहास मेट्ने छुट कसैलाई पनि नरहेकाले बडो मुस्किलले मुनामदनको सही इतिहास बाहिर ल्याउन सफल भएको तर्फ जोड दिँदै गीति नाटक मुनामदनका स्थापकहरू प्रति उच्च सम्मान तथा संस्थानको इतिहासमा पटकपटक मञ्चन तथा प्रदर्शन हुँदा सिर्जनशील कला मार्फत योगदान दिनुहुने सबैमा आभार प्रकट गर्दछु। साथै संगिनको धारमा रोपिएको एउटा मूर्ख सपनालाई साकार पार्न मेरो स्प्रीट र स्पीडलाई बुझेर जिम्मेवारी वहन गर्नुहुने संस्थानको कार्यक्रम तथा योजना शाखा र हालको निर्देशक माया थापा, मुनाः सुशिला थापा, मदनः विपिन घिमिरे लगायत सम्पूर्ण संस्थानका कलाकार प्रति मनैदेखि धन्यवाद ज्ञापन गर्दछु । फेरि प्रण गर्दै भन्न चाहन्छु कि यो सुरुवात मात्रै र प्रोमो मात्रै हो, जतिसुकै बाधाहरू आएपनि, परि आए ज्यानै दाउमा लाउन परेपनि, एक इञ्च पनि विचलित नभई अझै सुशासनको यात्रामा जति अलोकप्रिय बन्नु परे पनि बन्न तयार भई जिम्मवारी वहन गरी नेपाली संस्कृति नेपाली आमाको रक्षार्थ कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दै यसैगरी असल अभिभावकत्वको माननीय मन्त्री ज्यू बाट अपेक्षा सहित उपस्थित सबैमा स्वागत तथा आभार प्रकट गर्नुभयो ।"

कार्यक्रममा सञ्चालक हरि पुन मगरले गर्नुभएको थियो भने सभाध्यक्ष सांस्कृतिक संस्थानका अध्यक्ष श्री चन्द्र कुमार राई हतुवालीज्यूले नयाँ वर्षको शुभकामना दिँदै उपस्थित सबैलाई आभार प्रकट गर्दै कार्यक्रम समापन गर्नुभयो ।





# ऐतिहासिक गीति नाटक "मुनामदन" को सत्यतथ्य इतिहास एवम् वर्षौंपछि मञ्चन तथा प्रदर्शन कसरी सम्भव भयो ?




१ वैशाख २०८२, काठमाडौं ।

६६ वर्षीय सांस्कृतिक विरासत कायम राख्न सफल सांस्कृतिक संस्थान नेपाल सरकारको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय हो। वि.सं.२०१६ सालमा राष्ट्रिय नाचघरको रूपमा स्थापित तथा नाम परिमार्जन सहित वि.सं.२०२९ सालमा सांस्कृतिक संस्थानको रूपमा पुनर्गठन भएको हो । संस्कृतिलाई सजीव रूपमा प्रदर्शन गरी संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरण गर्नु प्रमुख अभिभारा अनुरूप नेपालको पहिचानयुक्त लोकगीत, लोकधून, लोकनृत्य, लोकनाटक तथा समग्र लोकसंस्कृति झल्किने कार्यक्रम उत्पादन, प्रदर्शन तथा दस्तावेजीकरण गर्ने क्रममा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूलमर्म अनुसार बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतामा एकताको भाव सम्प्रेषण गर्न सात प्रदेशका अमूर्त संस्कृतिलाई समान ढंगले प्रदर्शनी गर्दै आफ्नो ऐतिहासिक विरासत कायम राख्न संस्थान पछिल्लो समय नयाँ शिराबाट अगाडि बढेको छ।

यसै अनुरूप संस्थानको इतिहासमै ऐतिहासिक गरिमा कायम राख्दै महिनौंसम्म लगातार प्रदर्शन भई रजत जयन्ती मनाउन सफल महाकवि लक्ष्मीप्रसाद देवकोटा कृत लोकप्रिय खण्डकाव्य मुनामदनलाई संस्थानका पूर्वकर्मचारी वरिष्ठ सङ्गीतकार नेपाल कलाभूषण श्री चन्द्रराज शर्माको सङ्गीत, संस्थानका पूर्वमहाप्रबन्धक स्वरसम्राट नारायणगोपाल गुरुवाचार्य, तारादेवी लगायतले गाउनुभएको र संस्थानका पूर्वकर्मचारी श्री गोविन्द प्रसाद तिमिल्सिनाले पहिलो निर्देशन तथा श्री कोकिल गुरुङले कोरियोग्राफर गर्नुभएको गीति नाटक मुनामदनको श्रव्य सामग्री वर्षौंदेखि हराएकाले मञ्चन तथा प्रदर्शन हुन गर्न सकेको थिएन । तर वर्तमान महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको अथक प्रयासमा खोजगरी श्रव्य सामग्री प्राप्त गरिएकाले सो अत्यधिक रूचाइएको गीति नाटक मुनामदनलाई मञ्चन गरी 'शुभारम्भ सांस्कृतिक साँझ २०८२' मार्फत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको हातबाट नियमित प्रदर्शन गर्ने उद्देश्यका साथ समुद्घाटन गरिएको हो । वि.सं.२०३२ सालमा सांस्कृतिक संस्थानको तेस्रो वार्षिकोत्सवको अवसरमा संस्थानको पहिलो महाप्रबन्धक श्री इन्द्रप्रसाद काफ्लेज्यूको नेतृत्वमा गीति नाटक मुनामदन पहिलोपटक मञ्चन तथा प्रदर्शन गरिएको थियो । पहिलोपटक प्रदर्शीत गीति नाटक मुनामदनमा तत्कालीन कलाकार सेवाका कर्मचारी श्री विमला श्रेष्ठज्यू मुनाको भूमिकामा र श्री कोकिल गुरुङज्यू मदनको भूमिकामा अभिनय गर्नुभएको थियो भने अन्य भूमिकामा संस्थानका कलाकारहरूको अभिनय रहेको थियो। हाल उक्त गीति नाटक कलाकार सेवामा कार्यरत श्री माया थापाज्यूको निर्देशन रहेको छ, भने कलाकार सेवाकै कर्मचारी श्री सुशिला थापा ज्यू मुनाको भूमिकामा र श्री विपिन घिमिरे ज्यू मदनको भूमिकामा तथा अन्य भूमिकामा संस्थानका कलाकार सेवाका कर्मचारीहरूको अभिनय रहेको छ । गीति नाटक मुनामदनलाई जनचाहना अनुसार देशैभरी

तथा अन्तर्राष्ट्रिय रूपमा समेत प्रदर्शन गरिने तथा टिकट शो, प्रायोजनमैत्री तथा डिजिटल उत्पादनमैत्री बनाउने उद्देश्य राखिएको छ ।

संस्थानमा पछिल्लो समय सुशासन स्थापना गर्ने अठोटकासाथ अगाडि बढेकोतर्फ जोडदिँदै संस्थानका विकृति-बेथिति विरुद्ध अझै सशक्त रूपमा लाग्ने एवम् राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्मका नेपाल सरकारको सांस्कृतिक सम्पत्तिको उत्खनन गरी संस्कृतिलाई संरक्षण सहित उत्पादनतर्फ जोड दिई समृद्धिको आधार तय गर्ने वर्तमान नेतृत्वको दीर्घकालीन सोच अनुसार संस्थानका हरेक नीति तथा कार्यक्रमलाई अगाडि बढाइने महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले जानकारी दिनु भयो । साथै उहाँले सांस्कृतिक संस्थानको कार्यप्रकृति विशिष्ट प्रकृतिको हुने भएकाले संस्थानमा कार्यरत कर्मचारीको काम, कर्तव्य र जिम्मेवारी भनेकै नेपालको पहिचानयुक्त संस्कृतिलाई सिर्जनशील कला (गायन, वादन, नृत्य, अभिनय, लेखन, संगीत, कोरियोग्राफर, निर्देशन आदि) मार्फत अभिव्यक्त गरी संरक्षण गर्ने भएकाले संस्थानमा कार्यभार ग्रहण गरुञ्जेलसम्म संस्थानको नीति तथा कार्यक्रम बमोजिम नेतृत्व तथा कर्मचारीले गरेका सिर्जनशील क्रियाकलापको आजीवन सर्वाधिकार नेपाल सरकारको स्वामित्वमा हुने भएकाले राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्मका सम्पूर्ण सांस्कृतिक सम्पत्तिको उत्खनन गरिने तथा यदि कुनै व्यक्ति वा संस्थाले मनपरी सांस्कृतिक संस्थान (नेपाल सरकार) को सांस्कृतिक सम्पत्तिको दुरुपयोग गरेको पाइएमा कानून बमोजिम कारबाही गरिने समेत बताउनु भयो ।

सांस्कृतिक संस्थानको तेस्रो वार्षिकोत्सवको अवसरमा वि.स.२०३२ साल असार ५ गते गीति नाटक मुनामदन पहिलोपटक प्रदर्शन गरिएको भन्ने सत्यतथ्य प्रमाण संस्थानको पहिलो महाप्रबन्धक श्री इन्द्रप्रसाद काफ्लेज्यूको नेतृत्वको संस्थान सञ्चालक समितिको मिति २०३२/०२/२४ को बैठकबाट असार १ देखि ४ गतेसम्म रिहर्सल गर्ने र असार ५ देखि ७ गतेसम्म प्रदर्शन गर्ने भनी निर्णय भए बमोजिम गीति नाटक मुनामदनलाई आधिकारिक ढंगले प्रदर्शनीको लागि तय गरिएको हो । गीति नाटक मुना मदनलाई न्यायोचित उत्पादन र प्रदर्शन गर्नका निम्ति तत्कालीन संस्थानका कर्मचारीहरू प्रदर्शन शाखा प्रमुख श्री गोविन्द प्रसाद तिमिल्सिनालाई निर्देशन, श्री कोकिल गुरुङलाई कोरियोग्राफर, संगीत प्रबन्धक



श्री चन्द्रराज शर्मालाई संगीत तथा गायन प्रबन्धक श्री नारायणगोपाल गुरुवाचार्यलाई गायन संयोजन गर्ने जिम्मेवारी प्रदान गरिएको थियो । महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेख्नुभएको लोकप्रिय खण्डकाव्य “मुनामदन” मा आधारित गीति नाटक मुनामदनलाई संस्थानले मञ्चन तथा प्रदर्शन गरेको हो । तत्कालीन ने.भा.प्र. समितिबाट वि.सं.२००७ सालमा प्रकाशन गरिएको मुनामदनको तेस्रो संस्करणमा कृतज्ञता र परिचय शीर्षक अन्तर्गत ने.भा.प्र. समिति मार्फत लेखकद्वारा ने.भा.प्र. मार्फत सर्वाधिकार राष्ट्रिय नाचघर (सांस्कृतिक संस्थान) लाई हस्तान्तरण गरेको र सो हस्तान्तरण गरे बापत संस्थानद्वारा महाकवि लक्ष्मीप्रसाद देवकोटाकी धर्मपत्नी श्री मनदेवी देवकोटालाई केही आर्थिक सहयोग समेत प्रदान गरेको व्यहोरा संस्थान सञ्चालक समितिको मिति २०३२/०५/२० को बैठक निर्णयमा स्पष्ट उल्लेख गरिएको छ । संस्थानमा सबैभन्दा सर्वाधिक सफलता हासिल गर्न सफल गीति नाटक मुनामदनले ऐतिहासिकता कायम गरेको तथ्यहरू सञ्चालक समितिको मिति २०३२/०६/०९, मिति २०३२/०६/२४, मिति २०३२/०८/०१, मिति २०३२/०८/१९ लगायतका बैठकहरूको निर्णयानुसार गरिएका क्रियाकलापहरू जस्तै : १०० दिन मनाएको, लगातार ६/७ महिनाभन्दा बढी प्रदर्शन भएको, रजत जयन्ती मनाएको, तत्कालीन अभिनय गर्ने कलाकारहरू, निर्देशक, कोरियोग्राफर, गायक/गायिका, संगीतकार, वाद्यवादकहरू, प्राविधिकहरू तथा गीति नाटक मुनामदनमा आबद्ध सम्पूर्णलाई सम्मान गरिएको, तत्कालीन राजारानीबाट बक्सिस दिइएकोबाट स्पष्ट हुन्छ ।

**गीति नाटक मुनामदनको स्थापकहरूको विवरण :**

कुनैपनि गीति नाटक एक कृतिको रूपमा जन्म हुनको निम्ति त्यसमा थुप्रै श्रमजीवी मनहरूको अतुलनीय योगदान रहेको हुन्छ । गीति नाटक मुनामदनको उत्पादनका निम्ति शुभारम्भमा सिर्जनशील क्रियाकलाप मार्फत विशेष योगदान दिने ती महान् राष्ट्रिय व्यक्तित्वहरू बारे तपसिलमा उल्लेख गरिन्छ ।

गीति नाटक : मुनामदन

लेखक : महाकवि लक्ष्मीप्रसाद देवकोटा ।

सङ्गीत : नेपाल कलाभूषण चन्द्रराज शर्मा ।

सङ्गीत संयोजक तथा स्वरलिपि प्रबन्धक : मोहन कृष्ण कार्की ढली ।

गायन : स्वरसम्राट नारायण गोपाल, तारादेवी, गणेश रसिक, कमला श्रेष्ठ, मणिक रत्न, इन्द्रनारायण मानन्धर, कमल क्षेत्री, नविन किशोर राई, भुवन चन्द थापा आदि ।

वादन : विश्वनाथ कार्की ढली, प्रेमदेव गिरी, कृष्ण परियार, धिर्ज लाल कुलु, न्हुछेमान डंगोल, होमनाथ उपाध्याय, अर्जुन श्रेष्ठ, रामशरण नेपाली, शिव शरण दर्नाल, मोहन कृष्ण कार्की ढली, श्याम कुमार शाही समुहा, रोज भक्त, राम प्रसाद वैजु, मदन परियार, कमल कार्की ढली, नारायणदाश कार्की ढली, एकराज राई, विजय सुनाम, लालबहादुर आदि ।

सहायक सङ्गीत प्रबन्धक : कमल क्षेत्री ।

रेकर्डिष्ट : वसन्त केशर र शिव प्रसाद उपाध्याय ।

एडिटिङ तथा सम्पादन : वसन्त केशर ।

पहिलो निर्देशन : गोविन्द प्रसाद तिमिल्सिना ।

पहिलो कोरियोग्राफर : कोकिल गुरुङ ।

पहिलोपटक अभिनय गर्ने संस्थानका कलाकारहरू : विमला श्रेष्ठ, कोकिल गुरुङ, श्याम प्रजापति, वसुन्धरा भुसाल, कृष्णा प्रधान, सुभद्रा अधिकारी, पुष्पलता तिखत्री, नारायण कृष्ण श्रेष्ठ, सरिता श्रेष्ठ, आशा रजपूत, टेकराज भारती, वेदकुमार, रामबहादुर, अर्जुन गुरुङ, गोपाल बस्नेत, भरतराज, दिलबहादुर, बालकलाकार : मोहन गुरुङ र कुमारी शान्ता आदि ।

आभूषण तथा मेकअप डिजाइनर : श्री कृष्ण रत्न कंसाकार ।

प्राविधिकहरू : शिव प्रसाद उपाध्याय, श्याम मानन्धर, जगत बहादुर ।

पहिलोपटक गीति नाटक मुनामदन मञ्चन तथा प्रदर्शन सम्पन्न हुनका निम्ति विशेष योगदान दिने नेतृत्व तथा सम्पूर्ण कर्मचारीहरूलाई उच्च सम्मान प्रकट गर्दै संस्थानको

विभिन्न कालखण्डमा प्रदर्शन भएका गीति नाटक मुनामदनमा विशेष योगदान दिने नेतृत्व तथा कलाकार कर्मचारीहरूलाई समेत हार्दिक आभार प्रकट गर्दछौं । गीति नाटक मुनामदनको इतिहास सत्यतथ्य नबुझी र बुझ्ने कोसिससम्म नगरी कपोलकल्पित भ्रमहरू छर्नेहरू प्रति संस्थान खेद प्रकट गर्दछ । गीति नाटक मुनामदनको सत्यतथ्य इतिहास माथि उल्लेखित नै शत् प्रतिशत भएको व्यहोरा समेत अनुरोध गर्दछौं । वर्षौंदेखि हराएको गीति नाटक मुनामदनलाई महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको नेतृत्वको संस्थानले अथक प्रयासबाट खोज गरी पुनः मञ्चन तथा प्रदर्शन गर्न सफल भएका छौं ।

मिति २०८२ वैशाख १ गते शुभारम्भ सांस्कृतिक साँझ कार्यक्रम मार्फत प्रदर्शन गरिएको गीति नाटक मुनामदनमा सिर्जनशील कला मार्फत योगदान दिनुहुने संस्थानका कलाकार तथा प्राविधिकहरूको विवरण यसप्रकार छः

हालको निर्देशन : माया थापा

पात्रहरू विशेष भूमिका :

मुना : सुशिला थापा

मदन : विपिन घिमिरे

मदनका साथीहरू : रोहित सुवेदी, नरेश प्रजापति, रामभजन कामत, शेखर घर्ती

आमा : माया थापा

दिदी : रेखा कुमारी कटुवाल श्रेष्ठ

नैनी : गीता थापा

भोटे : दिपेन्द्र बज्राचार्य

भोटेको साथी : अक्कल बहादुर पाखिन

भोटेको छोरा : अनमदर्शि बज्राचार्य

भोटेको छोरी : सेलिना श्रेष्ठ

उद्घोषण : हरि पुन मगर

प्राविधिकहरू : अनुपम शर्मा, मनोज केसी, बल बहादुर अछामे, प्रेम प्रकाश रामजाली, मनिष कार्की, जसराज राई, दिपक पौडेल, ओम प्रकाश बानियाँ, भरत सारु मगर

मेक अप : सिता तामाङ केसी

भेषभूषा : नारायणी पाण्डे

सहयोगी : सुस्मीता तामाङ र अस्मिता तामाङ



# गीति नाटक मुनामदनसँग सम्बद्ध सिर्जनशील राष्ट्रिय व्यक्तित्वहरूलाई शिष्टाचार सम्मान



१ वैशाख २०८२, काठमाडौँ ।

नेपाल सरकारको सजीव संस्कृति प्रदर्शनी सम्बन्धी एकमात्र ज्येष्ठ एवम् आधिकारिक निकाय सांस्कृतिक संस्थानको प्रस्तुति, नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहकार्य, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको विशेष सहयोग आयोजित 'शुभारम्भ सांस्कृतिक साँझ, २०८२' मार्फत वर्षौंदेखि श्रव्य सामग्री हराएर मञ्चन तथा प्रदर्शन हुन नसकेको ऐतिहासिक गीति नाटक मुनामदन पुनः मञ्चन गरी समुद्घाटन गरिएकाले सो ऐतिहासिक गीति नाटक मुनामदन उत्पत्ति हुनुमा सिर्जनशील कला मार्फत पहिलोपटक अतुलनीय योगदान दिनुहुने राष्ट्रिय व्यक्तित्वहरूलाई कार्यक्रममा संस्थानले शिष्टाचारको सम्मान गरेको छ । महाकवि लक्ष्मीप्रसाद देवकोटा कृत लोकप्रिय खण्डकाव्य 'मुनामदन' लाई गीति नाटकको रूपमा संस्थानद्वारा वि.स.२०३२ साल असार ५ गते पहिलोपटक मञ्चन तथा प्रदर्शन गरिएको थियो ।

प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको हातबाट उपस्थित सिर्जनशील कलाबाट योगदान दिने व्यक्तित्व तथा मृत्युवरण गरिसक्नु भएकाहरूको परिवारजनलाई सम्मान गरिएको थियो । साथै महाकवि लक्ष्मीप्रसाद देवकोटा नै गीति नाटक मुनामदनको प्रमुख श्रेयस्कर भएकाले उहाँको परिवारजनलाई नगद रु.२५,०००/- (रुपैयाँ पच्चीस हजार) सहित शिष्टाचारको सम्मान गरिएको थियो भने पहिलो पटक मुनाको भूमिका निर्वाह गर्ने श्री विमला श्रेष्ठ ज्यू, पहिलो पटक मदनको भूमिका निर्वाह गर्ने कोकिल गुरुङज्यूको परिवारजन, गायिका तारादेवीज्यूको परिवारजन, गायिका श्री भुवन थापा चन्द ज्यू लगायतलाई शिष्टाचारको सम्मान पत्रद्वारा सम्मान गरिएको छ ।

# सांस्कृतिक संस्थानको सात प्रदेशको यात्रा : बागमति प्रदेश, काठमाडौँबाट शुभारम्भ



१ वैशाख २०८२, काठमाडौँ ।

संस्कृतिका माध्यमबाट नवजागरण प्रवाह गर्ने उद्देश्यकासाथ सांस्कृतिक संस्थानको आयोजना, नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहकार्य, नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको विशेष सहयोगमा सात प्रदेशका प्रदेश, स्थानीय सरकार र सरकारी एवम् गैरसरकारी विभिन्न संघसंस्थासँगको समन्वयमा "सांस्कृतिक पर्यटनका लागि संस्कृति प्रवर्द्धन, संस्कृति प्रवर्द्धनका लागि नवजागरण" भन्ने श्लोकनका साथ जागरणमूलक सांस्कृतिक कार्यक्रम "नेपाली संस्कृति" भव्यताका साथ सात प्रदेशमा प्रदर्शन गरिएको छ ।

बागमति प्रदेशका लागि काठमाडौँमा कार्यक्रम "नेपाली संस्कृति" लाई नयाँ वर्ष २०८२ सालको अवसरमा वैशाख १ गते "शुभारम्भ सांस्कृतिक साँझ २०८२" मार्फत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको हातबाट समुद्घाटन गरिएको हो । युवालाई विदेशभन्दा स्वदेशप्रतिको मोह बढाउने सन्देश सम्प्रेषण गर्न वर्तमान नेपालको परिवेश प्रतिविम्बित महाकवि लक्ष्मीप्रसाद देवकाटा कृत लोकप्रिय खण्डकाव्यमा आधारित 'गीति नाटक मुनामदन', नेपाली समाजमा विद्यमान विभिन्न विकृति, बेथिति, अप्रिय घटनाहरू र व्यक्तिगत घटनाहरू जस्तैः जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ आदि सम्बन्धी घटना दर्ता सम्बन्धी जनचेतनामूलक प्रहसन, नेपालको पहिचानयुक्त लोकगीत, लोकनृत्य तथा सम्बन्धित स्थानीय तहको मौलिक संस्कृति समेत समेटिने गरी नवजागरणमूलक एवम् सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम "नेपाली संस्कृति" प्रदर्शनी गरिएको हो ।

कार्यक्रम : "नेपाली संस्कृति"<br>
मिति तथा स्थान : सोलुखुम्बु सल्लेरी वैशाख ५ गते, जनकपुर वैशाख ७ गते, महेन्द्रनगर वैशाख १० गते, वर्दिया गुलरिया वैशाख १२ गते, सुर्खेत वैशाख १४ गते ।<br>
आयोजक : सांस्कृतिक संस्थान ।<br>
प्रवर्द्धक : नेपाल पर्यटन बोर्ड ।<br>
सहकार्य : नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग ।<br>
विशेष सहयोग : नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय ।

# सात प्रदेशमा सांस्कृतिक संस्थानः कोशी प्रदेश, सोलुखुम्बुमा कार्यक्रम सम्पन्न

५ वैशाख २०८२ सोलुखुम्बु ।

संस्कृतिका माध्यमबाट नवजागरण प्रवाह गर्ने उद्देश्यकासाथ सांस्कृतिक संस्थानको आयोजना, नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहकार्य, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको विशेष सहयोगमा सात प्रदेशका प्रदेश, स्थानीय सरकार र सरकारी एवम् गैरसरकारी विभिन्न संघसंस्थासँगको समन्वयमा "सांस्कृतिक पर्यटनका लागि संस्कृति प्रवर्द्धन, संस्कृति प्रवर्द्धनका लागि नवजागरण" भन्ने श्लोकनकासाथ महाकवि लक्ष्मीप्रसाद देवकोटा कृत ऐतिहासिक गीति नाटक मुनामदन सहित नेपाली संस्कृतिको प्रवर्द्धनका लागि जागरणमूलक सांस्कृतिक कार्यक्रम "नेपाली संस्कृति" मिति २०८२ वैशाख ५ गतेका दिन सोलुखुम्बुमा प्रदर्शन गरिएको छ ।

संस्थानका कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूको सभाध्यक्षता, सोलुखुम्बु जिल्ला समन्वय समितिका प्रमुख श्री कृष्ण प्रसाद निरौलाज्यूको प्रमुख आतिथ्यता, प्रमुख जिल्ला अधिकारी श्री अनोज कुमार घिमिरेज्यूको विशेष आतिथ्यता, जिल्लाका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका निर्देशक श्री मुकेश कुमार केसरी ज्यू, स्थानीय सरकारका जनप्रतिनिधि तथा कर्मचारीज्यूहरूको आतिथ्यतामा सो कार्यक्रम सम्पन्न भएको छ। सो कार्यक्रमको उद्घोषण संस्थानका कलाकार सेवामा कार्यरत कर्मचारी श्री रोहित सुवेदीज्यूले गर्नु भएको थियो । उक्त कार्यक्रममा समग्र नेपाली संस्कृति बोकेको ऐतिहासिक गीति नाटक मुनामदन, सचेतनमूलक नाटक व्यक्तिगत घटना दर्ता, मौलिक बनगारी टप्पा नृत्यका अलावा लापोन्मुख स्थानीय लोकसंस्कृति स्याप्ठो नृत्य (स्याब्रु नृत्य) नेपाल शेर्पा बिद्यार्थी संघ सोलुखुम्बुद्वारा प्रस्तुत गरिएको थियो ।






नेपाली संस्कृति

# सांस्कृतिक संस्थानको सात प्रदेश यात्रा : मधेस प्रदेश, जनकपुरमा कार्यक्रम सम्पन्न




७ वैशाख २०८२, जनकपुर।
संस्कृतिका माध्यमबाट नवजागरण प्रवाह गर्ने उद्देश्यकासाथ सांस्कृतिक संस्थानको आयोजना, नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहकार्य, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको विशेष सहयोगमा सात प्रदेशका प्रदेश, स्थानीय सरकार र सरकारी एवम् गैरसरकारी विभिन्न संघसंस्थासँगको समन्वयमा "सांस्कृतिक पर्यटनका लागि संस्कृति प्रवर्द्धन, संस्कृति प्रवर्द्धनका लागि नवजागरण" भन्ने श्लोकनकासाथ महाकवि लक्ष्मीप्रसाद देवकोटा कृत ऐतिहासिक गीति नाटक मुनामदन र घटना दर्ता विशेष सचेतना नाटक सहित नेपाली संस्कृतिको प्रवर्द्धनका लागि जागरणमूलक सांस्कृतिक कार्यक्रम "नेपाली संस्कृति" मधेश प्रदेशका लागि जनकपुरस्थित उद्योग वाणिज्य संघको सभाहलमा मिति २०८२ वैशाख ७ गते आइतबारका दिन कार्यक्रम "नेपाली संस्कृति" सभ्यभव्य रूपमा सम्पन्न गरिएको छ।

कार्यक्रम "नेपाली संस्कृति" लाई नयाँ वर्ष २०८२ सालको अवसरमा वैशाख १ गते "शुभारम्भ सांस्कृतिक साँझ





२०८२” मार्फत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको हातबाट समुद्घाटन गरी सात प्रदेशको यात्रा गरेको थियो। युवालाई विदेशभन्दा स्वदेशप्रतिको मोह बढाउने सन्देश सम्प्रेषण गर्न वर्तमान नेपालको परिवेश प्रतिविम्बित महाकवि लक्ष्मीप्रसाद देवकाटा कृत लोकप्रिय खण्डकाव्यमा आधारित ‘गीति नाटक मुनामदन’, नेपाली समाजमा विद्यमान व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतनामूलक नाटक, नेपालको पहिचानयुक्त लोकगीत, लोकनृत्य तथा सम्बन्धित स्थानीय तहको मौलिक संस्कृति समेत समेटिने गरी नवजागरणमूलक एवम् सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम “नेपाली संस्कृति” लाई सांस्कृतिक संस्थानका कलाकारहरूद्वारा सात प्रदेशमा प्रदर्शन सम्पन गरेको हो। संस्थानका कार्यक्रम तथा योजना शाखा संयोजक



श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूको सभाध्यक्षता, धनौजी गाउँपालिकाका अध्यक्ष श्री राजकुमार शाहज्यूको प्रमुख आतिथ्यता, धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी उमेश कुमार दाहालज्यूको विशेष आतिथ्यता, पालिकाकाका अध्यक्षज्यूहरू, नगरपालिका उपमेयरहरू, स्थानिय निकायमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतहरू तथा कर्मचारीहरू र स्थानीय जनप्रतिनिधिज्यूहरूको आतिथ्यतामा सो कार्यक्रम सम्पन्न भएको हो । सो कार्यक्रममा स्वागत मन्तव्य राष्ट्रिय परिचय तथा पञ्जीकरण विभागका मणि कुमार तामाङज्यूले गर्नु भयको थियो भने उद्घोषण संस्थानका कलाकार सेवामा कार्यरत कर्मचारी श्री रोहित सुवेदीज्यूले गर्नु भएको थियो। उक्त कार्यक्रममा समग्र नेपाली संस्कृति बोकेको ऐतिहासिक गीति नाटक मुनामदन, सचेतनमूलक नाटक व्यक्तिगत घटना दर्ता, मौलिक तामाङ सेलो नृत्यका अलावा लापोन्मुख स्थानीय लोकसंस्कृति झिझिया नृत्य रंगदर्पण समूहद्वारा प्रस्तुत गरिएको थियो।

# सांस्कृतिक संस्थानको सात प्रदेश यात्रा : सुदूरपश्चिम प्रदेश, महेन्द्रनगरमा कार्यक्रम सम्पन्न




१० वैशाख २०८२ महेन्द्रनगर ।

संस्कृतिका माध्यमबाट नवजागरण प्रवाह गर्ने उद्देश्यकासाथ सांस्कृतिक संस्थानको आयोजना, नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहकार्य, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको विशेष सहयोगमा सात प्रदेशका प्रदेश, स्थानीय सरकार र सरकारी एवम् गैरसरकारी विभिन्न संघसंस्थासँगको समन्वयमा “सांस्कृतिक पर्यटनका लागि संस्कृति प्रवर्द्धन, संस्कृति प्रवर्द्धनका लागि नवजागरण” भन्ने श्लोकनकासाथ महाकवि लक्ष्मीप्रसाद देवकोटा कृत ऐतिहासिक गीति नाटक मुनामदन र घटना दर्ता विशेष सचेतना नाटक सहित नेपाली संस्कृतिको प्रवर्द्धनका लागि जागरणमूलक सांस्कृतिक कार्यक्रम “नेपाली संस्कृति” सुदूरपश्चिम प्रदेशका लागि महेन्द्रनगरस्थित उद्योग वाणिज्य संघको सभाहलमा मिति २०८२ वैशाख १० गते बुधबारका दिन कार्यक्रम “नेपाली संस्कृति” सभ्यभव्य रूपमा सम्पन्न गरिएको छ ।

कार्यक्रम “नेपाली संस्कृति” लाई नयाँ वर्ष २०८२ सालको अवसरमा वैशाख १ गते “शुभारम्भ सांस्कृतिक साँझ २०८२” मार्फत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको हातबाट समुद्घाटन गरी संस्थानले सात प्रदेशको यात्रा गरेको हो । युवालाई विदेशभन्दा स्वदेशप्रतिको मोह बढाउने सन्देश सम्प्रेषण गर्न वर्तमान नेपालको परिवेश प्रतिविम्बित महाकवि लक्ष्मीप्रसाद देवकाटा कृत लोकप्रिय खण्डकाव्यमा आधारित ‘गीति नाटक मुनामदन’, नेपाली

समाजमा विद्यमान व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतनामूलक नाटक, नेपालको पहिचानयुक्त लोकगीत, लोकनृत्य तथा सम्बन्धित स्थानीय तहको मौलिक संस्कृति समेत समेटिने गरी नवजागरणमूलक एवम् सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम “नेपाली संस्कृति” लाई सांस्कृतिक



संस्थानका कलाकारहरूद्वारा सात प्रदेशमा भव्यताका साथ प्रदर्शन गरिएको हो ।

संस्थानका कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूको सभाध्यक्षता, कञ्चनपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री लक्ष्मण ढकालज्यूको प्रमुख आतिथ्यता, पुनर्वास नगरपालिका प्रमुख श्री तोयप्रसाद शर्माज्यूको विशेष आतिथ्यता, पालिकाकाका अध्यक्षज्यूहरू, नगरपालिका उपमेयरहरू, स्थानिय निकायमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतहरू तथा कर्मचारीहरू, पत्रकारहरू र स्थानीय जनप्रतिनिधिज्यूहरूको आतिथ्यतामा सो कार्यक्रम सम्पन्न भएको हो । सो कार्यक्रममा स्वागत सहितको विशेष मन्तव्य प्रमुख जिल्ला अधिकारीज्यूको रहेको थियो भने उद्घोषण संस्थानका कलाकार सेवामा कार्यरत कर्मचारी श्री रोहित सुवेदीज्यूले गर्नु भएको थियो । उक्त कार्यक्रममा समग्र नेपाली संस्कृति बोकेको ऐतिहासिक गीति नाटक मुनामदन, सचेतनमूलक नाटक व्यक्तिगत घटना दर्ता, मौलिक तामाङ सेलो नृत्य, झ्याउरे नृत्यका अलावा लापोन्मुख स्थानीय लोकसंस्कृति छलिया नृत्य स्थानीय समूहद्वारा प्रस्तुत गरिएको थियो ।



## गीति नाटक मुनामदनका सिर्जनशील राष्ट्रिय व्यक्तित्व स्वरसम्राट नारायण गोपाल गुरुवाचार्यज्यूप्रति उच्च सम्मान गर्दै उहाँको परिवारजनलाई शिष्टाचार सम्मान



११ वैशाख २०८२, काठमाडौँ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको प्रमुख आतिथ्यतामा वैशाख १ गते सांस्कृतिक संस्थानको मेगा हल जमल काठमाडौँमा सभ्यभव्य ढंगले सम्पन्न गरिएको 'शुभारम्भ सांस्कृतिक साँझ २०८२' कार्यक्रम मार्फत ऐतिहासिक गीति नाटक मुनामदन उत्पादन हुनुमा पहिलोपटक सिर्जनशील कला मार्फत अतुलनीय योगदान दिनुहुने सिर्जनशील राष्ट्रिय व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो । मृत्युवरण गरिसक्नु भएका सिर्जनशील राष्ट्रिय व्यक्तित्वहरूको हकमा उहाँहरूको परिवारजनलाई सम्मान गरिएको थियो । सो कार्यक्रममा कुनै राष्ट्रिय व्यक्तित्वहरू स्वास्थ्य अवस्थाको कारण उपस्थित हुन नसक्नु भएको, कुनैसँग सम्पर्क हुन नसकेकाले निरन्तर सम्पर्क गर्ने कोसिस गरी सम्मान गर्ने बताइएको थियो । सोही अनुरूप स्वरसम्राट नारायण गोपाल गुरुवाचार्यज्यूको परिवारजनको तर्फबाट उहाँको सहोदर भाइ श्री लक्ष्मण गोपाल गुरुवाचार्यज्यूलाई सांस्कृतिक संस्थानले शिष्टाचारको सम्मान गरेको छ । गीति नाटक मुनामदनका सिर्जनशील राष्ट्रिय व्यक्तित्वको रूपमा सांस्कृतिक संस्थानका पूर्वमहाप्रबन्धक स्वरसम्राट नारायण गोपाल गुरुवाचार्य प्रति उच्च सम्मान गर्दै उहाँको परिवारजनलाई सम्मान गरिएको हो । स्वरसम्राट नारायण गोपाल गुरुवाचार्य ज्यू तत्कालीन सांस्कृतिक संस्थानमा कर्मचारीको रूपमा कार्यरत रहँदा उहाँले महाकवि लक्ष्मीप्रसाद देवकोटा कृत लोकप्रिय खण्डकाव्यमा आधारित गीति नाटकमा नेपाल कलाभूषण चन्दराज शर्माको संगीतमा मदनको भूमिकाको गायन गर्नुभएको थियो ।

सम्मान गरेकोमा खुशी व्यक्त गर्दै श्री लक्ष्मण गोपाल गुरुवाचार्यज्यूले भन्नुभयो 'स्वरसम्राट नारायण गोपाल गुरुवाचार्यज्यूका कृतिहरूलाई युगौंयुग बचाउन सांस्कृतिक संस्थानले खेलेको भूमिकाप्रति आभार प्रकट गर्दछु । हामी परिवारलाई स्वरसम्राट नारायण गोपाल गुरुवाचार्यज्यूको बढी चिन्ता हुने भएतापनि स्वरसम्राट नारायण गोपालज्यूका कृतिहरू प्रकाशन गर्ने निकायहरू र उहाँको वकालत गर्न स्थापित निकायहरूले हामीलाई समेटेर लैजाने कुराको वेवास्ता गर्दै आएको थियो । तर संस्थानले यसरी सम्झेकोमा हर्षविभोर भएको बताउनुभयो । साथै उहाँले आफूलेपनि सांस्कृतिक संस्थानमा कलाकार सेवामा कर्मचारीको रूपमा २ वर्षजति काम गरेकाले सांस्कृतिक संस्थान मेरा लागि एक सांगीतिक पाठशाला जस्तो लाग्ने कुरा समेत बताउनुभयो ।'

# सांस्कृतिक संस्थानको सात प्रदेश यात्रा : लुम्बिनी प्रदेश, बर्दियामा कार्यक्रम सम्पन्न




१२ वैशाख २०८२, बर्दिया ।
संस्कृतिका माध्यमबाट नवजागरण प्रवाह गर्ने उद्देश्यकासाथ सांस्कृतिक संस्थानको आयोजना, नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहकार्य, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको विशेष सहयोगमा सात प्रदेशका प्रदेश, स्थानीय सरकार र सरकारी एवम् गैरसरकारी विभिन्न संघसंस्थासँगको समन्वयमा "सांस्कृतिक पर्यटनका लागि संस्कृति प्रवर्द्धन, संस्कृति प्रवर्द्धनका लागि नवजागरण" भन्ने श्लोकनकासाथ महाकवि लक्ष्मीप्रसाद देवकोटा कृत ऐतिहासिक गीति नाटक मुनामदन र घटना दर्ता विशेष सचेतना नाटक सहित नेपाली संस्कृतिको प्रवर्द्धनका लागि जागरणमूलक सांस्कृतिक कार्यक्रम "नेपाली संस्कृति" लुम्बिनी प्रदेशका लागि गुलरिया, बर्दियास्थित जिल्ला समन्वय समितिको सभाहलमा मिति २०८२ वैशाख १२ गते शुक्रबारका दिन कार्यक्रम "नेपाली संस्कृति" सभ्यभव्य रूपमा सम्पन्न गरिएको छ ।

कार्यक्रम "नेपाली संस्कृति" लाई नयाँ वर्ष २०८२ सालको अवसरमा वैशाख १ गते "शुभारम्भ सांस्कृतिक साँझ २०८२" मार्फत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको हातबाट समुद्घाटन गरी सात प्रदेशको यात्रा गरिएको छ । युवालाई



विदेशभन्दा स्वदेशप्रतिको मोह बढाउने सन्देश सम्प्रेषण गर्न वर्तमान नेपालको परिवेश प्रतिविम्बित महाकवि लक्ष्मीप्रसाद देवकाटा कृत लोकप्रिय खण्डकाव्यमा आधारित 'गीति नाटक मुनामदन', नेपाली समाजमा विद्यमान व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतनामूलक नाटक, नेपालको पहिचानयुक्त लोकगीत, लोकनृत्य तथा सम्बन्धित स्थानीय तहको मौलिक संस्कृति समेत समेटिने गरी नवजागरणमूलक एवम् सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम "नेपाली संस्कृति" लाई सांस्कृतिक संस्थानका कलाकारहरूद्वारा सात प्रदेशमा भव्यताका साथ प्रदर्शन गरिएको हो ।

संस्थानका कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूको संयोजकत्वमा, संस्थानका बजार व्यवस्थापक संयोजक श्री अनुपम शर्माज्यूको व्यवस्थापनमा, बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माज्यूको सभाध्यक्षता,



नगरपालिकाका प्रमुखज्यूहरू, गाउँपालिकाकाका अध्यक्षज्यूहरू, नगरपालिका उपप्रमुखज्यूहरू, गाउँपालिकाका उपाध्यक्षज्यूहरू, स्थानिय निकायमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतहरू तथा कर्मचारीहरू, जिल्लका सुरक्षा निकायका प्रमुखज्यूहरू, विभिन्न कार्यालय प्रमुखज्यूहरू, ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानका उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरू, विभिन्न राजनैतिक दलका प्रतिनिधिज्यूहरू, वडा

सचिवज्यूहरू, गैरसरकारी महासंघ तथा विभिन्न संघसंस्थाका प्रतिनिधिज्यूहरूको आतिथ्यतामा सो कार्यक्रम सम्पन्न भएको हो । सो कार्यक्रममा स्वागत सहितको विशेष मन्तव्य प्रमुख जिल्ला अधिकारीज्यूको रहेको थियो भने उद्घोषण संस्थानका कलाकार सेवामा कार्यरत कर्मचारी श्री रोहित सुवेदीज्यूले गर्नु भएको थियो । उक्त कार्यक्रममा समग्र नेपाली संस्कृति बोकेको ऐतिहासिक गीति नाटक मुनामदन, सचेतनमूलक नाटक व्यक्तिगत घटना दर्ता, झ्याउरे नृत्यका अलावा लापोन्मुख स्थानीय लोकसंस्कृति थारु समुदायको मुङ्ग्रहवा नाच ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानबाट र राउटे समुदायको मौलिक लोक नृत्य समेत स्थानीय समूहद्वारा प्रस्तुत गरिएको थियो । सहभागी संस्थानका कलाकारहरू : रेखा कुमारी कटुवाल श्रेष्ठ, माया थापा, सुशिला थापा, रामभजन कामत, दिपेन्द्र बज्राचार्य, रोहित सुवेदी, नरेश प्रजापति, गीता थापा, विपिन घिमिरे, अक्कल पाख्रिन, बिना विश्वकर्मा, शेखर घर्ती, अनमदर्शी बज्राचार्य (बालकलाकार) आदि हुनुहुन्थ्यो ।



# सात प्रदेशमा सांस्कृतिक संस्थान : कर्णाली प्रदेश, सुर्खेतमा कार्यक्रम सम्पन्न

१४ वैशाख २०८२ सुर्खेत ।

संस्कृतिका माध्यमबाट नवजागरण प्रवाह गर्ने उद्देश्यकासाथ सांस्कृतिक संस्थानको आयोजना, नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहकार्य, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको विशेष सहयोगमा "सांस्कृतिक पर्यटनका लागि संस्कृति प्रवर्द्धन, संस्कृति प्रवर्द्धनका लागि नवजागरण" भन्ने श्लोकनकासाथ संस्कृति प्रवर्द्धनमूलक तथा जागरणमूलक सांस्कृतिक कार्यक्रम "नेपाली संस्कृति" कर्णाली प्रदेशका लागि विरेन्द्रनगर, सुर्खेतस्थित शुभ होटलको सभाहलमा मिति २०८२ वैशाख १४ गते आइतबारका दिन "नेपाली संस्कृति" भव्यताका साथ सम्पन्न गरिएको छ ।



कर्णाली प्रर्देशका सामाजिक विकास मन्त्री माननीय श्री घनश्याम भण्डारीज्यूको प्रमुख आतिथ्यतामा संस्कृति प्रवर्द्धनमूलक कार्यक्रम नेपाली संस्कृति सम्पन्न गरिएको हो । कार्यक्रममा सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको  सभाध्यक्षता, संविधान सभा सदस्य तथा कर्णाली प्रदेशका पूर्वमन्त्री माननीय श्री विमला केसी ज्यू, कर्णाली प्रदेश सभा सदस्य माननीय श्री मिलन खड्का रोका ज्यू तथा जिल्ला समन्वय समितिका प्रमुख श्री गंगाराम सुनारज्यूको विशिष्ट आतिथ्यता, जिल्ला समन्वय समिति उपप्रमुख, विभिन्न नगर प्रमुखहरू, गाउँपालिक अध्यक्षज्यूहरू, वडा अध्यक्षज्यूहरू लगायत विभिन्न संघसंस्थाका प्रमुखहरूको आतिथ्यतामा






कार्यक्रम सञ्चालन भएको थियो। कार्यक्रममा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जगदिश्वर उपाध्याज्यूले स्वागत मन्तव्य राख्नुहुँदै संस्कृति प्रवर्द्धनमूलक तथा जागरणमूलक कार्यक्रमले समाजमा राम्रो प्रभाव पार्नेमा विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रमुख अतिथि माननीय मन्त्री श्री घनश्याम भण्डारीज्यूले कार्यक्रममा प्रस्तुत भएका लोकनृत्य तथा नाटकको प्रशंसा गर्दै कर्णाली प्रदेशको संस्कृति संरक्षणका निम्ति सांस्कृतिक संस्थानसँग सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उक्त कार्यक्रममा समग्र नेपाली संस्कृति बोकेको ऐतिहासिक गीति नाटक मुनामदन, सचेतनमूलक नाटक व्यक्तिगत घटना दर्ताका अलावा सुर्खेतको मौलिक झ्याउरे नृत्य र टप्पा नृत्य प्रस्तुत गरिएको थियो।

कार्यक्रममा सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले विशेष सम्बोधन राख्नु भएको थियो। उहाँले कार्यक्रमको उद्देश्य प्रष्ट पार्नुभएको थियो। सिर्जनशील कला मार्फत नेपाली संस्कृति प्रवर्द्धन तथा समाजमा नवजागरण प्रवाह गरी सांस्कृतिक पर्यटनको विकाससँगै संस्कृतिबाटै समृद्धिको आधार निर्माण गर्ने उद्देश्यले यो कार्यक्रम सात प्रदेशमा प्रदर्शनको यात्रा थालनी गरिएको तर्फ जोड दिँदै कर्णाली प्रदेश मूर्त, अमूर्त सांस्कृतिक सम्पदाको धनी प्रदेश भएकाले कर्णालीजस्तो स्वर्गभैँ ठाउँमा अमूर्त र मूर्त सांस्कृतिक सम्पदालाई दक्ष सिर्जनशील युवा जनशक्तिबाट सही ढंगले उत्पादनमैत्री क्रियाकलापमा जोड्ने हो भने सबैभन्दा पहिले संस्कृतिबाटै कर्णाली समृद्ध बन्ने बताउनु भयो। सांस्कृतिक पर्यटनका लागि कर्णाली उपयुक्त गन्तव्य भएकाले कर्णालीको अस्तित्वको कुरामा, संस्कृतिजस्तो

संवेदनशील कुरामा राजनीति नगरौं, कर्णालीको खजाना भौतिक-अभौतिक सांस्कृतिक सम्पदाको सदुपयोगबाट कर्णालीवासीलाई आत्मनिर्भर, स्वरोजगार बनाउने साझा नीति तथा कार्यक्रम निर्माण गर्नतर्फ कर्णाली प्रदेश सरकार लाग्नुपर्ने तर्फ जोड दिनुभयो। नेपाल सरकारको ज्येष्ठ निकाय सांस्कृतिक संस्थान भएकाले कर्णाली प्रदेशको संस्कृति संरक्षणका लागि संस्थानको प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले आफू कर्णाली प्रदेशको छोरो भएकाले कर्णाली प्रदेशको संस्कृतिप्रति झनै चिन्तन हुने कुरा समेत बताउनु भयो।

उक्त कार्यक्रममा ऐतिहासिक गीति नाटक मुनामदनमा श्रव्य सामग्रीमा वादन गर्नुहुने सुर्खेतका वरिष्ठ कलाकार श्री प्रेमदेव गिरीज्यूलाई शिष्टाचारको सम्मान गरिएको थियो। साथै पहिलोपटक अभिनय गर्ने दिवंगत भइसक्नुभएका सुर्खेतकै कलाकारद्वय श्री टेकराज भारती र श्री गोपाल बस्नेतका परिवारजनलाई समेत सम्मान गरिएको थियो।

कार्यक्रम “नेपाली संस्कृति” लाई नयाँ वर्ष २०८२ सालको अवसरमा वैशाख १ गते “शुभारम्भ सांस्कृतिक साँझ

२०८२” मार्फत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको हातबाट समुद्घाटन गरी सात प्रदेशको यात्रा गरिएको छ। युवालाई विदेशभन्दा स्वदेशप्रतिको मोह बढाउने सन्देश सम्प्रेषण गर्न वर्तमान नेपालको परिवेश प्रतिविम्बित महाकवि लक्ष्मीप्रसाद देवकाटा कृत लोकप्रिय खण्डकाव्यमा आधारित 'गीति नाटक मुनामदन', नेपाली समाजमा विद्यमान व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतनामूलक नाटक, नेपालको पहिचानयुक्त लोकगीत, लोकनृत्य तथा सम्बन्धित स्थानीय तहको मौलिक संस्कृति समेत समेटिने गरी नवजागरणमूलक एवम् सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम “नेपाली संस्कृति” लाई सांस्कृतिक संस्थानका कलाकारहरूद्वारा सात प्रदेशमा प्रदर्शन गरिएको हो ।





# सात प्रदेशमा सांस्कृतिक संस्थान : गण्डकी प्रदेश, पोखरामा कार्यक्रम सम्पन्न



२७ बैशाख २०८२, पोखरा ।

संस्कृतिका माध्यमबाट नवजागरण प्रवाह गर्ने उद्देश्यकासाथ सांस्कृतिक संस्थानको आयोजना, नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहकार्य, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको विशेष सहयोगमा सात प्रदेशका प्रदेश, स्थानीय सरकार र सरकारी एवम् गैरसरकारी विभिन्न संघसंस्थासँगको समन्वयमा "सांस्कृतिक पर्यटनका लागि संस्कृति प्रवर्द्धन, संस्कृति प्रवर्द्धनका लागि नवजागरण" भन्ने श्लोकनकासाथ महाकवि लक्ष्मीप्रसाद देवकोटा कृत ऐतिहासिक गीति नाटक मुनामदन र घटना दर्ता विशेष सचेतना नाटक सहित नेपाली संस्कृतिको प्रवर्द्धनका लागि जागरणमूलक सांस्कृतिक कार्यक्रम "नेपाली संस्कृति" गण्डकी प्रदेशका लागि पोखरास्थित होटल उत्सव हिमालयको हलमा मिति २०८२ वैशाख २७ गते शनिबारका दिन कार्यक्रम "नेपाली संस्कृति" भव्यताका साथ सम्पन्न गरिएको छ । उक्त कार्यक्रममा समग्र नेपाली संस्कृति बोकेको ऐतिहासिक गीति नाटक मुनामदन, सचेतनमूलक नाटक व्यक्तिगत घटना दर्ताका अलावा अभौतिक संस्कृति प्रवर्द्धनमूलक मौलिक संस्कृति बनगारी टप्पा नृत्य र झ्याउरे नृत्य समेत प्रदर्शन गरिएको थियो ।

संस्थानका कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूको सभाध्यक्षता, नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक श्री युवराज कट्टेलज्यूको प्रमुख



आतिथ्यता, विभिन्न जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीज्यूहरू, विभागका निर्देशक श्री मुकेश कुमार केशरी ज्यू, जिल्ला समन्वय समितिका पदाधिकारीज्यूहरू, स्थानिय निकायमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतहरू तथा कर्मचारीहरू, स्थानीय निकायका पञ्जीकरण शाखा प्रमुखहरू, वडा सचिवहरू लगायतकाको आतिथ्यतामा सो कार्यक्रम सम्पन्न भएको हो । सो कार्यक्रममा पञ्जीकरण विभागका निर्देशक श्री मुकेश कुमार केशरीज्यूले स्वागत मन्तव्य रहेको थियो भने प्रमुख अतिथि महानिर्देशक श्री युवराज कट्टेलज्यूले संस्थान र विभागको सहकार्यलाई थप मजबूत बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गर्नु भयो । उद्घोषण संस्थानका कलाकार सेवामा कार्यरत कर्मचारी श्री रोहित सुवेदीज्यूले गर्नु भएको थियो ।



कार्यक्रम "नेपाली संस्कृति" लाई नयाँ वर्ष २०८२ सालको अवसरमा वैशाख १ गते "शुभारम्भ सांस्कृतिक साँझ २०८२" मार्फत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको हातबाट समुद्घाटन गरी संस्थानले सात प्रदेशको यात्रा थालनी गरेको थियो । युवालाई विदेशभन्दा स्वदेशप्रतिको मोह बढाउने सन्देश सम्प्रेषण गर्न वर्तमान नेपालको परिवेश प्रतिविम्बित महाकवि लक्ष्मीप्रसाद देवकाटा कृत लोकप्रिय खण्डकाव्यमा आधारित 'गीति नाटक मुनामदन', नेपाली समाजमा विद्यमान व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतनामूलक नाटक, नेपालको पहिचानयुक्त लोकगीत, लोकनृत्य तथा सम्बन्धित स्थानीय तहको मौलिक संस्कृति समेत समेटिने गरी नवजागरणमूलक एवम् सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम "नेपाली संस्कृति" लाई सांस्कृतिक संस्थानका कलाकारहरूद्वारा वैशाख ५ गतेदेखि प्रारम्भ गरिएको सात प्रदेशको यात्रा गण्डकी प्रदेशको पोखरामा प्रदर्शन गरेसँगै सफलतापूर्वक सम्पन्न भएको थियो ।



# ऐतिहासिक गीतिनाटक मुनामदनका संगीत संयोजक तथा स्वरलिपि प्रबन्धक श्री मोहन कृष्ण कार्की ढलीज्यूसँग शिष्टाचार भेटघाट

७ जेठ २०८२, काठमाडौँ ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाकृत ऐतिहासिक गीतिनाटक मुनामदनका संगीत संयोजक तथा स्वरलिपि प्रबन्धक श्री मोहन कृष्ण कार्की ढली ज्यू सँग सांस्कृतिक संस्थानद्वारा शिष्टाचार भेटघाट गरिएको छ।

लोकप्रिय खण्डकाव्यलाई गीतिनाटकको रूपमा उत्पादन हुनका निम्ति पहिलोपटक सिर्जनशील कला मार्फत अतुलनीय योगदान दिनुहुने राष्ट्रिय व्यक्तित्वहरूलाई संस्थानले "शुभारम्भ सांस्कृतिक साँझ २०८२" मार्फत शिष्टाचारको सम्मान गरेको थियो । गीतिनाटकमा पहिलोपटक योगदान दिनुहुने व्यक्तित्वहरूलाई प्रत्यक्ष सम्मान, दिवंगत भइसक्नु भएकाको तर्फबाट परिवारजनलाई सम्मान र पहिचान गर्न नसकिएको परिवेशमा खोजी कार्य निरन्तर गरिरहेकाले गीतिनाटक मुनामदनका संगीत संयोजक तथा स्वरलिपि प्रबन्धक श्री मोहन कृष्ण कार्की ढली ज्यू सँग संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले शिष्टाचार भेटघाट गर्नुभई आभार प्रकट गर्नुभएको छ । सो भेटघाटमा श्री मोहन कृष्ण ढलीज्यूले पहिलोपटक प्रदर्शन गरिएको गीतिनाटक मुनामदनको ब्रोसर संस्थानका महाप्रबन्धकज्यूलाई हस्तान्तरण गर्नुभएको छ।

भेटघाटमा कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठ ज्यू र नृत्य शाखा संयोजक तथा हाल प्रदर्शनमा आएको गीतिनाटक मुनामदनका निर्देशक



"सांस्कृतिक संस्थानको

तेस्रो वार्षिकोत्सवको

उपलक्ष्यमा

सांस्कृतिक संस्थानद्वारा प्रस्तुत

# "मुना मदन"

(गीति नाट्यको रुपमा)

र

कठपुतली प्रदर्शनको कार्यक्रम

२०३२ आषाढ ५ गते

राष्ट्रिय नाचघर

श्री माया थापा ज्यू सहभागी हुनुहुन्थ्यो । ब्रोसर प्राप्त गरेपछि संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले संस्थानको ऐतिहासिक गीतिनाटक मुनामदनको सत्यतथ्य इतिहासका लागि ब्रोसरले टेवा पुऱ्याएको तर्फ जोडदिँदै गीतिनाटकका संगीत संयोजक तथा स्वरलिपि प्रबन्धक श्री मोहन कृष्ण कार्की ढलीज्यूप्रति धन्यवाद सहित आभार प्रकट गर्नुभयो । भेटघाटमा संगीत संयोजक तथा स्वरलिपि प्रबन्धक श्री मोहन कृष्ण कार्की ढलीज्यूले हालसम्मको इतिहासमा यसरी संस्थानका सांस्कृतिक सम्पत्तिको सत्यतथ्य खोज गर्ने कोही महाप्रबन्धक नभेटेको तर्क गर्दै सिर्जनशील क्रियाकलाप गर्ने श्रमजीवी व्यक्तित्वहरूका सत्यतथ्य जानकारी नयाँ पुस्तामाझ ल्याउने महान् कार्य गरेकोमा महाप्रबन्धकज्यूप्रति हार्दिक आभार सहित खुशी व्यक्त गर्नुभयो ।

ब्रोसर प्राप्तपछि पहिलोपटक गीतिनाटक मुनामदन उत्पादन, मञ्चन तथा प्रदर्शन हुनुमा सिर्जनशील कला मार्फत योगदान दिनुहुने राष्ट्रिय व्यक्तित्वहरूको भूमिका बारे थप पुष्टि भएको छ ।



# युवा तथा खेलकुद मन्त्रालय र सांस्कृतिक संस्थान बीच सम्झौता



८ जेठ २०८२, काठमाडौँ ।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय र सांस्कृतिक संस्थान बीच सम्झौता भएको छ । युवा तथा खेलकुद मन्त्रालयको आ.व.२०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत 'सांस्कृतिक कार्यक्रमहरूमा युवाहरूको सहभागिता' कार्यक्रमका लागि सम्झौता गरिएको हो । कार्यक्रमको प्रबमुख उद्देश्य नेपालको पहिचान नेपाली संस्कृतिमूलक सांस्कृतिक कार्यक्रममा युवाहरूको सहभागिता गराई संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन, पुस्तान्तरण र विकासमा युवाहरूको भूमिका निर्माण गर्ने रहेको छ।

सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू र मन्त्रालयका सहसचिव तथा युवा विकास महाशाखा प्रमुख श्री सुवासचन्द्र शिवाकोटीज्यूले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको छ।

सो सम्झौता पश्चात् मन्त्रालयका सहसचिव तथा युवा विकास महाशाखा प्रमुख श्री सुवासचन्द्र शिवाकोटीज्यूले सांस्कृतिक संस्थानसँगको सहकार्यलाई थप विस्तार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । त्यसैगरी संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले युवालाई सिर्जनशील कला मार्फत संस्कृतितर्फ अभिमुखीकरण गरी सांस्कृतिक स्रोतलाई उत्पादनसँग जोड्ने आधार दिशाबोध गर्न सो कार्यक्रमले टेवा पुऱ्याउने एवम् मन्त्रालयसँगको सहकार्य अक्षुण्ण रूपमा प्रगाढ हुँदै जाने विश्वास व्यक्त गर्नुभयो । सो सम्झौता कार्यक्रममा मन्त्रालयका उपसचिव सुरेन्द्र कुमार बज्राचार्य ज्यू, लेखा अधिकृत श्री पिताम्बर बन्जाडे ज्यू र शाखा अधिकृत श्री किरण चौधरीज्यूको सहभागिता रहेको थियो भने संस्थानका कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठ ज्यू, लेखा अधिकृत श्री प्रेम ध्वज जिसी ज्यू, कार्यक्रम तथा योजना शाखा उपसंयोजक श्री रोहित सुवेदीज्यूको उपस्थिति रहेको थियो । नेपाल सरकारको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विविधताभित्र एकता भएको राष्ट्र नेपालको पहिचान तथा अस्तित्व रक्षाका लागि नेपाली संस्कृतिभित्रको सिर्जनशील कला मार्फत जागरणमूलक कार्यक्रम गर्ने अभिप्रायकासाथ पछिल्लो समय महाप्रबन्धक श्री किरण बाबु पुनको कुशल नेतृत्वमा सुशासन सहितको सभ्य संस्कृति निर्माणका लागि नयाँ शिराबाट अगाडि बढेको छ।

# "नेपाली उपशास्त्रीय सङ्‌गीत समारोह २०८२" भव्यताका साथ सम्पन्न



१२ जेठ २०८२, काठमाडौं ।

नेपाल सरकारको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानद्वारा नेपाली संस्कृति भित्रको सिर्जनशील कला अन्तर्गतका हरेक विधाहरूलाई समान रूपमा विकास गर्ने उद्देश्यकासाथ मिति २०८२ जेठ १२ गते संस्थानको मिनी प्रेक्षालयमा आयोजना गरेको लोक तथा शास्त्रीय सङ्गीत सङ्गम कार्यक्रम "नेपाली उपशास्त्रीय सङ्गीत समारोह २०८२" सभ्यभव्य रूपमा सम्पन्न भएको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान शास्त्रीय तथा परम्परागत सङ्गीत विभाग प्रमुख प्राज्ञ श्री डक्टर किरातज्यूको प्रमुख आतिथ्यतामा नेपाली सङ्गीत जगतका विशिष्ट व्यक्तित्वहरूको आतिथ्यतामा सो कार्यक्रम सम्पन्न भएको हो । सांस्कृतिक संस्थानका कलाकार हरूदेखि नेपाली शास्त्रीय सङ्गीतका धरोहरहरू श्री संगीता राना प्रधान ज्यू, श्री डा.रमेश पोखरेल ज्यू, श्री श्री केसी ज्यू, श्री वाणिका प्रधान ज्यू, श्री जलजला परियार ज्यू लगायतले प्रस्तुति दिनु भएको थियो। उहाँहरूलाई नेपाली सङ्गीत क्षेत्रका कुशल वाद्यवादकज्यूहरूले संगतमा साथ दिनुभएको थियो।

त्रिभुवन विश्वविद्यालय, ललितकला क्याम्पसका सहप्राध्यापक समेत रहनु भएका श्री डा.रमेश पोखरेलज्यूले नेपाली उपशास्त्रीय सङ्गीतको वर्तमान अवस्था सम्बन्धी कार्यपत्र प्रस्तुतीकरणसँगै प्रस्तुतीजन्य कार्यक्रम सुरुवात गरिएको थियो । संस्थानका कलाकारद्वारा नेपाली उपशास्त्रीय सङ्गीत सम्बन्धी धून र गायन प्रस्तुति गरिएको थियो । सङ्गीत गुरुआमा एवम् नेपाली उपशास्त्रीय



सङ्गीतका लागि ठुमरी गायनमा रानीका रूपमा परिचित श्री संगीता राना प्रधानज्यूले ठुमरी र दादरा प्रस्तुत गर्नुभएको थियो । सङ्गीतका महान् गुरु श्री श्री केसीज्यूले संयोजन गर्नुभएको राग झिंझोटीमा आधारित नेपाली मौलिक थारु लोकगीत श्री वाणिका प्रधान ज्यू र श्री जलजला परियारज्यूले प्रस्तुत गर्नुभएको थियो । त्यस्तै सङ्गीतका महान् गुरु श्री डा.रमेश पोखरेलज्यूले नेपाली उपशास्त्रीय सङ्गीतका विभिन्न विधाहरूलाई प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले स्वागत मन्तव्य राख्नुहुँदै संस्कृतिलाई नीतिगत ढंगले मार्गनिर्देशन गर्ने काम शास्त्रले गर्ने तथा शास्त्रमा बाँधिएको शास्त्रीय सङ्गीतले मानवजातिलाई सही संस्कृति सम्प्रेषण गर्ने भएकाले चाहे लोक, चाहे सुगम, चाहे शास्त्रीय विधा किन नहोस् सबै विधालाई एकीकृत गरी "नेपाली सङ्गीत विधा" को रूपमा ग्रहण गर्न सक्ने संस्कृतिको विकास गर्नु आजको आवश्यकता रहेको बताउनु भयो । कलाकारको प्रमुख समस्या नीतिगत प्रणालीलाई बुझ्न नसक्नु भएकाले नीतिगत हिसाबले अघि बढ्न नसक्दा पछि परेको, कलाकार भन्ने नचाहिँदो क्षणिक मान मर्यादामा अभ्यस्त हुने प्रवृत्तिका कारण उपभोग्य साधनको रूपमा प्रयोग भएको तर्क गर्नुहुँदै संस्कृति भित्रको उच्चकोटिको अंग कला र कलालाई पूजन गर्ने कलाकार सर्वप्रथम नीतिगत स्पष्ट, सभ्य, सुसंस्कृत भई कला सम्बन्धी स्पष्ट राज्यनीतिका लागि सामूहिक आवाज आजको आवश्यकता भएको बताउनु भयो । उहाँले संसारमा मरेर पनि सजीव हुने प्राणी भनेको सिर्जनशील कला भएको मानव भएको जो कृतिको माध्यमबाट अमर रहिरहने भएकाले नेपाली उपशास्त्रीय संगीतमा पनि नेपाली संगीतका हरेक विधालाई ऐक्यबद्ध गर्ने सूत्रमा बाँध्न सक्ने अमर कृतिको खाँचो भएको तर्फ जोड दिँदै त्यही कृतिको आधार निर्माण गर्न संस्थानको नीति तथा कार्यक्रम अन्तर्गत समायोजन गरी नेपाली उपशास्त्रीय संगीत समारोह आयोजना गरिएको बताउनु भयो । उपशास्त्रीय संगीत (अर्धशास्त्रीय संगीत) भनेको शास्त्रीय संगीत र लोक संगीत संयोजन भएकाले नेपाली शास्त्रीय सङ्गीतको विकासका लागि नेपाल जस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त राष्ट्रमा अनगिन्ती नेपाली लोकगीतलाई ठुमरीका रूपमा विकास गर्नु आधारभूत शर्त भएकाले संस्थानको उद्देश्य नेपालीपन भएको, नेपालीहरूले आफ्नोपनको आभास गर्नसक्ने नेपाली उपशास्त्रीय संगीतको खोजी र विकास गर्नु कार्यक्रमको प्रमुख उद्देश्य भएको तर्फ स्पष्ट पार्नुभयो । साथै लोक, सुगम, शास्त्रीय विधामा देखिएका मतभेदलाई जरैदेखि उखेल्न ओखतीको रूपमा नेपाली उपशास्त्रीय संगीतलाई निर्माण गर्नु पनि कार्यक्रमको उद्देश्य भएकाले शास्त्रीय सङ्गीतको क्षेत्र र त्यसलाई पूजन गर्ने प्राणी बीच नै मतभेद र हाम्रो टुक्रे नीतिले नेपाली शास्त्रीय सङ्गीत विकास हुन नसक्ने तर्फ जोड दिँदै सम्पूर्ण शास्त्रीय सङ्गीतलाई पूजन गर्ने प्राणीहरू र सम्बन्धित निकायको साझा आवाज, साझा नीति अपरिहार्य भएको बताउँदै त्यसमा संस्थानको तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि श्री डक्टर किरातज्यूले नेपाली उपशास्त्रीय सङ्गीतका लागि यो नेपालकै इतिहासमा नयाँ





कार्यक्रम भएकोतर्फ जोड दिँदै यसलाई विकास गर्नुपर्ने धारणा सहित ऐक्यबद्धता प्रकट गर्नुभयो । साथै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान शास्त्रीय तथा परम्परागत सङ्गीत विभागले नेपाली शास्त्रीय सङ्गीत विकासका लागि नयाँ नयाँ नीतिबाट अगाडि बढ्नेतर्फ अग्रसर रहेको बताउँदै संस्थानसँग सहकार्यका नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । यस कार्यक्रम मार्फत नेपालीपन भएका उपशास्त्रीय सङ्गीतको संरक्षणका लागि केही गर्नुपर्ने भावना जागृत गराएको समेत बताउनु भयो ।

कार्यक्रम प्रस्तुतिका क्रममा श्री संगीता राना प्रधान ज्यू, श्री डा.रमेश पोखरेल ज्यू, श्री श्री केसी ज्यू, श्री गोकुल लिम्बु लगायत सङ्गीत क्षेत्रका विद्वानहरूको साझा धारणा वर्षौंदेखिको सपना यस कार्यक्रमले साकार भएको तथा एक नयाँ साङ्गीतिक युगको सुरुवात भएकोतर्फ जोड दिँदै महाप्रबन्धक श्री किरण बाबु पुनज्यूलाई नेपाली सङ्गीत जगतमा एकताको भावना

अभिवृद्धि गर्ने कार्यक्रमको नीति बनाएकोमा हार्दिक आभार प्रकट गर्नुभएको थियो । कार्यक्रम समापन गर्दै महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले सबैप्रति आभार प्रकट गर्दै जतिसुकै बाधा अड्चन आएपनि त्यसको सामना गर्दै नयाँ नयाँ सिर्जनशील क्रियाकलापका नीति तथा कार्यक्रम आगामी दिनमा ल्याउने प्रतिबद्धता व्यक्त गर्दै त्यसका लागि सम्पूर्ण साङ्गीतिक क्षेत्रका विद्वानहरूको साथ सपोर्टको अपेक्षा व्यक्त गर्नुभयो । कार्यक्रम सञ्चालन संस्थानका वाद्यवादन अधिकृत श्री दुर्गा प्रसाद खतिवडा ज्यू र संस्थानका कलाकार श्री विपिन घिमिरेज्यूले गर्नु भएको थियो । कार्यक्रममा उपस्थित सङ्गीतका साधकहरू तथा सम्पूर्ण व्यक्तित्वहरूले कार्यक्रम नयाँपन र उत्कृष्ट भएको धारणा व्यक्त गर्नु भएको थियो ।




सांस्कृतिक संस्थानको प्रस्तुति
लोक तथा शास्त्रीय सङ्गीत सङ्गम कार्यक्रम
नेपाली उपशास्त्रीय सङ्गीत
समारोह २०८२
मिति : २०८२ जेठ १२ गते ।
समय : दिउँसो १:३० बजे ।
स्थान : सांस्कृतिक संस्थानको मिनि प्रेक्षालय ।


१:३० बजे ।
स्थान : सांस्कृतिक संस्थानको मिनि प्रेक्षालय ।
ायोजक : सांस्कृतिक संस्थान ।

# नेपालमा उपशास्त्रीय सङ्गीतको अवस्था

**सह प्रा.डा. रमेश पोखरेल**
त्रिभुवन विश्वविद्यालय
ललितकला क्याम्पस
drrameshpokharel@gmail.com
१२ जेठ २०८२, काठमाडौं

## सार:

शुद्ध शास्त्रीय राग संगीत र लोक-सुगम संगीतको मिश्रणयुक्त गायन वादन विधा नै उपशास्त्रीय संगीत हो। उपशास्त्रीय विधाको विभिन्न गायन वादन शैलीमा विशुद्ध खयाल अंगको राग गायन पक्षको सौन्दर्यात्मक सुमधुरता र सिर्जनशिलता अंगको मिश्रण जब अन्य लोक तथा सुगम संगीतका धुनहरुमा गरिन्छ र दुवैको मिश्रीतरुप आकर्षक ढंगले थोरै शब्द मार्फत विविधतायुक्त स्वर समुहहरुको सुन्दर संयोजन गरि प्रस्तुत गरिन्छ त्यसले उपशास्त्रीय विधाको जन्म हुन्छ। यस किसिमको गायकी वादकी संगीतज्ञको संगीत सम्बन्धी अपार ज्ञान, चिन्तन र सही तालीममा भरपर्छ। कसैले रागको कठोर नियम भित्र रहेर पनि यस विधाको प्रस्तुती गर्छन भने कतिपयले रागको शास्त्रीय नियममा लचिलोपन अपनाई संगीत प्रस्तुति गर्छन्। प्रस्तुत आलेखमा नेपालमा उपशास्त्रीय विधाको विगत र वर्तमान अवस्था, विकासक्रम, यसको व्यावसायिकता, चुनौतीहरु, आगामी रणनीति लगायत यस विधामा भए गरिएका कार्यहरुको बारेमा समेत जानकारी उपलब्ध गराउने कोशिस गरिएको छ। प्राथमिक तथा द्धितियक स्रोत दुवैको यस आलेखमा प्रयोग गरिएको छ।

## शब्दकुञ्जी:

शास्त्रीय, उपशास्त्रीय, राग, ठुमरी, टप्पा, होली, चैती, कजरी

## विषय प्रवेश:

शास्त्रीय र सुगम संगीतको सम्मीश्रण नै उपशास्त्रीय संगीत हो अर्थात शास्त्रीय तथा सुगम संगीतको सम्मीश्रण गरी गायन वादन गरिने संगीत विधालाई पछिल्लो समय उपशास्त्रीय संगीत भनिन्छ। नेपालमा यस गायकीको सुरुवात शास्त्रीय संगीत गायन वादनको शुरुवात भएदेखि नै भइरहेको सहजै अनुमान लगाउन सकिन्छ। अभ्क शाह र राणाकालीन दरवारहरुमा छिमेकी मुलुक भारतबाट तत्कालीन समयमा बिशेषगरि बनारस, लखनउ आदि ठाउँबाट आएका र झिकाइएका संगीतका ठुलठुला उस्ताद र पण्डीतहरुको दरवारबाट सम्पूर्ण संरक्षकत्व प्रदान भएसँगै हुने जल्सा, बैठकी, तालीम र उनीहरुलाइ प्रदान गरिने हौसला बक्शीस र इनामहरुबाट शास्त्रीय तथा उपशास्त्रीय विधाको उच्चतम प्रयोग र विकास भएको मान्न सकिन्छ। मल्लकालीन समयमा शास्त्रीय संगीतको राग गायन परम्परा विशुद्ध रुपमा रहेपनि राणाकालीन समयमा उपशास्त्रीय विधाले समेत गहिरो जरा गाडेको सन्दर्भ तत्कालीन नेपाली संगीतज्ञ र भारतिय संगीतज्ञका ऐतिहासिक तथ्यले प्रतिविम्बीत गर्छ। कलकत्ता, दिल्ली, जयपूर, बनारस, लखनउ लगायतका अधिकांश शास्त्रीय संगीतज्ञहरु तत्कालीन ब्रिटिश शासकहरुबाट भारतमा भएका अलग अलग राजशाहीहरुको समाप्तीसँगै जीविकोपार्जनको लागि शुद्ध शास्त्रीय रागगायन सँगसँगै लोक विधालाइ पनि व्यावसायिक प्रयोजनार्थ प्रस्तुतीमा सामेल

गराउन शुरु गरिसकेका थिए। अतः शास्त्रीय गलाबाट जब सर्वसाधारणको मनोरञ्जनको लागि उनीहरुले लोकगीतको गायन प्रस्तुत गर्न थाले कालान्तरमा उक्त शैलीनै उपशास्त्रीयको नामले चिनिन थाल्यो। उपशास्त्रीय विधालाइ प्रष्टसँग बुझ्दा, यस विधामा रागको कठोर नियममा केही लचकता समेत अपनाइन्छ र लोक तथा सुगम संगीतका मिठासयुक्त स्वर समुहहरुको बडो कारीगरी ढंगले किसिमकिसिमले बोल बनाबहरुद्धारा गायन प्रस्तुत गरिन्छ। विशेषगरी उपशास्त्रीय विधा अन्तर्गत टप्पा, ठुमरी, दादरा, होली, कजरी, चैती, गजल, भजन आदि पर्दछन्। तर यसमा बुझ्नुपर्ने कुरा गायकको प्रस्तुतिको अन्दाज कस्तो छ ? उस्को गायकीले यस विधालाइ कत्तीको न्याय गरेको छ, उक्त कुरा विचारणीय मानिन्छ। अझ यसलाइ सजिलो गरी बुझ्दा, जब ठहरावका साथ बडाख्यालको मिजाजमा र अन्दाजमा गायन गरिन्छ त्यसलाई ठुमरी अन्दाज मानिन्छ र छोटाख्यालको अन्दाजमा गरिने गायकीलाइ दादरा अन्दाज भनि शास्त्रीय संगीत क्षेत्रमा आम रुपमा बुझाई देखिन्छ। शास्त्रीय संगीत भित्रका संकीर्ण किसिमका विभिन्न सरल र सुवोध रागहरुको गायकी र सुगम संगीत अन्तर्गतका लोक फिल्मी या अन्य लोकप्रिय गीत धुनहरुका विविध वारिकीलाई सम्मीश्रण गर्ने परम्पराबाट उपशास्त्रीय विधाको जन्म भएको मानिन्छ। उपशास्त्रीय संगीतको सुरुवात र प्रचलन शास्त्रीय संगीतलाई पनि जनरुची अनुसारको बनाउने उद्धेश्यबाट गरिएको प्रष्ट हुन्छ। अर्को अर्थमा शास्त्रीय संगीतज्ञहरुले जनरुचीलाई मध्यनजर गर्दै आइनो प्रस्तुतिको अन्त्यमा जब लोक संगीतलाई समेत सामेल गरेर गायन, वादन प्रस्तुत गर्न थाले र गायकी र वादकीमा शास्त्रीयता र लोक दुवैको सम्मीश्रण देखापर्न थाल्यो एउटा नविन उपशास्त्रीय विधाको जन्म भयो। मिठासपूर्ण खयाल अंगको आलापचारीयुक्त बोल बनावट, सिमित शब्द रचनाको अलग अलग अन्दाजको लालित्यपुर्ण भाव सम्प्रेषण अर्थात् सौन्दर्य रस अनुसारको गायकी मार्फतको तालवद्ध अपार कल्पनाशिल-सदृश अनुनय विनययुक्त श्रृंगारिक भावभंगी उपशास्त्रीय विधाका विशेषता हुन। कतिपय संगीतज्ञहरुले आफ्नो गलाको तयारीलाई प्राथमिकतामा राखेर जब ख्याल अंगको दानेदार तानको अन्दाजमा उपशास्त्रीय विधाको गायन गर्न सुरुवात गरे कालान्तरमा सोही विधाले टप्पाको रुपमा पञ्जाव र दिल्ली भूखण्डतिर प्रसिद्धी पायो। १६ औं शताब्दीतिर भारतको हालको उत्तर प्रदेशमा भक्ति आन्दोलनको प्रभावसँगै ठुमरीको उद्‌भव र विकास हुँदै गएपछि यो विधा नृत्य परम्पराको अभिन्न अंग बन्यो। ठुमरी ब्रजभाषाद्धारा उत्पन्न भएको मानिन्छ। यसलाई दुई अंगले गायन गरिन्छ पुरव (पुर्वी) अंग र पञ्जाव अंग। पुर्वी अंग बनारस र लखनउमा प्रचलित छ भने पश्चीम अंग दिल्ली र पञ्जावमा। नेपालको ठुमरी गायकी पुर्वी अंगबाट प्रभावित छ (दर्नाल, २०६१, पृ.२२)। कत्थक (नृत्यशैलीमा कथा भन्नु) नृत्यको ठुमक या ठुम्का लगाउने भावभंगी र लच्किँदै र बल्खाउँदै हिँड्ने चालसँगैको भावपूर्ण किसिमको विस्तारित आलापचारीयूक्त सुगम संगीत भन्दा केही विलम्वीत किसिमको गायकी नै उपशास्त्रीय विधाको ठुमरी गायकी हो। यसमा संयोग र वियोग श्रृंगार, शान्त र करुण रसादीको अधिकतर प्रयोग गरिएका सरल सहज जनबोलीका शब्दहरुको विशेष गायन गरिन्छ। जब सोही गायकी केही द्रुत हिसावले गायन गरिन्छ र ठुमरी जसरी एक एक स्वर बढत नगरी मिठा मिठा स्वर समुहको प्रयोग गरि बोल बनाव गर्दै अझ सुगम संगीतको हिसावले गायन गरिन्छ त्यही गायकी दादराको रुपले चिनिन्छ। दादरा गायकीलाइ कुनै तालको नामको रुपमा लिनु हुँदैन यो एउटा विशुद्ध उपशास्त्रीय गायन विधा हो। अन्य वर्षा ऋतुसँग सम्बन्धीत शब्द र प्रकृतिलाइ गायकको भावसँग एकाकार गरि गाइने उपशास्त्रीय विधालाइ कजरी भनिन्छ, त्यस्तै होलीसँग सम्बन्धीत शब्द र भावपूर्ण गायकी होलीको रुपमा चिनिन्छ भने बसन्त ऋतु अन्तर्गतको चैत्र महिनाको प्रकृति र भगवान श्रीरामको जन्मोत्सवसँग सम्बन्धीत वर्णनयूक्त उपशास्त्रीय गायन विधालाइ चैतीको नामले चिनिन्छ जुन हाम्रो मिथिला, भोजपुरा, अवधी सांस्कृतिक परम्परा र काठमाण्डौ उपत्यकामा पनि यदाकदा उपरोक्त विधाहरुको गायकी पछिल्लो समय सुन्न सकिन्छ। उपशास्त्रीय विधाहरु अधिकतर कहरवा, अद्धा, जत, दिपचन्दी, दादरा लगायत तालहरुमा गाइन्छ। हाम्रा

नेपाली कौडा चुट्का, र टप्पाहरु लय र छन्दको हिसावले गाउने जुन अन्दाज छ सोही अन्दाज र छन्दमा ठुमरी, दादरा, चैती र टप्पा गायन गरिन्छ सामान्य हिसावले बुझ्नको लागि, तर शास्त्रीय अन्दाजको छनकमा। लोक गायनमा जस्तो छ त्यस्तै हुबहु गायन गरिन्छ भने उपशास्त्रीयमा गायन गर्ने रचनालाइ अलग अलग अन्दाजमा विस्तारित हिसावले गाइन्छ र अन्तमा केही द्रुत हिसावले तालको छन्दमा शब्द बोल बनाउँदै लयमा भरपुर खेल्दै पुनः पहिलेको लयमा आई या द्रुत लयमै गायन, वादन समापन गरिन्छ । अन्य उपशास्त्रीय विधाको गजल, भजन लगायतका विधाहरुको गायकी पनि सुगम सँगीतको अन्दाज भन्दा पृथक रुपमा उपशास्त्रीय अन्दाजमा कतिपय संगीतको उच्च ज्ञान भएका गायक गायिकाले र वादकले गर्दै आएको नेपालको परिप्रेक्षमा जगजाहेर नै छ।

नेपालमा उत्तर भारतीय संगीत पद्धतीको प्रभावः नेपालमा उत्तर भारतिय संगीत पद्धतीको समग्र प्रभावसँगै त्यहाँको गायन वादन, नृत्य शैलीको प्रभाव ऐतिहासिक कालखण्ड देखि नै पर्नु स्वभाविकै मानिन्छ यसको कारण खुला सिमाना र समाजिक, सांस्कृतिक, धार्मिक मान्यता कतिपय समान हुनु पनि हो। समग्रमा भन्नु पर्दा नेपाली संगीतको केही मौलीक पक्षलाइ छोडेर, समग्र शास्त्रीय उपशास्त्रीय र सुगम संगीतको गायकी, वादकी पक्षमा दक्षीण एशियाली देशहरुको विशेष गरि उत्तरी भारतीय भुखण्डीय संगीतको प्रभाव हुनु स्वाभाविक मानिन्छ र कतिपय उनीहरुमा पनि नेपाली संगीतको प्रभाव बेस्सरी महशुस गर्न सकिन्छ। यो अवस्था हुनुको मुख्य कारण ऐतिहासिक कालखण्ड देखिनै राजनितिक, धार्मीक, शैक्षीक, सांस्कृतिक, सामाजिक र आर्थिक अन्तरघुलनको  नेपाली समाज र भारतिय समाजको बनोट, समान सामाजिक र सांस्कृतिक आस्था तथा मान्यताहरु, समान पुर्विय दर्शन र चिन्तन लगायतका विविध पक्षहरुलाइ समाजशास्त्रीय दृष्टिकोणलाई गहिरो आधार मान्न सकिन्छ। यस विषयसँग सम्बन्धीत भएर अनुसन्धान गरिएका पुर्वकार्यहरु र साहित्यको गहिरो अध्ययन र समिक्षा गर्दा नेपालमा उपशास्त्रीय विधाको बारेमा यथेष्ट चर्चा गरिएका साहित्यहरु नगन्यरुपमा पाइए र शास्त्रीय संगीतको बारेमा भने यथेष्टरुपमा जानकारी प्राप्त गर्न सकिन्छ। राणाकालीन दरवारमा उपशास्त्रीय गायन गर्ने गायक गायीकाको बारेमा भने विभिन्न उल्लेखहरु प्राप्त हुनुले पनि नेपालमा उपशास्त्रीय विधा शास्त्रीय संगीत विधासँगसँगै अघि बढेको आधार प्राप्त हुन्छ (पोखरेल, सन् २०१९) । तत्कालीन दरबारमा गायन गर्ने कलाकारहरुको नामावलीबाटै उनीहरुको विद्धता शास्त्रीय संगीत सँगसँगै उपशास्त्रीय सँगीतमा पनि थियो भन्न सकिन्छ किनकी उनीहरु अधिकाँस बनारस र लखनउसँग सम्बन्धीत थिए जुन ठाउँ आज पर्यन्त उपशास्त्रीय विधाको मजबुत गढ मानिन्छ। श्री ५ पृथ्वी वीरविक्रम शाहदेवको राज्यकालमा राणा प्रधानमन्त्री वीरशमशेरको दरवारमा र तत्कालीन अन्य दरबारमा पनि आएका धेरै सँगीतज्ञहरु र कलावन्तहरुमा प्रसिद्ध बनारस घरानाका ठुमरी गायक जगदीप मिश्र पनि थिए। शायद नेपालमा पहिलो पटक ठुमरीको परिचय र गायकी कस्तो हुन्छ भन्ने कुरा यिनैले परिचय दिएको हुनुपर्छ र यसभन्दा अघिदेखि पनि नेपालमा ठुमरी लगायत उपशास्त्रीय विधाको गायन हुँदै आएको विभिन्न तथ्यहरुबाट अनुमान लगाउन सकिन्छ  (दर्नाल, २०६१) । वीरशमशेरको दरवारमा लक्षमणदास मिश्र जस्ता संगीतज्ञ आश्रीत थिए। उनले दरवारकी तालीमे केटी ठूली हँसीना, सानी हँसीना,सँग्रामसुर र अरु तीन तालिमे केटीहरुलाई टप्पा, खयाल र ठुमरीको विधिवत् तालीम दिएका थिए। ति कुशल गायीकाहरुको कला जनताले कहिल्यै सुन्न पाएनन् र दरवारकै चैाघेरा पर्खालभित्र उनीहरुको कला सिमित भयो (दर्नाल, २०६१, पृ.२१) ।

प्रस्तुत आलेखमा नेपालमा उपशास्त्रीय संगीतको विगत र वर्तमान अवस्था के कस्तो छ ? यसको प्रस्तुतीकरण, व्यावसायिक र सिर्जनात्मक अवस्था के कस्तो छ र यो किन आबश्यक छ ? नेपाली समाजमा यस विधाको क्रमिक विकास कुन रुपमा भइरहेको छ ? यसका चुनैातीहरु, आगामी रणनिति आदि विषय वस्तु उपर वास्तविक जानकारी उपलब्ध गराउनु यस आलेखको मुल उदेश्य रहेको छ। अध्ययन विधि अन्तर्गत द्धितियक स्रोत र आवश्यकतानुसार

प्राथमिक स्रोत यसमा प्रयोग गरिएका छन् । यस अध्ययनबाट सँगीतका अध्येता तथा नितिनिर्माण तहमा रहनु भएका जोकोहीलाइ पनि आबश्यक एकिकृत जानकारी मिल्ने छ र यसमा रहेका केही सांगीतिक विचारधारा अन्तर्गतका भ्रमहरुलाई समेत चिर्ने कोशीस गरिएको छ । साथै नेपालको सन्दर्भमा यस विधाको व्यावसायिक उन्नयनको लागि गर्नुपर्ने आवश्यक पहलकदमीहरुको बारेमा पनि केही प्रकाश पारिएको छ ।

## अध्ययन विधि :

यस अध्ययनको मुख्य उद्देश्य विशेष गरी नेपालमा उपशास्त्रीय संगीतको अवस्था बारे विगत र वर्तमान समयमा भइरहेका साँगीतिक, व्यावसायिक, सिर्जनात्मक, प्राज्ञीक र प्रस्तुतीकरणका विषयमा एकतृत जानकारी उपलब्ध गराउनुसँग सम्बन्धीत छ । पूर्व प्रकाशित स्रोत एवं जानकारीको विश्लेषणमा गुणात्मक दृष्टिकोण अपनाइनुका साथै प्राथमिक तथा द्धितिय स्रोतको आधारमा अभिलेखिकरणको हिसावले वर्णनात्मक रुपमा विश्लेषण गरिएको छ । अध्ययनको उद्धेश्यलाई सहयोग पुग्ने किसिमले प्रासंगिक पुस्तकहरू, लेखहरू, पत्रिकाहरू, वेबसाइटहरू, अनुसन्धान रिपोर्टहरू अध्ययनको स्रोतको रुपमा लिइएको छ ।

## विगतको अवस्था:

वि.स. १९०३ मा जङ्ग बहादूरले आफ्नो अधिनस्थ शासन सत्ता हातमा लिएपछि भारतका शास्त्रीय एवं उपशास्त्रीय गायक, वादक र नर्तकहरुको सम्पर्क प्रभाव अझ बढ्न थाल्यो र राणा र शाह दरबारहरुमा प्रतिस्पर्धात्मक हिसाबले संगीत सुन्ने र सिक्ने बानी बढ्दै गयो । राजेन्द्र विरविक्रम शाहले नेवारीमा संगीत-नाटक पुस्तक लेखेका थिए । श्री ५ सुरेन्द्र पनि एकदमै शास्त्रीय तथा उप शास्त्रीय संगीत प्रिय थिए । राजा सुरेन्द्रले कास्की जील्लाको बाटूले चौरमा जन्मी भारत गइ बसेका शास्त्रीय संगीताचार्य लक्ष्मण दास मिश्र (जस्को जन्म पोखराको बाटुले चौरमा भएको थियो) जो लामो समयदेखि भारतको विन्ध्याचल मन्दिरमा एकान्तमा संगीत साधनारत थिए, उनलाइ झिकाई आफ्ना दरवारीया भाइ भारदार तथा तालीमे नानीहरुलाइ संगीत शिक्षा दिने उद्धेश्यले आश्रय दिइ राखेका थिए । शास्त्रीय संगीतज्ञ तानसेनका स्वयं मामा पं गदाधर मिश्रका पुत्र पं. हरिहर मिश्र काशीबाट, नेपाल एकिकरण पुर्व नै नेपाल गई विद्धान संगीतज्ञको रुपमा वसेका थिए । संगीत साधनाको लागि पछि मुक्तिनाथ क्षेत्र मार्ग नजिक भएको पोखराको बाटुले चौरमा यिनको स्थायी बसोबास थियो (मिश्र, सन् २०१५) । उनका शिष्यहरुमा शास्त्रीय तथा उपशास्त्रीय संगीतको उच्च दख्खल भएका ठूली हसिना, सानी हसिना, सँग्रामसूर आदि उल्लेखनिय छन । "भारतको बनारसबाट पृथ्वी विरविक्रम शाहका पालामा धेरै शास्त्रीय संगीतज्ञहरु नेपाल आइ यहीँ बसोबास गर्न थालेका थिए जस्मा अयोध्या प्रसाद मिश्र उनका छोरा नानक प्रसाद मिश्र (शास्त्रीय शैलीमा उनी खयाल र ठुमरी गायकीमा सिद्धहस्त थिए) (दर्नाल, २०३८ पृ.५) नाती झुम्मक प्रसाद मिश्र पनाती शम्भु प्रसाद मिश्र र उनका परिवारका सदस्यहरु र तिनका कतिपय बाँकी पछिल्ला पिंढीहरु नेपालमै शास्त्रीय संगीतमा अझै समर्पित छन् र यो परिवारको नेपालको शास्त्रीय संगीतको श्रीबृद्धिमा ठूलो योगदान छ (रेग्मी, २०८०) । यिनै मिश्रहरुका परिवारजन र आफन्तजन आज बनारस घरानाको सँसारभर प्रतिनिधित्व गरिरहेकाछन् जस्को नेपाली शास्त्रीय सँगीतको श्रीबृद्धिमा ठुलो योगदान छ र यिनीहरुका अफन्तजनमा धेरै नेपालीहरुको विहेवारी नाता छ र उनीहरु हिन्दुस्तान कै दिग्गज कलाकारको रुपमा भारतिय सँगीतको अभिलेखमा र जनजनमा लोकप्रिय छन् । पं दिलाराम मिश्रको जन्म (नेपालको सिमाना नजिक सन् १४४५ मा गोण्डा, बलरामपुरमा) भएको थियो र नेपालको संगीत क्षेत्रमा उल्लेख गरिने जति पनि मिश्रहरु छन ति सबै यिनकै वंशजमा आउँछन् । यिनका पूर्वज गोण्डा, बलरामपुरका वैष्णव मठाधिपति संगीतज्ञ थिए र पछि मुस्लीमको आक्रमणमा परि उक्त स्थान

छोडी बृन्दावन आई संगीत प्रचारप्रसार गर्न थाले र पछि काशी बास गर्न थाले । अयोध्या प्रसाद मिश्रको छोरा नानक प्रसाद एवं रामदास मिश्रको छोरा शुकदेव महाराज (प्रख्यात शास्त्रीय, उपशास्त्रीय नृत्यकार सितारादेवी को पिता तथा प्रख्यात नृत्यकार गोपीकृष्णको हजुरवुवा) थिए । कलावन्त पं शिव सहाय मिश्र, पं रामसेवक मिश्र, पं पशुपति सेवक मिश्र, पं शिव सेवक मिश्र लगायत हाल भारत र नेपालमा छरिएर रहेका यिनका वँशज परम्पराको नेपालमा उपशास्त्रीय विधाको पुर्विय अंगको गायकी स्थापना गराउन ठुलो योगदान छ। नेपालका गायक डा. रमेश पोखरेलले पनि यसै वंश परम्पराका भारतका संगीतज्ञ पद्‌म श्री पं सुरेन्द्र मोहन मिश्रबाट उपशास्त्रीय सँगीतको विधिवत शिक्षा ग्रहण गरेका थिए (मिश्र, सन् २०१५, पृ. ) ।

राणा प्रधानमन्त्री बीर शम्शेरले वि.सं. १९५६ साल पौष महिनामा सबैभन्दा ठूलो शास्त्रीय संगीत सम्मेलन विरगंज नजिकै बगेडी भन्ने ठाउँमा गराएका थिए जुन एक महिना सम्म चलेको थियो, जसमा सयौंको संख्यामा भारत र नेपालका उच्च कोटीका संगीतज्ञहरुले भाग लिएका थिए (पोखरेल, सन् २०१९) जुन तस्वीर भारतको हाथरस बाट प्रकाशित संगीत विशारद नामक पुस्तकमा हेर्न सकिन्छ (गर्ग-बसन्त, पृ. ४८०) ।" बगेडीमा आयोजित त्यस संगीत सम्मेलनले संगीत सम्बन्धी निचोड निकाल्दै भातखण्डेको भन्दा फरक रागांगमा आधारित भिन्न दश थाटको परिकल्पना गरेको थियो जस अनुसार कल्याण थाट, भैरव थाट, बिलाबल थाट, तोडी थाट, सारंग थाट, कान्हडा थाट, मल्हार थाट, कोष थाट, शाख थाट र श्री थाट आदि । वि.सं. १९५८ सालमा सँगीत प्रेमी वीर शमशेरको षडयन्त्रमूलक हत्या भएपछि यस सम्मेलनबाट तयार पारिएको ग्रन्थ प्रकाशमा आउन सकेन जुन कार्य अधुरै रह्यो । "(आचार्य २०५४, पृ.१३५) । उनले धेरै भारतीय गायकलाइ नेपाल झिकाइ यहीं बस्ने व्यवस्था समेत  मिलाएका थिए जस मध्येका उस्ताद ताज खाँले नेपालमै सम्पूर्ण जीवन व्यतित गरेका थिए  जसको कब्रस्थान काठमाडौंको स्वयंभूनाथ छेउमा आज पर्यन्त रहेको र सोबारे लेखिएको छ  । प्रधानमन्त्री श्री चन्द्र शमशेरको पालामा  वि.स. १९७३ सालमा भारत बडौदा बासी ए. एम. पठानले गोरखा गीत प्रकाश (पहिलो भाग) नामको सँगीतको नोटेशन समेत दिएर प्रकाशित गरेका थिए (तुलाधर २०३६ पृ.७५)। चन्द्र शमशेरको सिंहदरवारमा मेलवादेवी प्रख्यात गायिकाको रुपमा रहेको पाइन्छ। विर शमशेर र चन्द्र शमशेरको शासनकाललाइ नेपालको शास्त्रीय तथा उपशास्त्रीय संगीत इतिहासको श्वर्ण यूगको रुपमा लिइन्छ। प्रो.बाला प्रसाद त्यतीबेलाका धुरन्धर शास्त्रीय संगीतका गुरु र उपशास्त्रीय विधाका पनि प्रसिद्ध कलाकार थिए । यिनी ध्रुपद, धमार, खयाल देखि लिएर ठुमरी, गजल, कव्वाली र टप्पामा समेत उनको ठुलो अधिकार थियो (दर्नाल, २०३८, पृ. १२) । चन्द्र शमशेरको दरवारमा यिनी मेलवा देवीका पनि संगीत गुरु थिए, केही समय पं यज्ञराज शर्माले पनि यिनीबाट संगीत शिक्षा ग्रहण गर्नुभएको थियो । त्यतीवेला दरवारमा धेरै भारतिय कलाकारहरुको दबदबा रहेको बेला  राणा परिवार र राजा त्रिभुवनको नजरमा धेरै नेपाली कलाकारहरु पनि आफूलाइ नजानिदो तरिकाले शास्त्रीय तथा उपशास्त्रीय विधामा आफुलाइ स्थापित गर्न थालीसकेका थिए तीनमा थिए उस्ताद उजीर, राम बहादूर तण्डुकार, उस्ताद साहिला, उस्ताद बद्री तण्डुकार, उ. नन्दलाल, उ. गणेशलाल, पं देव चन्द्र रेग्मी, एकराज शम्शेर, पूर्णचन्द्र रेग्मी, यज्ञराज शर्मा, कृष्ण चन्द्र रेग्मी, मेलवादेवी, गंगा दत्त पराजुली, नरराज ढकाल, नानक मिश्र, झुम्मक मिश्र आदि । नेपाली कलाकार मेलवा देवी, गंगादत्त पराजुलीको नाम उपशास्त्रीय विधामा अग्रपंक्तीमा लिइन्छ। गंगादत्त पराजुलीले त लखनउका बिन्दादीन महाराजसँग ठुमरी लगायत नृत्य विधाको विधिवत तालीम लिनुभएको थियो (दर्नाल, २०३८, पृ.२८)। यि दुवै गायक गायीकामा ठुमरी टप्पा गायकीको पनि जवरजस्त पकड थियो । पिडादायी प्रवासी जीवनमा मेलवा देवीले गायन गरी कलकत्तामा रेकर्ड गरेको सवारी मेरो रेलैमा (दर्नाल, २०३८, पृ.५९) नेपाली संगीतको इतिहासमा उपशास्त्रीय संगीतको एउटा प्रतिनिधि उदाहरण हो त्यस्तो किसिमको गायकी र तैयारी गला नेपाली सँगीतमा

आज विरलै पाइन्छ। बाध्यताले सदाका लागि आफ्नो देश छोड्नु परेको पिर र कलाकत्तामा पुगेपछि आफ्नो मातृभुमिको सम्फनामा हिज मास्टर्स भ्वाइस रेकर्डिङ कम्पनी तथा मेघाफोन रेकर्ड्स कम्पनी मार्फत मेलवादेवीले सवारी मेरो रेलैमा बोलको गीत रेकर्ड गराइन् (मुकारुँग, २०७१) जुन नेपालको इतिहासमा नेपाली मुलकी महिलाबाट रेकर्ड गरिएको पहिलो गीत मानिन्छ (सायमी, २०६६) यो गीत वि.सं. १९९० को आसपास रेकर्ड गरिएको थियो। भारतको इलाहाबाद सङ्गीत सम्मेलनमा ३ घण्टासम्म एउटै छायाँनट रागमा खयाल गाएर र अन्तमा समापनमा ठुमरी गाएर त्यहाँका ख्यातीलब्ध उस्ताद र सङ्गीत शास्त्रकारहरुबाट ठुमरीकी रानी सम्मानबाट विभुषित (मुकारुँग, २०७१) मेलवादेवीले विभिन्न नेपाली, हिन्दी, बङ्गाली, भोजपुरी, उर्दु,नेवारी आदि भाषाका गीत, ठुमरी समेत गाएकी थिइन्। तत्कालीन समयका पं गँगादत्त पराजुलीको नाम पनि उपशास्त्रीय विधामा उच्चकोटीको गायकको रुपमा लिइन्छ तर उनको कुनैपनि रेकर्ड उपलब्ध नहुनु दुर्भाग्य नै मान्नुपर्छ।

शास्त्रीय उपशास्त्रीय विधाको व्यक्तिगत र सँस्थागत अभ्यासः काठमाडौंको डिल्लीबजारमा पद्मकन्या हाईस्कूलको स्थापनासँगै पहिलो औपचारिक संगीत शिक्षा नेपालमा शुरु भयो जहाँ शास्त्रीय तथा उपशास्त्रीय संगीतज्ञ पं. गंगा दत्त पराजुली वि. स. २००४ सालमा पहिलो संगीत शिक्षकको रूपमा संलग्न थिए (तुलाधर, २०३६, पृ. ७५)। पद्मकन्या स्कूलमा गंगा दत्त पराजुलीले १४ वर्ष संगीत शिक्षकको रुपमा निरन्तर सेवा गरेका थिए। उनी अत्यन्त बहुप्रतिभाशाली शास्त्रीय गायक एवं शास्त्रीय नर्तक पनि थिए। उनी ध्रुपद, ख्याल, टप्पा, ठुमरी, तराना गाउँथे र नेपाली भाषामा पनि यी विधाहरू रचना गर्थे। उनले धेरै भारतीय शास्त्रीय संगीतज्ञहरू जस्तै भारतको बिहारका बैधनाथ धामका पं. सीताराम मिश्र ( राणा चन्द्र शमशेरको दरवारका संगीत शिक्षक), पटनाका उस्ताद मिट्ठु खान, देवासका राजिव अली खान, हैदर खान र मुम्बईका गणेश विश्वनाथ मारनेरकरबाट शास्त्रीय संगीत शिक्षा ग्रहण गरेका थिए। लखनऊका बिन्दादिन महाराजबाट ठुमरी र कथक नृत्य समेत सिकेका थिए। पछि पराजुलीले वि. सं. २०१६ देखि २०२४ सम्म काठमाडौंको मदन मेमोरियल गर्लस् हाईस्कूलमा शास्त्रीय संगीत शिक्षण गर्नुका साथै काठमाडौंकै नारी ज्ञान मन्दिर स्कूलमा समेत तीन वर्षसम्म संगीत शिक्षा प्रदान गरे (पाण्डे र अन्य, २०३४, पृ. २८-२९)।

२००७ साल पश्चात्को अवस्थाः नेपालका एक दिग्गज शास्त्रीय तथा उपशास्त्रीय संगीतज्ञ पं. यज्ञराज शर्मा को अनुरोधलाइ स्वीकार गर्दै वि.सं. २०१२ साल फाल्गुण २३ गते काठमाडौंमा पहिलो संगीत कलेज 'नेपाल संगीत महाविद्यालय' नेपाल संगीत परिषद मातहत रहने गरि खोलिएको थियो। नेपाल संगीत परिषद वि.स. २०११ साल भाद्र महिनामा संगीत शिरोमणी यज्ञराज शर्माकै अध्यक्षतामा गठन भएको थियो (तुलाधर २०३६, पृ. ७६)। यस कलेजको शुरुवातसँगै शर्माले नेपालमा शास्त्रीय संगीत शिक्षा प्रबर्धन गर्न ठूलो पहल गर्नुभयो। वाहाँ स्वयं उपशास्त्रीय सँगीतको समेत ज्ञाता हुनुहन्थ्यो। उहाँ तत्कालीन समयमा शास्त्रीय उपशास्त्रीय सँगीतको प्रस्तुती नेपाली भाषामा पनि हुनुपर्छ भनि सधैँ चिन्तीत हुनुहुन्थ्यो र सोही अभियानमा लाग्नुभएको थियो (प्रधान, २०६२, पृ.४५)। वाहाँबाट समेत शास्त्रीय तथा उपशास्त्रीय सँगीतको करीव ३ वर्ष शिक्षा लिनुभएका सँगीत प्रविण नरराज ढकाल (प्रधान, २०६२, पृ.४६)जस्ले आफ्नो जीवनको पहिलो गुरु मेलवादेवीलाई मान्नु हुन्थ्यो (पृ.४६) उहाँले परम्परागत नेपाली भाषामा रचिएका ठुमरी, दादराहरु आज पर्यन्त चर्चामा छन् जस्तोः राग पहाडीमा दादरा, साईंलीको आँखामा जादु भरेको, कजरी, सावन मासको प्यारो झरी यो, राग काफीमा तिरछी नजरले नहेर मलाई-घुम्टोभित्रै निहुरिएर (स्रोत शास्त्रीय गायक प्रभुराज ढकाल), राग पिलुमा किन हो किन उनीसँग मेरो मन टाँसियो अब के गरुँ (ढकाल, २०४६, पृ.१५१) वाहाँ स्वयँले रचना गरेका उक्त ठुमरीहरु आज पनि नेपाली शास्त्रीय सँगीतको क्षेत्रमा श्रद्धाले गाइन्छ।

तत्कालीन राणाकालीन दरवारहरुमा दैनिक जसो रात्रीकालीन शास्त्रीय उपशास्त्रीय संगीतका जलसाहरु हुन्थे तर सवै कलाकारहरु हिन्दी र उर्दु भाषाका रचनाहरुको गायन, वादन र नृत्य प्रस्तुती गर्नुनै आफुलाई श्रेष्ठ कलाकार सावित गर्ने होडबाजीमा थिए । नेपाली कलाकारहरु प्रतिभा भएर पनि अन्य कलाकारको अपेक्षा केही उपेक्षीत थिए । नेपालमा राणा शासनको अन्त्य र प्रजातन्त्रको पहिलो घोषणासँगै वि. स. २००७ साल चैत्र २० गते रेडियो नेपालको स्थापना (पाण्डे र अन्य, २०३४, पृ. १६०) भएसँगै औपचारिक रुपमा संगीतको प्रचार प्रसारको युग सर्वसाधारण माफ आरम्भ भयो । राणाकालमा नागरिकहरूले जनस्तरमा कुनै संगीत कार्यक्रम गर्नु त्यती सहज मानिदैन थियो र त्यस्ता गतिविधीहरु प्रायः वर्जित गरिएका थिए । जो राणा परिवार र दरबारसँग नजिक थिए उनीहरूले मात्र दरवारका पण्डीत र उस्तादबाट शास्त्रीय तथा उपशास्त्रीय संगीत शिक्षा लिन सक्ने अवस्था विद्यमान थियो । त्यसताका रेडियो नेपालको गीत सँगीत प्रशारणको चारैतिरबाट सराहना गरियो र समकालीन शास्त्रीय, उपशास्त्रीय र आधुनिक संगीतको प्रसारणले नेपालको संगीत विधालाई एकीकृत गरी अगाडी बढायो । उदियमान नेपाली शास्त्रीय उपशास्त्रीय एवं आधुनिक विधाका संगीतज्ञहरु आफ्नो प्रतिभा देखाउँदै अगाडी आये । यिनीहरुमा थिए यज्ञराज शर्मा, गंगा दत्त पराजुली, नरराज ढकाल, गणेश लाल श्रेष्ठ, गणेश बहादुर भण्डारी, शम्भु प्रसाद मिश्र, शाम्बदेव सापकोटा, मास्टर रत्नदास प्रकाश, उस्ताद आनंद, उजेली मैयाँ, उदय लाल, उर्मिला कुमारी श्रेष्ठ, उस्ताद खेम चन्द, मिस चंदा देवी, मास्टर जीतू सिंह, ज्वाला प्रसाद, मिस तारा बाई, उस्ताद दल बहादुर, मिस दुलारी, मिस पंचवाला दासी, मिस पारुलबाला, मास्टर पूर्णमान, मिस प्रभा, मिस प्रमिला, उस्ताद बद्री, भबानी चरण दास, मनबीर राणा, मास्टर मित्र सेन, मेल्वा देवी, मिस राज्य लक्ष्मी, रूपकुमारी, लक्ष्मी देवी, मिस शांता देवी, सानू माया, उस्ताद साहिला, सेतुराम श्रेष्ठ, मिस सोनी सिंह, मिस हिना देवी, हीरा बाई, रंगराव कादम्बरी, राम प्रसाद राय थारु, सतीशचन्द्र रेग्मी आदि (मुकारुङ्ग २०७१, पृ.२०-२१) । राजा त्रिभुवनको शासनकालमा, नेपाली प्रख्यात संगीतज्ञ उस्ताद रामप्रसाद राय थारुले वि. सं २००८ सालमा नेपालको वीरगन्जमा 'नेपाल बिहार संगीत सम्मेलन' शीर्षकको संगीत सम्मेलन समेत आयोजना गरेका थिए जस्मा नेपाली उस्ताद गणेशलाल श्रेष्ठलाई स्वर्ण पदकबाट सम्मानित गरिएको थियो । लगत्तै दोस्रो वर्ष २००९ मा विरगञ्जमै 'बृहत शास्त्रीय संगीत' शीर्षकको कार्यक्रम भव्यताका साथ राम प्रसाद राय थारुकै अग्रसरतामा आयोजन भएको थियो र यस्ता व्यक्तिगतस्तरमा भएका पहल र आयोजनले नेपालमा शास्त्रीय संगीत विधाको शैलीगत विकास र यस्को प्रचारप्रसारमा ठूलो योगदान पुऱ्यायो (आचार्य २०५६, पृ. १४०) । फलस्वरुप सर्वसाधारण मानिसहरुमा यसप्रतिको आकर्षणमा बृद्धि भइ संगीत प्रस्तुती देखि सिक्ने सिकाउने प्रचलन समेत समाजमा बढ्न थाल्यो । यसैगरि वि.सं २०१४ मा स्थापना भएको हालको नेपाल प्रज्ञा प्रतिष्ठान, वि.सं २०१६ मा स्थापना भएको राष्ट्रिय नाचघर हालको सांस्कृतिक संस्थान, वि.सं २०१६ मा स्थापना भएको त्रिभुवन विश्वविद्यालय र यस्का सँगीत अध्यापन गराउने आंगीक तथा सम्बन्धन प्राप्त क्याम्पसहरु, वि.सं २०२० मा स्थापना भएको हालको ईन्दिरा कलानिधि संगीत महाविद्यालय लगायत अन्य तत्कालीन समयमा खुलेका निजीस्तरका नेपालभरी रहेका शास्त्रीय तथा लोक, सुगम संगीत प्रशिक्षण केन्द्रहरुको विद्यार्थीहरुमा प्रदान गरिने तालीमबाट प्रत्यक्ष परोक्षरुपमा उपशास्त्रीय विधा प्रतिको आकर्षण र जगेर्नामा ठुलो योगदान पुगेको छ ।

वर्तमान अवस्था तथा व्याख्या विश्लेषणः त्रिभुवन विश्वविद्यालय, ललितकला केन्द्रीय विभागको स्नातकोत्तर कार्यक्रमको सुरुवातको पाठ्यक्रममा अलग्गै कोडमा वि.स. २०६७ मा उपशास्त्रीय सँगीतको समेत पठनपाठन (हाल त्रिवि ललितकला क्याम्पसमा सह प्राध्यापकको रुपमा कार्यरत डा.रमेश पोखरेलले पाठ्यक्रम निर्माणमा गरेको अथक प्रयासमा) विधिवत प्रारम्भ भएसँगै यस विधाको यथेष्ट जानकारी र अभ्यास प्राज्ञिब क्षेत्रमा हुन थाल्यो । परीक्षामा

विद्यार्थीहरुले शास्त्रीय संगीतको प्रस्तुती पछी अनिवार्य उपशास्त्रीय विधामा आधारित रचनाको प्रस्तुती गर्नुपर्ने पाठ्यक्रमको मर्म अनुसार विद्यार्थी र शिक्षकहरुले यस विधा प्रतिको ज्ञानको खोजीगर्ने परिपाटी सुरुभयो । हुन त स्नातक पाठ्यक्रममा पनि त्यसभन्दा पहिले मञ्च प्रस्तुतिको समाप्तीमा उपशास्त्रीय विधाको गायन, वादन गर्नुपर्ने व्यवस्था थियो तर बाध्यात्मक थिएन । अधिकांश पाठ्यक्रम निर्माण गरिने विषयवस्तुहरु जस्ले निर्माण गर्यो , उ कुन कुन कुरामा विज्ञ छ ? सोही कुरालाई महत्त्व दिने र राख्ने परिपाटी पहिलेका दिनमा व्याप्त थियो र अझैपनि त्यो परम्परा अद्यावधी कायमै छ । तर हुनु पर्ने चाहीँ अहिलेको पूर्वीय शास्त्रीय संगीत र मुलभुत लोक, सुगम संगीतमा सिकाउनको लागि चाहिने आवश्यक विषयवस्तु के के हुन् ? त्यस्को निराकरण हुनु सर्वप्रथम जरुरी छ । यदी विद्यार्थीलाइ समुल रुपमा शास्त्रीय, उपशास्त्रीय र लोक सँगीतको उत्कृष्ट किसिमको तालीम र ज्ञान दिन सकियो भने सँगीतभित्रको अपार सिर्जनात्मक ज्ञानले ऊ भरिपुर्ण हुन्छ र ऊ जस्ता पनि नयाँ सिर्जना गर्न सक्षम हुन्छ । जबसम्म एक एक सुरमा संगीतज्ञ घण्टौँ खेल्न सक्दैन उस्को ज्ञान अपुरै हुन्छ साँचो अर्थमा । उपशास्त्रीय संगीतको गहन विशेषता नै यही हो । शास्त्रीय संगीत र लोक, सुगम संगीतको गहन अध्ययन नभै उपशास्त्रीय संगीतको अब्बल गायक, वादक बन्न सम्भव नै हुँदैन ।

विशेष गरी वि.सं. २०४६ र वि.सं २०६२-६३ को परिवर्तन पूर्वसम्म काठमाडौँका सिमित व्यक्तिहरुमा मात्र सिमित रहेको शास्त्रीय संगीत विशेषगरी गायन भन्दा पनि वादन तर्फ केही नेपालस्थित विदेशी दुतावास र विदेशस्थित मञ्चहरुमा कलाकारहरुकै व्यक्तिगत पहलमा विभिन्न समुह बनाएर हुने चलनले केही हदसम्म नेपाली शास्त्रीय र लोक सँगीतको प्रचार प्रसार भएको थियो । ति प्रस्तुतीहरुमा कलाकारले जानेर होस् या अन्जानमा शास्त्रीय र लोक धुनलाइ मिश्रीत गरि बजाउने चलन यद्यपी आज पर्यन्त काठमाण्डौ उपत्यकाका मञ्चहरुमा देख्न र सुन्न सकिन्छ । दुवै विधाको मिश्रीत रुपनै उपशास्त्रीय संगीत हो हाम्रा पुर्वज संगीतज्ञहरु कतिपयले त्यसको विधि या प्रणाली शैलीलाइ हुवहु पालना गरेर गायन वादन गरे भने कतिपयले सिर्जना गर्न रुचाउने उपशास्त्रीयको कर्म र अँग पनि पुर्‍याए जस्तो गर्ने तर त्यसको सहि विधि पालना गर्न चाहीँ चुक्ने यसमा शायद सही तालीम कै कमि हुनुपर्छ ।

तर पछिल्लो दशकमा डिजिटल युगको सुरुवात भएसँगै सिक्न चाहने विद्यार्थीले देश वा विदेशको जुनसुकै ठाउँमा रहेका सही तालीम प्राप्त गुरुहरुसँग शास्त्रीय तथा उपशास्त्रीय विधाको विधिवत् अनलाइन प्रयोगात्मक तालीम र शिक्षा लिइरहेको उनीहरुको प्रस्तुतीबाट देख्न सकिन्छ । सिक्न इच्छुक विद्यार्थीहरु देशका विभिन्न ठाउँमा उपलब्ध हुने र काठमाण्डौस्थित संगीत तालीम केन्दहरुमा प्रशिक्षण लिइरहेका र अझ उच्च किसिमको बारिकीयूक्त उस्ताद, गुरुसँग ज्ञान लिन छिमेकी मुलुक भारततिर समेत अध्ययनरत रहेको पाइन्छ । जस्बाट नेपाली भाषामा उपशास्त्रीय विधाको गायकी तथा वादकी आउने दिनहरुमा बलियो र दरिलो हुँदै जाने अनुमान लगाउन गार्‍हो पर्दैन् । नेपालमा संगीत विषयमा स्नातकोत्तर तहको अध्ययन अध्यापन नहुँदा सम्म र भएका स्नातक तह पनि काठमाण्डौ केन्द्रीत हुँदा त्यसले नेपालभरीको संगीत अध्ययन गर्ने चाहनालाइ सन्तुष्ट पार्न नसकेको अवस्थामा धरै नेपाली विद्यार्थीहरु बाध्यताबस भारतको बनारस, लखनउ, कोलकाता, दिल्ली, खैरागढ लगायत ठाउँहरुमा विधिवत् स्नातकोत्तर र विद्यावारिधि सम्मको शिक्षा ग्रहण गरि नेपाल फर्किएर आ आफ्नो क्षेत्रमा हाल नेपाली विद्यार्थीहरुलाइ संगीत प्रशिक्षण मार्फत ठुलो योगदान पुर्‍याइरहेको अवस्था छ । उपशास्त्रीय विधा मजवुत हुनको लागि शास्त्रीय संगीतको सही तालीम एकदमै जरुरी रहेको परिप्रेक्षमा पछिल्ला कदमहरु एकदमै सकारात्मक देखा परेका छन् आउने भविष्यका लागि । पहिलेको अवस्थामा परिवारबाट संगीत शिक्षाको लागि साना नानीहरुलाई नलगाउने र विग्रन्छन् भन्ने परिपाटी अहिले बदलिएको छ । काठमाण्डौ लगायत नेपालका अन्य स्थानमा पनि शास्त्रीय संगीतका कार्यक्रमहरु हुन थालेकाछन् । शास्त्रीय संगीतका मञ्च प्रस्तुतीहरुमा कार्यक्रमको अन्त्यमा प्रायः हरेक गायक, वादक नृत्यकारले उपशास्त्रीय संगीत विधाको

प्रस्तुती गर्न थालेका छन् जुन उपशास्त्रीय संगीत विधाको विकास र प्रगतीमा राम्रो सुचकको रुपमा मान्नुपर्छ । यस विधाको तालीमको लागि विशेष गुरुको आबश्यक्ता पर्नेहुँदा छिमेकी मुलुक भारत गई सिक्ने परिपाटीमा केही हदसम्म हाल कमि आएको छ कारण उक्त ज्ञान र बारिकी नेपालकै कतिपय गुरुहरुमा हुनु पनि यस विधाको भविष्य सुन्दर रहेको संकेत गर्छ । यस विधाको सिकाई अत्यन्त जरुरी किन पनि छ भने उपशास्त्रीय विधाको गायकी र यसमा तैयारी गला र वादनमा पनि गायकी अंगको सौन्दर्यात्मक र लालित्यपूर्ण अन्दाजमा एक एक स्वर विस्तार गर्ने सहि तालीमले पुर्विय संगीतको सिर्जनशिल कलामा निपुर्णतातिर गायक, वादक, संगीत सर्जकलाई लैजान्छ र स्रोता, दर्शकले पनि विविधताको अनुभुती गर्न सक्छन् जुन नेपाली संगीत उद्योगमा खट्कीएको एकदमै ज्वलन्त समस्या हो । उदाहरणको लागि आज नेपालमा बाँसुरीमा उपशास्त्रीय विधाको वादन गर्ने परिपाटी एकदमै गहिरिएर गएको छ तर सोही अनुपातमा हाम्रा नेपाली सारँगी, शनाई लगायतका केही अपवाद वाहेक उपशास्त्रीय विधाको वादन गर्ने र सिक्ने चलन नहुनु र ति वाद्ययन्त्रमा खाली दुइ चार वटा नेपाली लोकधुन मात्र बज्नुले उक्त वाद्यभित्रको अपार सिर्जनशिलताको खुवी, क्षमता र अवसर खुम्चीएको हामीले सहजै अनुमान लगाउन सक्छौं ।

उपशास्त्रीय संगीतका चुनौतीहरुः पछिल्लो समय उपशास्त्रीय विधा अन्तर्गतको गजल गायनमा केही गर्ने जमर्को बोकी संगीतको विधिवत अध्ययन गरि केही युवा पिंढीका कलाकार देखापरिरहेको अवस्था छ । तर यथेष्ट मात्रामा उपशास्त्रीय विधाको सही तालीम प्राप्त नभई अपेक्षा गरे अनुरुपको परिणाम प्राप्त नभइरहेको अवस्था नेपाली समाजमा विद्यमान छ । यसैगरि ठुमरी, दादरा, चैती, होली, कजरी, टप्पाको लागि विशेष किसिमको तालीम, प्रोत्साहन, व्यावसायिक सुनिश्चीतता जरुरी हुन्छ । ध्रुपद अंग, ख्याल अंगको र न्युनरुपमा उपशास्त्रीय गायन,वादनको तालीम काठमाण्डौस्थित सिमित क्याम्पसहरुमा, सांस्कृतिक संस्थानले आयोजन गर्ने ६ महिने प्रशिक्षण कार्यक्रम र निजीस्तरमा खुलेका व्यक्तिगत र संस्थागत प्रशिक्षण केन्द्रहरुमा भइरहेको तर विशुद्ध उपशास्त्रीय प्रशिक्षण भनी कुनै निकायमा गुरुशिष्य परम्परामा अभ्यास नभइरहेको अवस्था छ । सहि किसिमको तालीम लिने र दिने सँस्कारको कमि, समाजिक प्रोत्साहन र अवसरको कमि, राज्यको केन्द्र र स्थानियस्तरको सही दृष्टिकोणमा कमि, निती निर्माण तहमा व्याप्त अनुत्पादक क्षेत्र भएको भ्रम, सहि किसिमले तालीम दिने गुरुहरुको कमि, व्यावसायिक सुनिश्चितताको ग्यारेण्टी नहुनु र स्वयं विद्यार्थीमा मेहनत गर्ने र नयाँ नविन कुरा सिक्ने सिर्जना गर्ने भन्दा पनि अरुको सिर्जनामा रमाउने र अरुकै आविष्कारमा आनन्दलिने कपि र पेष्ट प्रवृत्ति र नेपालीहरुमा व्यक्तिगत र संस्थागत जन्मदेखि मृत्य पर्यन्तका हरेक संस्कार, उत्सव, समारोहमा यस्ता विधामा साधनारत कलाकारहरुको प्रस्तुतीलाइ व्यावसायिक आयाम दिने प्रवृत्तीमा कमि, नेपाली धनाढ्य वर्गमा सामाजिक र सांस्कृतिक उत्तरदायित्व महसुस गरी कार्यक्रम आयोजन गर्ने मनको कमि आदि चुनौतीहरु विद्यमान छन् ।

रणनीतिः नेपालको परिवेशमा शास्त्रीय र उपशास्त्रीय संगीतको जरा मजबुत हुनु भनेको समग्र नेपाली सँगीतका जरा मजवुत हुनु हो भन्ने कुरा निती निर्माण तहमा बस्ने हरेकले बुझ्न जरुरी छ । यो नेपाली सँगीत होइन विदेशी संगीत विधालाइ किन खर्च गरेर मलजल गर्नुपर्यो भन्ने भाष्यलाई सर्वप्रथम सबै मिलेर चिर्नु जरुरी छ । हाम्रो कालीगण्डकीमा खेर गइरहेका शालीग्रमलाइ लगेर छिमेकी मुलुकका कतिपय धर्मावलम्वीले पुजन गरेर मात्र खाना खाने, हाम्रो हिमालबाट बग्ने पानी छिमेकी मुलुकमा गई पवित्र गँगा हुने, हाम्रो विशाल हिमालय पर्वत श्रृंखला संसारभरको पवित्र धार्मिकस्थल र सनातन धर्मावलम्वीहरुको आस्थाका केन्द्र भगवान शिव र पार्वतीको वासस्थान हुने अनि उनैबाट निश्रृत भएको मानिने पूर्वीय संगीत चाहीँ तेरो र मेरो भनि कित्ताकाट गर्ने कतिपयमा गलत मानसिकता व्याप्त छ । तर आम जनभावना चाहीँ तेरो मेरो नभनी अन्य भाषाका सुन्दर संगीत सिर्जनामा पनि रमाउने प्रवृति बढ्दो छ । न

हाम्रो पशुपतिनाथ, मुक्तिनाथ जस्तो आस्थागत साझा सम्पदामा हामी विभेद गर्न सक्छौं न त छिमेकी राष्ट्रले त्यहाँका विश्वनाथ, वृन्दावनमा जाने नेपाली सनातन धर्मावलम्बीको अधिकारलाई निषेधित गर्न सक्छन् । अतः पूर्वीय शास्त्रीय उपशास्त्रीय संगीत हाम्रा साझा सम्पदा हुन् र यसमा साझेदारीकै हिसाबले विकास गर्ने हाम्रो सरकारी रणनीति हुनुपर्छ । शाहकालीन र राणाकालीन दरबारहरुमा छिमेकी राष्ट्रहरुबाट भित्रिएका दिग्गज कलाकारहरुलाई गरिएको व्यावसायिक व्यवस्थापन र प्रोत्साहनले नेपाली शास्त्रीय, उपशास्त्रीय संगीतको श्रीवृद्धि र आजको जग बसाईदिन ठूलो योगदान छ । कुनै समयकी पहिलो नेपाली गीत  रेकर्ड गर्ने प्रथम महिला गायीका मेलवा देवीको नेपालमा मात्र नाम थिएन अपितु हिन्दुस्थानमा पनि उच्च नाम सम्मान भएको हाम्रो संगीत इतिहाँस साक्षी छ । मेलवा देवी त्यसै मेलवा देवी बनेकी हैनन् त्यसको लागि चन्द्र शमशेरले राज्यस्तरबाट ठुलो लगानी गरि प्रो. वाला प्रसाद जस्ता शास्त्रीय तथा उपशास्त्रीय संगीतका धुरन्धर विद्धानलाई तत्कालीन समयमा भारतबाट बोलाई दरवारमा नेपाली नानीहरुलाइ संगीत सिकाउने व्यवस्था गरेका थिये । तराईमा करीब ५०० विघा जमीन प्रो.बाला प्रसादलाई बक्सिस दिनु चन्द्र शमशेरको संगीत गुरु प्रतिको ठुलो श्रद्धा र सम्मान् बुझ्नुपर्छ, अहिलेका राज्यका रणनीतिकारहरुले (मुकारुङ, २०७१, पृ.८५) जुन समाजमा संगीत, साहित्यको र त्यसका सर्जक कलाकारका सुन्दर सिर्जनाहरुको सम्मान हुन्छ त्यो समाज अत्यन्त सुसंस्कृत भएर जान्छ । भन्नुको तात्पर्य हरेक राज्यका विशेषगरि संगीतकलाको संरक्षणको जिम्मा लिएका सरकारी गैरसरकारी संस्थाहरुको सोच केही गरौं भनि लागिपर्ने हुनु पर्‍यो । संगीतको सहि साधना, लेखन, अनुसन्धान, तालीम, सिर्जनशिलता, व्यावसायिकता, उत्कृष्ट अन्तर्राष्ट्रियस्तरको प्रस्तुतिको लागि आवश्यक सम्पूर्ण वातावरण र संगीतका समग्र विधागत ज्ञानका साथ कलाकारहरुलाई र तिनले गरेका सिर्जनालाई प्रोत्साहन गर्ने परिपाटी हुने वित्तिकै समग्र संगीतको विकास हुन जान्छ जुन पछिल्लो समय केही राम्रा संकेतहरु देखापर्न थालेका छन् । नेपालीहरुमा नेपाली गीतसंगीतमा रमाउने बानी र माया गर्ने संस्कृतिको सुरुवात भएको छ । राज्यको सांस्कृतिक विरासत र सभ्यता जगेर्ना प्रयोजनार्थ गठन भएका सम्पूर्ण सरकारी र गैरसरकारी निकायहरु आफ्नो उदेश्यमा इमान्दार र सतत् प्रयत्न गर्ने र  हुने वित्तिकै समग्र संगीत क्षेत्रले आफ्नो गर्विलो इतिहास बोक्न र त्यसको पृष्ठभूमि जोगाएर नयाँ परिवेश र चुनौतीलाई हाँक्न सक्ने कुरामा दुई मत हुन सक्दैन ।

## निष्कर्ष:

नेपालमा उपशास्त्रीय संगीत विधाको गायन, वादन र नृत्य परम्परा उत्तर भारतिय भुखण्डबाट तत्कालीन शाह र राणाकालीन सरकारी उच्च निकायबाट आमन्त्रण गरिएका कतिपय उच्चस्तरिय सँगीतज्ञ र कलावन्त र रोजगारीको सिलसिलामा नेपाली दरवारहरुमा आएका कलाकारहरु र तिनीहरुबाट तालीम प्राप्त प्रशिक्षित नेपाली कलाकारहरुबाट अघि बढिरहेको नेपाली संगीतको अनुसन्धान गर्ने जो कोहीले पनि तथ्य सहितको पूर्वकार्यको समिक्षाबाट जानकारी हासिल गर्न सक्छ । उपशास्त्रीय विधा अन्तर्गतको गजल गायन हाल पनि लोकप्रिय अवस्थामा चलिरहेको तर उक्त विधाको गायकी र वादकी पक्षको मुलभूत तरिकामा अझै पनि नेपाली सँगीतले मेसो पाउन नसकेको र कता कता पुरानो सम्बृद्ध परम्परा बिचमा टुटेर पुनः मेसो समाउन खोज्दै गरेको अवस्था पछिल्लो समय सँगीत क्षेत्रमा देख्न सकिन्छ । ठुमरी, टप्पा, कजरी, होली, दादरा लगायतका उपशास्त्रीय विधाको गायकीको लागि शास्त्रीय सँगीतमा र सुगम लोक सँगीतमा अभ्यस्त आवाज जरुरी रहेको र त्यो किसिमको उच्चस्तरको उचित गुरुको मार्ग निर्देशनमा गरिने साधना, सहि तालीम र सिक्ने व्यक्तीमा धैर्यता र सामाजिक र पारिवारिक प्रोत्साहन नितान्त आवश्यक हुन्छ । प्रतिनिधी उदाहरणको रुपमा त्यसवेला की दुरदराज  पुर्वी नेपालको ओखलढुंगा बस्ने सानी नानी जस्लाई सही तालीम उपलब्ध गराउँदा र

वातावरण र प्रोत्साहन प्रदान गर्दा, मेलवादेवीको गला, गायकी, तैयारी र उनको तत्कालीन र आजपर्यन्तको नेपाली संगीतको उचाई, हामी अनुमान लगाउन सक्छौं। त्यस्तो किसिमको गीत रेकर्डिङ गर्ने उचित अवसर अन्य तत्कालीन कलाकारहरुले पाएको भए नेपाली उपशास्त्रीय संगीतको समृद्ध परम्परा आज छिमेकी मुलुकसँगै वा त्यो भन्दा माथी गर्वगर्न लायक हुन्थ्यो। सन् १९४७ अघिको तत्कालीन भारतका अलग अलग देशहरुमा राजाश्रय पाइरहेका दिग्गज कलाकारहरुलाई ब्रिटीशहरुको एकिकरणसँगै राजाश्रयबाट बिमुख भई रोजगारीको लागि भौतारिनु परेको तत्कालीन अवस्थामा नेपालको शाह र राणा दरवारले तत्कालीन समयमा उनीहरुलाइ संरक्षण गरि शास्त्रीय तथा उपशास्त्रीय संगीतको विरासतलाई जोगाउन खेलेको भुमिका चानचुने थिएन तर शास्त्रीय उपशास्त्रीय संगीतको त्यस्तो विरासत पाउँदा पनि हामीले केही गर्न नसक्नु र विविध कारणलाई मात्र दोष थोपर्नु कतै हाम्रै संगीत प्रतिको संस्कार, हेर्ने दृष्टीकोण, उचित तालीमको अभाव, पूर्वजहरुको र हाम्रो साधनामा कमि, पाएको ज्ञान हस्तान्तरणमा कन्जुस्याईं, हो या अन्य परिस्थिति र विवशता के हो ? अध्ययन हुन र समिक्षा गर्न बाँकी नै छ।

## सन्दर्भ ग्रन्थ सूची :


आचार्य, श्रीराम (२०५६) संगीतामृत प्रथमाहुती (दोस्रो संस्करण), काठमाण्डौ : संगीतामृत प्रकाशन समिति

आचार्य, श्रीराम ( २०७०) सँगीतामृत तृतियाहुती (पहिलो संस्करण), काठमाण्डौः संगीतामृत प्रकाशन

गर्ग-बसन्त, प्रभुलाल (सन् १९९९) सँगीत विशारद, हाथरस-उत्तरप्रदेशः संगीत कार्यालय हाथरस

तुलाधर, बुद्धरत्न (२०३६) संगीत साधन (भाग २), काठमाण्डौं : त्रिवि पाठ्यक्रम विकास केन्द्र

दर्नाल, राम शरण (२०३८) नेपालका संगीत साधक, काठमाण्डौ : नेपाल राजकिय प्रज्ञा-प्रतिष्ठान

दर्नाल, रामशरण (२०६१) गायनशैली, काठमाण्डौः साझा प्रकाशन।

प्रधान, सकुन्तला (२०६२) संगीत सोपान (दोस्रो भाग), काठमाण्डौः भुँडी पुराण प्रकाशन्

पाण्डे, इव्दीरा र अन्य (२०३४) संगीताञ्जली, काठमाण्डौ : श्री पाण्डे, रक्तकाली

मिश्र, ज्ञानेन्द्र कुमार (सन् २०१५) बनारस गायन परम्परा की शास्त्रीय एवँ उपशास्त्रीय बँदिशें कतिपय विशिष्ट सँगीतज्ञों कि रचनाओं का विश्लेशणात्मक अध्ययन् , भारतः अप्रकाशीत शोधप्रबन्ध, बनारस हिन्दू युनिवर्सिटी (http://hdl.handle.net/10603/475810)

मुकारुङ्ग, बुलु (२०७१) नेपाली संगीतको अभिलेख, काठमाण्डौ : पाल्पा बुक्स पब्लीकेसन्स

रेग्मी, ध्रुवेशचन्द्र (२०८०).नेपाली सङ्गीत दरबार (आदिकाल देखि आधुनिककाल सम्म).काठमाण्डौः बुकहिल पब्लीकेसन।

पोखरेल, रमेश (सन् द्दण्द्दछ) मेलवादेवी र उनको गायकीमा श्रृँगार रस। Journal of Fine Arts Campus, 6(1). 7-12. https://doi.org/10.3126/jfac.v6i1.76083

Pokharel, R. (2019) classical music in the Shah and Rana era:1768-1951 A.D. Sirjana ( a journal on arts and art education): Kathmandu, Sirjana College of Fine Arts, vol-6: 62-71

सायमी, प्रकाश (२०६६) नेपाली सङ्गीतको एक सतकः काठमाण्डौ, भावक अभियान, नेपाल।

# गणतन्त्र दिवसको अवसरमा सांस्कृतिक प्रस्तुति सहित "राष्ट्रिय ललितकला प्रदर्शनी, २०८२" समुद्घाटन




१५ जेठ २०८२, काठमाडौं ।

गणतन्त्र दिवसको अवसरमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित तथा सांस्कृतिक संस्थानको सहकार्य रहेको कार्यक्रम "राष्ट्रिय ललितकला प्रदर्शनी, २०८२" संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको हातबाट मिति २०८२ जेठ १५ गते समुद्घाटन गरिएको हो ।

कार्यक्रममा सांस्कृतिक संस्थानका कलाकारहरूद्वारा गणतन्त्र विशेष प्रस्तुति तथा राष्ट्रभावले ओतप्रोत प्रस्तुति प्रस्तुत गरिएको थियो । कार्यक्रममा सात प्रदेशका सिर्जनशील कलाकारहरू सम्मानित हुनुभएको थियो ।

माननीय मन्त्रीज्यूको मन्त्रालय अन्तर्गतका अन्तरनिकाय बीच G to G प्रणाली मार्फत एक-अर्कासँग सहकार्य-समन्वय गरी सुशासन सहित नीतिगत प्रणाली सुधार तथा राज्यका स्रोत-साधनलाई सही रूपमा चलायमान गराई आर्थिक समृद्धिलाई जोड दिने नीति बमोजिम सांस्कृतिक संस्थान र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान बीच सहकार्यमूलक कार्यक्रम आयोजना भएको हो ।



# ७२ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवसको अवसरमा प्रभातफेरी कार्यक्रम भव्य रूपमा सम्पन्न




१५ जेठ २०८२, काठमाडौं ।

विश्वको सर्वोच्च शिखर सगरमाथा प्रथमपटक आरोहण गरेको दिन मे २९ लाई अन्तर्राष्ट्रिय सगरमाथा दिवसको रूपमा विविध कार्यक्रम गरी प्रत्येक वर्ष मनाउने गरिन्छ । यसवर्ष पनि सन् २०२५ मे २९ (२०८२ जेठ १५ गते) का दिन अन्तर्राष्ट्रिय सगरमाथा दिवसको अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूको अध्यक्षताको अन्तर्राष्ट्रिय सगरमाथा दिवस मूल समारोह समितिले प्रभातफेरी कार्यक्रम आयोजना गरी ७२ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस भव्य रूपमा मनाएको छ । बिहान ७ बजे कर्मचारी सञ्चय कोषको कार्यालय, ठमेलदेखि सुरु भएको झाँकी हनुमानढोका दरबार स्क्वायरसम्म पुगी कार्यक्रममा परिणत भएको थियो । कार्यक्रममा मन्त्रालयका कर्मचारीहरू, मन्त्रालय अन्तरनिकायका कर्मचारीहरू तथा पर्यटन सम्बन्धी निकायका व्यक्तित्वहरूको बाक्लो उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूले विशेष सम्बोधन गर्नुहुँदै विश्वको सर्वोच्च शिखर सगरमाथाले नेपाल र नेपालीको पहिचान विश्वसामु उजागर गरेकाले यसको गरिमा थप विस्तार गर्न लागिपर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै प्रथमपटक आरोहण गर्ने आरोहीहरू, धेरैपटक आरोहण गर्ने आरोहीहरू तथा अक्सिजन बिना नै आरोहण गरेर कीर्तिमान राख्नुहुने व्यक्तित्वहरू प्रति उच्च सम्मान व्यक्त गर्नुभयो । सगरमाथा आरोहणलाई थप व्यवस्थित गर्न मन्त्रालयको तर्फबाट



नयाँ कदम चाल्ने समेत प्रतिबद्धता व्यक्त गर्नुहुँदै कार्यक्रम सफल पार्न उपस्थित सम्पूर्ण प्रति हार्दिक आभार प्रकट गर्दै ७२ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवसको शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन सहित सम्पूर्ण शाखा प्रमुखहरू एवम् कर्मचारीहरूको उपस्थित रहेको थियो । नेपालको अस्तित्व विश्वसामु कायम राख्ने सांस्कृतिक सम्पदा विश्वको सर्वोच्च शिखर सगरमाथाको सांस्कृतिक गरिमालाई संरक्षण तथा प्रवर्द्धनका लागि सांस्कृतिक संस्थान सदा प्रतिबद्ध छ । सांस्कृतिक संस्थानको तर्फबाट ७२ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवसको शुभकामना ।





# “मन–मनमा संस्कृति, ओठ–ओठमा हाँसो” डिजिटल रूपमा नियमित प्रदर्शन

सांस्कृतिक संस्थानको प्रस्तुतिमा हास्य रस समिश्रण सहित नेपाली संस्कृति प्रवर्द्धनमूलक स्वस्थ मनोरञ्जनमूलक सांस्कृतिक कार्यक्रम 'मन-मनमा संस्कृति, ओठ-ओठमा हाँसो' डिजिटल रूपमा सांस्कृतिक संस्थानको आधिकारिक युटुव च्यानल मार्फत नियमित प्रदर्शन हुँदै आएको छ । उक्त कार्यक्रमले जनमनको मन जित्दै गइरहेको छ। कार्यक्रम मिति २०८१ माघ ८ गते, नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको हातबाट 'सांस्कृतिक संस्थान विशेष समारोह तथा सम्मान कार्यक्रम २०८१' मार्फत समुद्घाटन गरिएको थियो। संस्कृति संरक्षण सहित उत्पादनमैत्री बनाउने उद्देश्यका साथ सो कार्यक्रम नियमित प्रसारण हुनेछ। कार्यक्रम मिति २०८२ जेठ ३० गते पहिलो एपिसोड प्रसारण गरिएको थियो । संस्थानका कलाकार हरूद्वारा मौलिक गायन, वादन, नृत्य र अन्य लोकप्रिय कलाकार सुबोध गौतमा (एदुमे), खड्ग बहादुर पुन मगर (खबपु), दिनेश काफ्ले (हाउडे दाइ) र सीता न्यौपानेद्वारा हास्य प्रस्तुति सहित कार्यक्रम प्रदर्शन गरिँदै आइएको छ। नयाँ पुस्तालाई मौलिक संस्कृतिको बारे ज्ञानबोध गराउन हास्य रस सहित मौलिक प्रस्तुति समेटेर कार्यक्रम तयार पारिएको हो। कार्यक्रमलाई आगामी दिनमा थप परिष्कृत गर्दै निरन्तर प्रदर्शन गरिने लक्ष्य राखिएको छ।



# स्व.गणेश रसिकज्यूलाई संस्थानद्वारा श्रद्धाञ्जली अर्पण

१८ जेठ २०८२, काठमाडौँ ।

सांस्कृतिक संस्थानका पूर्वमहाप्रबन्धक श्री गणेश रसिकज्यूको मिति २०८२ जेठ १८ गते भएको दुःखद निधन प्रति सांस्कृतिक संस्थान परिवार स्तब्ध छौं । यस



दुःखद घडीमा दिवंगत आत्माको चिर-शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

उहाँलाई पशुपति आर्यघाटमा अन्त्येष्टी गरिएको हो । अन्तिम संस्कारमा संस्थानका अध्यक्ष श्री चन्द्रकुमार राई हतुवाली ज्यू र महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू सहित संस्थानका कर्मचारीहरू सहभागी भई श्रद्धाञ्जली अर्पण थियो ।

उहाँले कुशल नेतृत्वको माध्यमबाट संस्थानलाई पुऱ्याउनु भएको अतुलनीय योगदान प्रति संस्थान परिवार सदा उच्च सम्मान व्यक्त गर्दछ । सांस्कृतिक संस्थानको ५३ औं वार्षिकोत्सवमा उहाँलाई विशेष श्रद्धार्पण गरिएको थियो भने उहाँको स्मृति दिवसलाई संस्थानले आफ्नो नीति तथा कार्यक्रम मार्फत समेटेको छ ।



# नवनियुक्त श्रीमान् सचिवज्यूलाई सांस्कृतिक संस्थानद्वारा हार्दिक बधाई तथा स्वागत

२८ जेठ, २०८२, काठमाडौँ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका नवनियुक्त श्रीमान् सचिव श्री हरिप्रसाद मैनालीज्यूलाई संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू, प्रशासन शाखा प्रमुख श्री सुदर्शन थापा ज्यू र लेखा शाखा प्रमुख श्री प्रेम ध्वज जिसीज्यूले हार्दिक बधाई, स्वागत सहित सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको छ ।

महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले सांस्कृतिक संस्थानको ब्रिफिङ गर्नुहुँदै संस्थानको छुट्टै ऐन, विनियमावली, ओ एण्ड एम जस्ता नीतिगत प्रणाली सुधारका लागि माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूले विशेष ध्यानाकर्षण गर्नुभएको जानकारी गराउँदै त्यसतर्फ श्रीमान् सचिवज्यूबाट पनि यथाशीघ्र पहल गरिदिनुहुन अनुरोध गर्नुभयो । श्रीमान् सचिव हरिप्रसाद मैनालीज्यूले सो भेटघाटमा आफूले संस्थानको नीतिगत समस्या समाधानको लागि विशेष पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



# मौलिक सांस्कृतिक चाड "भूमे पर्व २०८२" भव्य रूपमा समुद्घाटन




१ असार २०८२, काठमाडौं । मगर समुदायका थुप्रै मौलिक सांस्कृतिक पर्वहरू पाइन्छन् । मगर जातिको ऐतिहासिक पृष्ठभूमि बोकेको मौलिक सांस्कृतिक चाड भूमे पर्व हो । असार १ गतेबाट विधिवत शुभारम्भ भई यो पर्व स्थान विशेष चलन अनुसार धेरै दिनसम्म मनाउने प्रचलन रहेको छ । काठमाडौंमा वर्षौंदेखि भूमे पर्व संरक्षण नेपालको आयोजना तथा नेपाल मगर संघको संरक्षकत्वमा ३ दिनसम्म भूमे पर्व मनाउने प्रचलन रहेको छ । यसै अनुरूप भूमे पर्व २०८२ नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको प्रमुख आतिथ्यतामा हजारौं मगर समुदायको सहभागितामा भव्य रूपमा समुद्घाटन गरिएको हो । उक्त कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाई राज्यमन्त्री मा.श्री खम बहादुर गर्बुजा ज्यू, सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू लगायतको विशिष्ट आतिथ्यता रहेको थियो भने सभाध्यक्षता भूमे पर्व संरक्षण नेपालका अध्यक्ष श्री बागलाल बुढा मगर ज्यू र संरक्षकत्व आतिथ्यता आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका सदस्य सचिव तथा नेपाल मगर संघका अध्यक्ष श्री ज्ञानेन्द्र पुन मगरज्यूको रहेको थियो ।



कार्यक्रममा स्वागत मन्तव्य भूमे पर्व संरक्षण नेपालका उपाध्यक्ष श्री हर्क घर्ती मगरज्यूको रहेको थियो । स्वागत नृत्य स्वरूप नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत सांस्कृतिक संस्थानका कलाकारद्वारा मौलिक बनगारी टप्पा नृत्य प्रस्तुत गर्नुभएको थियो । भूमे पर्व संरक्षण नेपालका अध्यक्ष श्री बागलाल बुढा मगरले भूमे पर्वलाई राष्ट्रिय पर्वका रूपमा नेपाल सरकारको वार्षिक क्यालेण्डरमा समावेश गर्नुपर्ने, असार १ गते बिदा दिनुपर्ने तथा अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणका लागि भूमे पर्व मन्त्रालयमा दर्ता भएकाले यथाशीघ्र सूचीकरण गरिनुपर्ने माग सहित प्रमुख अतिथि माननीय मन्त्रीज्यूलाई ज्ञापन पत्र बुझाउनु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूले मन्तव्य राख्नुहुँदै जलवायु परिवर्तनका कारण पृथ्वी नै खतरामा परेको बेला भूमी पूजन गरी पृथ्वी र मानवजीवनको भलो कामना गर्ने मिथकसँग जोडिएको भूमे पर्व आफैमा महत्त्वपूर्ण एवम् वैज्ञानिक रहेको बताउनु भयो । उहाँले भूमे पर्व संरक्षण नेपालले ज्ञापन पत्र मार्फत् राख्नुभएका मागलाई सम्बोधनका लागि विशेष पहल हुने बताउनु भयो । अभौतिक सांस्कृतिक सम्पदामा सूचीकरण र नेपाल सरकारको वार्षिक क्यालेण्डरमा समावेश गर्न शत प्रतिशत आफ्नो भूमिका रहने तथा बिदा बारे भूमे पर्व संरक्षण नेपाल एवम् नेपाल मगर संघसँग छलफल गरी कार्यान्वयन गर्ने, नगर्ने टुंगो लाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । भूमे पर्वको विशेष पक्ष बुकी टिप्ने सम्बन्धी धारणामा रुकुमको लुगुमबाट विधिवत बुकी टिपी काठमाडौंसम्म ल्याई मौलिक संस्कृतिको रक्षा गर्न तत्पर मगर समुदायलाई आभार प्रकट गर्दै नेपालको पहिचानसँग जोडिएका यस्ता खालका सांस्कृतिक पर्वको रक्षाका लागि संस्कृति सम्बन्धी अभिभावकीय मन्त्री भएको नाताले आफ्नो विशेष पहल हुने बताउनु भयो । साथै सांस्कृतिक संस्थानले आफ्ना नीति तथा कार्यक्रम मार्फत् मौलिक सांस्कृतिक पर्वहरूको संरक्षण तथा प्रवर्द्धनका लागि खेलेको भूमिकाको प्रशंसा गर्दै यस कार्यलाई निरन्तरता



दिनका लागि मार्गनिर्देशन समेत दिनुभयो । माननीय मन्त्रीज्यूबाट दमाह बजाएर भूमे पर्वको समुद्घाटन तथा भूमे नाचको समेत स्वयं नाचेर समुद्घाटन गर्नुभएको थियो ।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता भित्र एकता भएको देश नेपालको पहिचान र राष्ट्रिय एकताको सन्देश विशेषगरी जातीय संस्कृति मार्फत प्रवाह हुने गर्दछ । आदिवासी जनजातिहरूमा जनसंख्याको हिसाबले पहिलो स्थानमा रहेको मगर समुदाय संस्कृतिको हिसाबले पनि अत्यन्तै समृद्ध छ । मगर समुदायका आफ्नै मौलिक कला, भाषा, संस्कार, रीतिरिवाज, चाडपर्व, भेषभूषा, मूल्यमान्यता, रीतिथिति, मौखिक परम्परा, मौलिक खानपान, मौलिक खेलकुद जस्ता अनेकन् मौलिकपन भएका विविधतायुक्त अभौतिक संस्कृति रहेका छन् । भूमे पर्वलाई मगर खाम भाषामा भूम्या, नाम्क, बल्क, नोगोबाङ्गो, भल्क, बलपूजा, ज्यामकरी, भूमि जस्ता थुप्रै नामबाट भूगोल अनुसार सम्बोधन गरिनुले पनि एउटै जातिको सांस्कृतिक मूल्यमान्यतामा विविधता भित्रको एकताको विशिष्ट रूपलाई पुष्टि गर्छ । यो पर्व मनाउने स्थानमा विशेषगरी केन्द्रबिन्दू अठार मगरात क्षेत्रको रुकुम पूर्व, रूकुम पश्चिम, रोल्पा, बागलुङ आदि स्थान हो भने हाल मगर

समुदाय बसोबास गर्ने देशैभरीका स्थानहरूमा भूमि-प्रकृतिको विधिवत् रूपमा पूजा गरी प्राकृतिक दैवी प्रकोप नआओस्, अनिकाल नहोस्, दु :ख कष्ट नहोस्, पृथ्वीका प्राणीको भलो होस् भनी कामना सहित असार १ गतेदेखि विधिवत रूपमा यो पर्व मनाइन्छ। मगर समुदाय एउटा यस्तो समुदाय हो जहाँ आफैमा जातीय विविधताभित्र एकता पाइन्छ। बाह्र मगरात क्षेत्र, अठार मगरात क्षेत्र र काइके मगरात क्षेत्र गरी तीनवटा मगरात क्षेत्रहरूमा मगर समुदायलाई प्राचीनकालदेखि वर्गीकरण गरिएको पाइन्छ।

पहिरो, अनिकाल तथा सामाजिक बैरभावको अन्त भई मानव जाति सुरक्षित रहने विश्वासका साथ यो नाच नाच्ने गरिन्छ। विशेष अनुष्ठानबाट भूमि थाम्न सफल भएको मान्यता अनुरूप हर्षोल्लासका साथ भूमि पुजासँगै भूमे नाचको आरम्भ हुन्छ। भूमे पर्वसँग थुप्रै मिथकहरू जोडिएको पाइन्छन्। यस पर्वमा बुकी फूल टिप्न जाने मौलिक संस्कृति रहेको छ। भूमे पर्वले सामाजिक तथा सांस्कृतिक महत्त्व बोकेको पाइन्छ। भूमि अनुष्ठानलाई उल्लासमय बनाउन अहम भूमिका खेलेको छ। यस पर्वले



यी तीन क्षेत्रहरूमा मगर समुदायका मौलिक पहिचानयुक्त विविध अभौतिक सांस्कृतिक सम्पदाहरू पाइन्छन्। बाह्र मगरात क्षेत्र, अठार मगरात क्षेत्र, काइके मगरात क्षेत्र भन्नु नै मगर समुदायको सांस्कृतिक सौन्दर्य भएको कुरा वरिष्ठ संस्कृतिविद् माननीय श्री बमकुमारी बुढामगरज्यूका थुप्रै लेखहरूमा उल्लेख गरेको पाइन्छ।

भूमे पर्वको अवसरमा भूमे नाच विधिवत् तरिकाले नाचिन्छ। सयौंको संख्यामा महिला र पुरुष सहभागी भई गोलो घेरामा दमाह, ट्याम्की, सनाई, झ्याली, पैजन आदि मौलिक बाजाको तालमा मगरका जन्मदेखि मृत्युसम्मका क्रियाकलापहरूलाई प्रदर्शन गर्दै २२ चालामा भूमे नाच प्रस्तुत गर्छन्। जल, जमिन र आकाशको अनुष्ठान गरी भूमि देउतालाई दाइना पारेको अवसरमा खुशी भएर यो नाच नाचिन्छ। बर्खे याममा हुने अनेकौं महामारी, बाढी,

मानिसलाई एकै ठाउँमा भेला हुने अवसर सृजना गरेको छ। मानिसहरू बीच सद्भाव बाँड्न प्रेरणा दिएको छ। नयाँ पुस्ताका युवा-युवतीहरूमा संस्कृतिप्रतिको भावना साटासाट गर्ने विधि र संस्कार सिकाएको छ। समाजमा मर्यादा र अनुशासित व्यवहार निर्माणमा सघाउ पुऱ्याई राष्ट्रिय एकताको भावना अभिवृद्धि गराएको छ। मगर समुदायको मौलिक सांस्कृतिक पर्व मात्र नभई भूमे पर्व यो राष्ट्रको एउटा सुन्दर अमूर्त सांस्कृतिक सम्पदा हो। मगर समुदायले नेपाल सरकारबाट राष्ट्रिय पर्वका रूपमा भूमे पर्वलाई सम्बोधन गरी असार १ गते बिदा माग गर्दै आइरहेको छ।

चाहे गौरा पर्व होस्, चाहे साकेला (उधौली, उभौली) पर्व होस्, चाहे गाईजात्रा पर्व होस्, चाहे ल्होसार पर्व हुन्, चाहे माघे संक्रान्ति पर्व होस् नेपालका सबै मौलिक

सांस्कृतिक पर्वहरूको संरक्षण तथा प्रवर्द्धनका लागि माननीय मन्त्रीज्यूको असल अभिभावकत्वमा सांस्कृतिक संस्थानले आफ्ना नीति तथा कार्यक्रम समावेश गरी अगाडि बढेको छ। भूमे पर्व पनि संस्थानको नीति तथा कार्यक्रम अन्तर्गत समेटिएको मौलिक सांस्कृतिक पर्व हो। यसकारण यस पर्वलाई मौलिक संस्कृति अनुरूप मनाउन सांस्कृतिक संस्थानको सहकार्य रहेको कुरा महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले बताउनु भयो।










भूमे पर्व-२०८२
Bull

# सांस्कृतिक संस्थानको ५३ औं वार्षिकोत्सवको अवसरमा रक्तदान

३ असार २०८२, काठमाडौँ ।

सांस्कृतिक संस्थानको ५३ औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरिएको हो । 'रक्तदान, जीवनदान' भन्ने श्लोकनलाई शिरोपर गर्दै मानव जीवनको रक्षार्थ रक्तदान गरिएको हो । सांस्कृतिक संस्थानको आयोजना र रेडक्रस सोसाइटीको प्राविधिक सहयोगमा उक्त रक्तदान कार्यक्रम मिति २०८२ वैशाख ३ गते संस्थानको प्रधान कार्यालय जमल, काठमाडौँमा सम्पन्न गरिएको हो । संस्थानका महाप्रबन्धक किरण बाबु पुनज्यूले रक्तदान गरेर रक्तदान कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो भने संस्थानका कर्मचारी, दूर सञ्चार प्राधिकरणका कर्मचारी लगायतले रक्तदान गर्नुभएको थियो । संस्थानको गौरवमय ५३ औं वार्षिकोत्सव असार ५ गते पर्ने भएकाले वार्षिकोत्सवको अवसरमा सोही समयको संघारमा रक्तदान गरिएको हो । हाल रगतको अभाव भइरहेको परिवेशमा संस्थानले रक्तदान कार्यक्रम गरेको प्रति रेडक्रस सोसाइटीले आभार प्रकट गरेको थियो भने महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले सोसाइटीका प्राविधिकलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।





# सांस्कृतिक संस्थानको गौरवमय ‘५३ औं वार्षिकोत्सव समारोह २०८२’ भव्यताका साथ सम्पन्न

५ असार २०८२, काठमाडौँ ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत सांस्कृतिक संस्थानको ५३ औं वार्षिकोत्सव सभ्य-भव्य रूपमा सम्पन्न भएको छ। मिति २०८२ असार ५ गतेका दिन संस्थानको मेगा प्रेक्षालयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । उक्त कार्यक्रममा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव श्री देवेन्द्र कुमार काफ्ले ज्यू तथा प्राज्ञज्यूहरू, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ श्री टीका पुन ज्यू, मन्त्रालय अन्तर्गत पर्यटन विभागका महानिर्देशक श्री डा.नारायण प्रसाद रेग्मी ज्यू, पर्यटन शाखा प्रमुख श्री इन्दु घिमिरे ज्यू , निर्वाचन आयोगका सहसचिवज्यूहरू, नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक श्री हिक्मत सिंह ऐर ज्यू, मन्त्रालयका उपसचिवज्यूहरू, विभिन्न संघसंस्थाका प्रमुखज्यूहरू लगायत शिष्टविशिष्ट अतिथिज्यूहरूको उपस्थिति रहेको थियो ।

वार्षिकोत्सवको अवसर पारेर माननीय मन्त्रीज्यूको हातबाट नवनिर्मित पर्यटनमैत्री अत्याधुनिक सांस्कृतिक संस्थान सेमिनार हलको समुद्घाटन, सिर्जनशील कला मार्फत राष्ट्रलाई योगदान दिनुहुने राष्ट्रिय व्यक्तित्वहरूलाई सम्मान र पहिलोपटक संस्थानको सजीव कला सम्बन्धी अनुसन्धनात्मक जर्नल ‘संस्कृति अध्ययन’ विमोचन गरिएको थियो । समारोहमा संस्थानको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत, संस्थानका पूर्वमहाप्रबन्धक स्व.गणेश रसिकज्यूप्रति श्रद्धाञ्जली अर्पण, पूर्वमहाप्रबन्धक स्व.नारायण गोपाल गुरुवाचार्यज्यूको





माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डे ज्यू मन्तव्य राख्नुहुँदै

स्मृतिमा प्रहसन, गाईजात्रा विशेष प्रहसन २०८२ का कलाकार परिचय, ऐतिहासिक गीति नाटक 'मुनामदन' प्रदर्शन सुरुवात गरेको ५० वर्ष अर्थात् स्वर्ण जयन्तीको अवसर पारेर प्रदर्शन र सिन्धुली कलाघरको पञ्चेबाजा प्रस्तुत गरिएको थियो ।

समारोहमा संस्थानद्वारा सिर्जनशील कलाद्वारा राष्ट्रलाई योगदान दिनुहुने राष्ट्रिय व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो । सांस्कृतिक संस्थान राष्ट्रिय दीर्घ साधना सम्मान श्री भैरव बहादुर थापा ज्यू, राष्ट्रिय गायन पुरस्कार श्री चन्द्रकला शाह ज्यू, राष्ट्रिय वादन पुरस्कार श्री पञ्चनारायण महर्जन ज्यू, राष्ट्रिय नृत्य पुरस्कार श्री मिथिला शर्मा ज्यू, राष्ट्रिय नाट्य पुरस्कार श्री लोकनाथ ढकाल ज्यू र वर्ष उत्कृष्ट पुरस्कार श्री नरसिंह लाल श्रेष्ठज्यूलाई प्रदान गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूले विभिन्न समस्याले ग्रस्त भएको संस्थान पछिल्लो समय प्रगति पथमा लम्किएकाले यो गतिलाई निरन्तरता दिनुपर्ने बताउनु भयो । आफूले अभिभावकीय मन्त्रीको नाताले अभिभावकत्व ग्रहण गरेसँगै संस्थानको सुरुका कार्यक्रम र पछिल्लो समयका कार्यक्रमहरूमा तुलना गर्ने हो भने कार्यक्रमको गुणस्तर बढ्दै गएको बताउनुभयो । संस्थानको वार्षिक प्रगति प्रतिवेदनबाट आफू सन्तुष्ट रहेको, संस्थानको आ.व.२०८१/८२ मा ६९.४७ प्रतिशत आयमा वृद्धि भएकोमा खुशी व्यक्त गर्दै यसबाट देशभरका संस्थानहरूले पाठ सिक्नुपर्ने बताउनुभयो । सांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कारबाट सम्मानित हुनुहुने सम्पूर्णलाई बधाई ज्ञापन गर्नुहुँदै दीर्घ साधना सम्मानबाट सम्मानित हुनुहुने वरिष्ठ संस्कृतिविद् तथा नृत्यशास्त्री श्री भैरव वहादुर थापाज्यूले राख्नु भएका मागलाई सम्बोधन गर्नतर्फ आफू सकारात्मक रहेको बताउनुभयो । सजीव कला संरक्षण सम्बन्धी संस्थानले पहिलोपटक तयार पारेको क्ष्क्क्ल मान्यताप्राप्त अनुसन्धनात्मक जर्नल 'संस्कृति अध्ययन' प्रकाशनमा ल्याएकोमा यसबाट सजीव कलाको सत्यतथ्य ज्ञानको पुस्तान्तरण सहित संस्कृतिमा श्रीवृद्धि हुनेतर्फ जोड दिनुभयो । निकायगत रूपमा अपरिहार्य सांस्कृतिक पर्यटनमैत्री सांस्कृतिक संस्थानको नवनिर्मित सेमिनार हल समुद्घाटन गर्दै रैथाने खानपान सहितको पर्यटन लक्षित कार्यक्रम गर्न न्यायोचित हल निर्माण भएकाले संस्थानबाट सांस्कृतिक पर्यटनको विकास हुने क्रियाकलाप हुनेतर्फ आशावादी रहेको तथा खानपान सहितको कार्यक्रम गर्न उपयुक्त गन्तव्य संस्थान भएको तर्फ जोड दिनुभयो । ५३ औं वार्षिकोत्सवको अवसरमा शुभकामना दिनुहुँदै संस्थानका नेतृत्व तथा कर्मचारीलाई संस्थानलाई थप समृद्ध बनाउन नयाँ नयाँ सिर्जनशील कार्यतर्फ अघि बढ्न मार्गनिर्देशन समेत दिनुभयो ।



संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू मन्तव्य राख्नुहुँदै




फर्किए स्वरसम्राट प्रहसन गर्नुहुँदै दिनेश काफ्ले (हाउडे दाइ) र खड्ग बहादुर पुन मगर (खबपु)

कार्यक्रममा संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले विशेष मन्तव्य राख्नुभएको थियो । महाप्रबन्धकज्यूले राख्नुभएको विशेष मन्तव्यको पूर्णपाठः

"माननीय मन्त्रीज्यूको अभिभावकत्वमा आ.व.२०८१/८२ संस्थानको लागि स्वर्णकाल रह्यो । भोलि हामी जो जहाँ रहेपनि सत्य र यथार्थ कहिल्यै मेटिने छैन । किनकी हामीले कहिल्यै नमेटिने सत्कर्मका नीति तथा कार्यक्रमहरू सम्पन्न गरेका छौं, यीनै सत्कर्मका कृतिहरू मार्फत हामी संस्थानमा सदा रहनेछौं । हालसम्म निर्णयमै सीमित रहेका कार्यान्वयन हुन नसकेका निकायगत कार्यप्रकृति अनुसार अपरिहार्य रेकर्डिङ स्टुडियो निर्माण, सेमिनार हल निर्माण, डिजिटल उत्पादनको थालनी, डिजिटल हल बुकिङ प्रणाली निर्माण, डिजिटल टिकट प्रणाली निर्माण, संस्थानको इतिहासमा पहिलोपटक ६९.४७ प्रतिशतका दरले आयमा वृद्धि, सजीव कला सम्बन्धी अनुसन्धनात्मक जर्नल 'संस्कृति अध्ययन' निर्माण थालनी, हल छुटको नाउँमा हुने बेथिति पूर्णतः अन्त्य भएको, वर्षौंदेखि कर्मचारी सञ्चय कोष तथा नागरिक लगानी कोषमा रहेको करोडौं रुपैयाँ दायित्व समस्या समाधान गरी नियमित तलब भत्तासँगै जाने प्रणाली विकास गरिएको जस्ता थुप्रै नीतिगत प्रणालीको विकास भएकाले यीनै सत्कर्म मार्फत हामी सदा संस्थानमा रहनेछौं । त्यतिमात्र नभई माननीय मन्त्रीज्यूको संस्कृतिप्रति विशेष चिन्तनका कारण संस्थानको इतिहासमा पहिलोपटक संस्थानलाई अनुदान स्वरूप प्राप्त हुने आ.व.२०८२/८३ को वार्षिक बजेटमा रु.५० लाखका दरले सिलिङ वृद्धि भई रु.२ करोड २० लाख पुगेकाले हालसम्मको इतिहास ब्रेक भएको छ । त्यस्तै वर्षौंदेखि हराएको ऐतिहासिक गीति नाटक मुनामदनको श्रव्य सामग्री फेला पारी पुनः मञ्चन र प्रदर्शन गर्न सफल भएको, वि.सं.२०३२ साल असार ५ गते संस्थानको तेह्रौं वार्षिकोत्सवको अवसरमा पहिलोपटक प्रदर्शन गरिएको नाटकले ५० औं वर्ष पार गरेकोतर्फ खुशी व्यक्त गर्दै स्वर्ण जयन्ती स्वरूप प्रदर्शन गरिएकाले नाटकको उत्पादनमा भूमिका निर्वाह गर्नुहुने स्थापकहरूदेखि हालका निर्देशक कलाकारलाई बधाई ज्ञापन गर्नुभयो । साथै महाप्रबन्धकज्यूले माननीय मन्त्रीज्यूको कार्यकाल समेत स्वर्णकाल रहेको बताउनु भयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत नेपालको अस्तित्व मौलिक संस्कृतिको वकालत गर्ने ज्येष्ठ निकाय सांस्कृतिक संस्थान भएको नाताले संस्थानमा आवद्ध नेतृत्व र कर्मचारीले सत्य र यथार्थ कुरालाई फराकिलो चिन्तनका साथ जनमन समक्ष पुऱ्याउने



मुना र मदनको भूमिकामा संस्थानका कलाकार सुशिला थापा र विपिन घिमिरे



संस्थानका गायन कलाकारबाट स्वागत गायन प्रस्तुत गर्नुहुँदै

पुलको काम गर्नु पर्दछ भन्नेतर्फ जोड दिँदै माननीय मन्त्रीज्यूको कार्यकालमा निकै राष्ट्रहितका कार्य भएकाले यसलाई जनमन समक्ष पुऱ्याउन नसकिएको प्रति दुःख व्यक्त गर्नुभयो । सन् २०१० देखि हालसम्मको इतिहासमा अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण सम्बन्धी क्रियाकलाप कार्यान्वयन हुन सकेको थिएन । तर माननीय मन्त्री ज्यू संस्कृतिप्रति अत्यन्तै गहिरो चिन्तन राख्नुहुने भएकै कारण उहाँको नेतृत्वमा अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ लागू गरी नेपालमा पहिलोपटक अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणकाको कार्य शुभारम्भ भई नेवारी समुदाय विशेष परिकार 'योमरी' पहिलोपटक नेपालको तर्फबाट सूचीकृत भएको छ । नेपालजस्तो संस्कृतिको धनी देशमा संस्कृतिबाटै समृद्धिको आधार दिशाबोध गर्न नेपालका सम्पूर्ण अभौतिक संस्कृतिहरू अभौतिक सांस्कृतिक सम्पदामा सूचीकरण हुनु आधारभूत शर्त भएकाले सूचीकरण पश्चात् नेपालको अभौतिक संस्कृति अवलोकन गर्न पर्यटक भित्रिने तथा सांस्कृतिक पर्यटनको विकास, रोजगारीको सिर्जना र समृद्धिको मार्ग खुल्ने विश्वास व्यक्त गर्नुभयो । यस्ता किसिमका थुप्रै दीर्घकालीन राष्ट्रहितका कार्य भएकाले माननीय मन्त्रीज्यूको कार्यकाल नेपाली संस्कृतिका लागि स्वर्णकाल भएको बताउनुभयो । संस्थानका त्रुटिपूर्ण ऋण, उपदान दायित्व, छुट्टै ऐन, ओ एण्ड एम, विनियमावली जस्ता संस्थानका नीतिगत समस्याहरूको समाधानका लागि माननीय मन्त्रीज्यूको विशेष पहल हुनेतर्फ विश्वास व्यक्त गर्दै संस्थानको हितपरक आ.व.२०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम सहित विनियोजित बजेट संस्थान सञ्चालक समितिद्वारा २०८२/०३/०१ गते पारित गरेकाले आ.व.२०८२/८३ मा संस्थानको आय वृद्धि, कर्मचारी वृत्ति विकास सहित आत्मनिर्भर नीति सहित अग्रसर हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । माननीय मन्त्रीज्यूको असल अभिभावकत्वमा संस्थानको वर्तमान नेतृत्व सुशासन स्थापना गर्न ज्यानको प्रवाह नगरी लागि परेको छ । धेरै चुनौतीका पहाडहरू छिचोल्दै यहाँसम्म आइपुगेका छौं र अझै धेरै चुनौतीका पहाडहरू पार गर्न बाँकी नै छ, त्यसका लागि हामी प्रतिबद्ध रहेको पनि बताउनुभयो ।"

चर्चित हास्यकलाकार राजा राजेन्द्र पोखेलज्यूले संस्थानको गाईजात्रा विशेष प्रहसन २०८२ गत वर्षभन्दा

झनै उत्कृष्ट बनाइने भन्दै कलाकारको परिचय दिँदै हास्य प्रस्तुति समेत प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा दिनेश काफ्ले (हाउडे दाइ) र खड्ग बहादुर पुन मगर (खबपु) ले 'फर्किए स्वरसम्राट' नामक प्रहसन गर्नुभएको थियो। सो प्रहसनले उपस्थित जनमनलाई भावुक बनाएको थियो।

कार्यक्रम सभाध्यक्ष संस्थानका अध्यक्ष श्री चन्द्रकुमार राई हतुवालीज्यूको रहेको थियो भने कार्यक्रम सञ्चालन श्री हरि पुन मगरज्यूले गर्नुभएको थियो। कार्यक्रममा वार्षिकोत्सवको अवसरमा सप्ताहव्यापी रूपमा सम्पन्न खेलकुद विजेता कर्मचारीहरूलाई प्रमाण पत्र वितरण गरिएको थियो।

वि.सं.२०१६ सालमा स्थापित 'राष्ट्रिय नाचघर' लाई समग्र नेपाली संस्कृतिको संस्थागत विकासका लागि सञ्चार संस्थान ऐन, २०२८ अनुसार वि.सं २०२९ साल असार ५ गते नाम परिमार्जन सहित 'सांस्कृतिक संस्थान' को रूपमा पुनर्गठन गरिएको हो। संस्थानको हिसाबले ५३ औं वार्षिकोत्सवको दिन हो। संस्थानको इतिहासको पानालाई पल्टाएर हेर्ने हो भने संस्कृति विभागबाट सुरु भई राष्ट्रिय नाचघरहुँदै सांस्कृतिक संस्थानसम्म आइपुग्दा विभिन्न आरोह-अवरोहहरू पार गरेको छ। नेपालको पहिचानयुक्त लोकसंस्कृतिलाई सजीव प्रदर्शनीका माध्यमबाट संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरण गर्ने अभिभारा बोकेको संस्थानको उत्पत्ति एवम् इतिहासकालको लेखाजोखा गर्ने हो सत्यतथ्य खोज-अनुसन्धानको जरुरी देखिन्छ। संस्थान संस्कृति विभागका रूपमा वि.सं.२०१६ सालभन्दा अगाडिदेखि स्थापित थियो भन्ने कुराको लेखहरू थुप्रै इतिहास सम्बन्धी पुस्तक, राजनैतिक सम्बन्धी पुस्तक तथा संस्कृति सम्बन्धी पुस्तकहरूमा पाइन्छ। वि.सं.२०१६ सालमा स्थापित राष्ट्रिय नाचघर पनि संस्कृति विभाग अन्तर्गत रहेको तथ्य वरिष्ठ संस्कृतिविद्, नृत्यशास्त्री एवम् नेपालको जिउँदो सांस्कृतिक सम्पदा श्री भैरव बहादुर थापाज्यूका थुप्रै लेख र अन्तर्वार्तामा पाइन्छ। राष्ट्रिय नाचघरबाट नाम परिमार्जन सहित वि.सं.२०२९ सालमा सांस्कृतिक संस्थानको रूपमा पुनर्गठन भएको अवधिलाई हेर्ने हो भने संस्थानको ६६ औं वार्षीय गौरवमय इतिहास कायम राख्न सफल भएको छ।




सिन्धुली कलाघरका कलाकारबाट मौलिक प्रस्तुति प्रस्तुत गर्नुहुँदै

# माननीय संस्कृति मन्त्रीज्यूबाट सांस्कृतिक संस्थानको नवनिर्मित अत्याधुनिक सेमिनार हल समुद्घाटन



माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डे ज्यू संस्थानको नवनिर्मित सेमिनार हल समुद्घाटन गर्नुहुँदै

५ असार २०८२, काठमाडौँ ।

सांस्कृतिक संस्थानको गौरवमय ५३ औं वार्षिकोत्सवको अवसरमा सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम लक्षित सांस्कृतिक संस्थानको नवनिर्मित अत्याधुनिक सेमिनार हल समुद्घाटन गरिएको छ । प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूको हातबाट सो सेमिनार हल समुद्घाटन गरिएको हो ।

राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्मको इतिहासमा विभिन्न कार्यकालका सञ्चालक समितिका निर्णयहरूमा निकायगत कार्यप्रकृति अनुसार अपरिहार्य सांस्कृतिक पर्यटनमैत्री क्रियाकलापका लागि सेमिनार हल निर्माण गर्ने भनी निर्णयमै सीमित रही हालसम्म कार्यान्वयन हुन सकेको थिएन । तर महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको अथक प्रयासमा नेपाल सरकारको आ.व.२०८१/८२ को वार्षिक बजेटमा सेमिनार हल निर्माणका लागि बजेट विनियोजन भएकाले कार्यक्रम मेक अप कक्ष र कार्यक्रम तयारी कक्ष सहितको अत्याधुनिक सेमिनार हल निर्माण गरिएको हो । माननीय मन्त्रीज्यूको अभिभावकत्वमा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पर्यटन विभागबाट सो अत्याधुनिक सेमिनार हल निर्माण गरिएको हो । संस्थानको नवनिर्मित सेमिनार हलको सिट क्षमता ६० जनाको रहेको छ । रैथाने खानपान सहित मौलिक संस्कृति प्रदर्शन गर्न उपयुक्त गन्तव्यका रूपमा सांस्कृतिक संस्थानको विकास भएको छ । सेमिनार हल निर्माण भएकाले यसबाट सांस्कृतिक पर्यटनमैत्री क्रियाकलाप सम्पन्न गरी सांस्कृतिक पर्यटनको विकास सहित संस्थानको समृद्धि हुनेतर्फ विश्वास लिइएको छ ।

# सांस्कृतिक संस्थानको जर्नल 'संस्कृति अध्ययन' प्रकाशन प्रारम्भ



माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डे ज्यू "संस्कृति अध्ययन" जर्नल विमोचन गर्नुहुँदै

५ असार २०८२, काठमाडौँ ।

सांस्कृतिक संस्थानको गौरवमय ५३ औं वार्षिकोत्सवको अवसरमा सजीव कला संरक्षण, संवर्द्धन, प्रवर्द्धन र दस्तावेजीकरणका लागि ISSN मान्यताप्राप्त वर्ष १, अङ्क १, असार २०८२, "संस्कृति अध्ययन" नामक अनुसन्धनात्मक वार्षिक जर्नल पहिलोपटक प्रकाशनमा ल्याइएकोले सो जर्नलको विमोचन गरिएको छ । प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूको हातबाट सो जर्नल विमोचन गरिएको हो । जर्नलको सम्पादन संस्कृतिविद्द्वय भोगीराज चाम्लिङ ज्यू र गुरुङ सुशान्तज्यूले गर्नुभएको हो । विज्ञ समिक्षित सहितको उक्त जर्नलमा विभिन्न विद्वानहरूका शोधलेख समेटिएको छ । सजीव कला सम्बन्धी अनुसन्धनात्मक जर्नलको खाँचो भइरहेको परिवेशमा उक्त जर्नल प्रकाशन मार्फत प्रदर्शनीयुक्त मौलिक संस्कृतिको संरक्षण सहित संस्थानको आर्थिक समृद्धिमा समेत जोड पुग्ने विश्वास लिइएको छ ।

# सांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कार, २०८२ वितरण

५ असार २०८२, काठमाडौँ ।

सांस्कृतिक संस्थानको गौरवमय ५३ औं वार्षिकोत्सवको अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको हातबाट सिर्जनशील कलाको माध्यमबाट राष्ट्रलाई अतुलनीय योगदान पुऱ्याउनुहुने राष्ट्रिय व्यक्तित्वहरूलाई सांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कारबाट सम्मानित गरिएको गरिएको छ ।

सम्मानित हुनुहुने राष्ट्रिय व्यक्तित्वहरूको विवरण :

१.सांस्कृतिक संस्थान राष्ट्रिय दीर्घ साधना सम्मान - श्री भैरव वहादुर थापा ज्यू

२. सांस्कृतिक संस्थान वर्ष उत्कृष्ट पुरस्कार - श्री नरसिं लाल श्रेष्ठ ज्यू

३. सांस्कृतिक संस्थान राष्ट्रिय गायन पुरस्कार - श्री चन्द्रकला शाह ज्यू

४. सांस्कृतिक संस्थान राष्ट्रिय वादन पुरस्कार - श्री पञ्च नारायण महर्जन ज्यू

५. सांस्कृतिक संस्थान राष्ट्रिय नृत्य पुरस्कार - श्री मिथिला शर्मा ज्यू

६. सांस्कृतिक संस्थान राष्ट्रिय नाट्य पुरस्कार - श्री लोकनाथ ढकाल ज्यू

सम्मानित राष्ट्रिय व्यक्तित्वहरूलाई हार्दिक बधाई तथा निरन्तर सिर्जनशीलताको कामना छ ।

माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डे ज्यू सांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कार वितरण गर्नुहुँदै




माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डे ज्यू सांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कार वितरण गर्नुहुँदै

# विश्व सङ्गीत दिवसको अवसरमा विशेष सांस्कृतिक कार्यक्रम सम्पन्न



७ असार २०८२, काठमाडौँ ।

विश्व सङ्गीत दिवस, पहिलोपटक सन् १९८२ जुन २१ तारिखमा फ्रान्समा यो दिवस मनाउन सुरुवात गरिएसँगै हरेक वर्ष जुन महिनाको २१ तारिखका दिन विश्व सङ्गीत दिवस मनाउने गरिएको छ । जुन २१ लाई युनेस्कोले विश्व सङ्गीत दिवसको रूपमा स्थापित गरेको हो । हाल संसारका १ सय बढी देशमा सङ्गीत दिवस उत्सवका रूपमा मनाइन्छ । नेपालमा पनि सङ्गीत दिवस मनाउने परम्परा विगतदेखि सुरुवात गरिएको पाइन्छ । सङ्गीतका साधकहरू तथा सङ्गीत प्रेमी-मनहरूले विश्व सङ्गीत दिवसलाई हर्षोल्लासका साथ मनाउँदै आएका छन् ।

विश्व सङ्गीत दिवसको अवसरमा सांस्कृतिक संस्थानद्वारा आयोजित संस्थानको कला प्रशिक्षणका ३४ औं प्रशिक्षार्थीहरूको कला प्रस्तुतीकरणसँगै "विशेष सांस्कृतिक कार्यक्रम २०८२" को सम्पन्न गरिएको छ । सो कार्यक्रममा प्रशिक्षार्थीहरूले गीत, धून, नृत्य र नाटक प्रस्तुत गरेका थिए । कार्यक्रममा सभाध्यक्षता ग्रहण गर्नुभएका संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले विश्व सङ्गीत दिवसको शुभकामना बाँड्नुहुँदै सिर्जनशील कलामध्ये सङ्गीत उच्चकोटीको विधा भएकाले ठूलो त्याग र साधनाले प्राप्त हुने सङ्गीतलाई पूजन गर्ने प्रशिक्षार्थी र प्रशिक्षक दुबै संस्कृतिमय हुनुपर्नेतर्फ जोड दिनुभयो । कार्यक्रम सञ्चालन संस्थानका गायन शाखा संयोजक श्री तिर्थराज पोखेलज्यूले गर्नुभएको थियो भने स्वागत मन्तव्य प्रशिक्षण इकाई प्रमुख श्री दुर्गा प्रसाद खतिवडाले राख्नुभएको थियो । संस्थानका कर्मचारी र प्रशिक्षार्थीहरूको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो ।



# २२ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव भव्यताका साथ सम्पन्न

१५ असार २०८२, ललितपुर ।

नेपाल कृषिप्रधान देश भएकाले मुख्य खाद्यबाली धानको महत्त्व राष्ट्रको इतिहास, सभ्यता, जीवन पद्धति र धार्मिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षसँग जोडिएको छ । असार १५ गतेको दिनलाई धान दिवस तथा रोपाइँ महोत्सव स्वरूप उत्सवका रूपमा मनाउने गरिन्छ । यस दिनलाई मानो रोपेर मुरी फलाउने दिनका रूपमा देशका अधिकांश स्थानमा रोपाइँ थालनी गर्ने, असारे भाका गाउने तथा दही, चिउरा खाने सांस्कृतिक पर्वका रूपमा समेत मनाउने गरिन्छ । किसानको श्रमको सम्मान गर्ने उद्देश्यले नेपाल सरकारले वि.सं.२०६१ सालदेखि हरेक वर्ष असार महिनाको १५ गतेलाई राष्ट्रिय धान दिवसको रूपमा मनाउने परम्परा बसालेको छ। यस वर्ष पनि "धानबालीमा सघनता, खाद्य सुरक्षा र आत्मनिर्भरता" भन्ने नाराका साथ देशैभर २२ औं राष्ट्रिय धान दिवस मनाइयो ।

कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय श्री रामनाथ अधिकारीज्यूको प्रमुख आतिथ्यतामा राष्ट्रिय वाली विज्ञान अनुसान्धान केन्द्रको आयोजना र सांस्कृतिक संस्थानको सांस्कृतिक प्रस्तुतिमा "२२ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव, २०८२" खुमलटार, ललितपुरमा भव्यताका साथ सम्पन्न गरिएको छ ।



# सांस्कृतिक संस्थानको प्रस्तुतिमा असारे गीत ‘छुपुमा छुपु’ सार्वजनिक

२० असार २०८२, काठमाडौँ ।

सांस्कृतिक संस्थानले समय सान्दर्भिक गीत असारे गीत ‘छुपुमा छुपु’ बोलको गीत श्रव्यदृश्य सामग्री सहित सार्वजनिक गरेको छ । उक्त गीतमा रचनाकार श्री सहदेव कालिकोटे, सङ्गीतकार श्री विपिन घिमिरे, सङ्गीत संयोजक/रेकर्डिष्ट/ध्वनि सम्पादक श्री प्रेम प्रकाश रामजाली, गायक/गायिकाहरु श्री तिर्थराज पोखेल, श्री दीपेन्द्र बज्राचार्य, श्री विपिन घिमिरे, श्री शिला विष्ट, श्री राधिका भण्डारी र श्री जसराज राई, वाद्यवादकहरु श्री दुर्गा प्रसाद खतिवडा, श्री नरेश प्रजापति, श्री रोहित सुवेदी, लोकराज राई, निर्देशक श्री माया थापा, छायांकार श्री बि.एम मल्ल, दृश्य सम्पादक श्री मनिष कार्की, अभिनयमा माया थापा, श्री सुशिला थापा, श्री गीता थापा घिमिरे, श्री सवनम सिलवाल, श्री शेखर घर्ति, श्री अक्कल बहादुर पाखिन, श्री बिना विश्वकर्मा लगायत संस्थान परिवार, भेषभूषा श्री नारायणी पाण्डेको रहेको छ । गीतको श्रव्यदृश्य सामग्रीलाई संस्थानको आधिकारिक युटुव च्यानल मार्फत सार्वजनिक गरिएको छ ।

कृषिप्रधान देश नेपालमा असारे गीतको महत्त्व व्यापक छ । नेपाली कृषकको मुटु मिसिएको गीत असारे गीत हो । असार महिनामा गाइने भएकाले नै यसलाई असारे गीत वा असारे भाका भनिएको हो । यो गीत श्रम गरिरहेका बेला गाइने भएकाले यसलाई श्रमगीत पनि भनिन्छ । जब खेतमा धान रोपाइँको कर्म हुन्छ, त्यो समयमा गाइनुले यो कर्म गीत पनि हो, रोपाइँ गीत पनि हो । युवायुवतीका बिचमा गाइने, कठोर परिश्रमलाई बिर्साउने उद्देश्यले गाइने भएकाले असारे गीतमा मूलतः शृङ्गार रस प्रधान हुन्छ । असारे गीत विशेष समयमा गाइने भएकाले ऋतुकालीन गीत पनि हो । ‘मानो रोपेर मुरी उब्जाउने’ धान रोपाइँको समयमा गाइने असारे गीत नेपाली लोकगीतको एउटा विशिष्ट भेद हो । असारमा गरिने मानवीय श्रम सम्बन्धी संस्कृति बोकेको गीतको श्रव्यदृश्य सामग्री निकै मेहनत गरेर निर्माण गरिएको छ ।

नेपाली संस्कृतिको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरण गर्ने प्रमुख अभिभारा बोकेको नेपाल सरकारको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले नेपालमा प्रचलित पहिचानयुक्त सबै प्रकारका गीतहरू रेकर्डिङ गरी श्रव्यदृश्य सामग्रीका माध्यमबाट संस्कृति जगेर्ना गर्ने हेतुका साथ पछिल्लो समय संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको नेतृत्वमा निकायगत कार्य प्रकृति अनुसार अपरिहार्य आफ्नै रेकर्डिङ स्टुडियो निर्माण गरी अगाडि बढेको छ । संस्थानले निरन्तर सबै विधाका सबै प्रकारका गीतहरू उत्पादन गर्दै जाने प्रतिबद्धता व्यक्त गरेको छ ।



# साउने संकराई (उधेली पर्व) विशेष कार्यक्रम भव्यताका साथ सम्पन्न

१ साउन २०८२, काठमाडौँ ।

त्रिभुवन पार्क, थानकोट, काठमाडौँमा अथार मगरात मगर प्रतिष्ठानको आयोजनामा र सांस्कृतिक संस्थानको सहकार्यमा सांस्कृतिक पर्व साउने संक्रान्ति विशेष साउने संकराई (उधेली पर्व), २०८२ कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ । कार्यक्रममा सभाध्यक्ष प्रतिष्ठानका अध्यक्ष श्री झबिन्द्र पुन मगर ज्यू, प्रमुख अतिथि पूर्वउपराष्ट्रपति श्री नन्द बहादुर पुन ज्यू, विशिष्ट अतिथिहरूमा क्रमशः सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू, पूर्वसभामुख श्री ओनसरी घर्ती ज्यू, वरिष्ठ संस्कृतिविद् माननीय श्री बम कुमारी बुढा मगर ज्यू, नेपाल मगर संघका अध्यक्ष तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका सदस्य सचिव श्री ज्ञानेन्द्र पुन मगर ज्यू हुनुहुन्थ्यो ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधताभित्र एकता भएको देश भएकाले अनेकतामा एकताको सूत्रमा बाँध्न सांस्कृतिक चाडपर्वको प्रमुख भूमिका रहन्छ । संस्कृतिलाई जीवन्त राख्ने माध्यम पनि चाडपर्व हुन् । साउन महिनाको पहिलो दिनलाई साउने संक्रान्ति भनिन्छ । कृषिप्रधान देश नेपालमा अधिकांश नेपालीहरू असार महिनाभरी खेती किसानीमा लाग्ने भएकाले त्यस क्रममा हिलोमैलोले लाग्ने छाला सम्बन्धी रोगबाट बच्न लुतो फाल्ने चलन छ । विधिवत रूपमा पूजापाठ गरी लुतो फाल्नाले रोग






निको हुने जनविश्वास रहेको छ। "माघे संक्रान्तिले चाड धपाउँछ, साउने संक्रान्तिले चाड बोलाउँछ" भन्ने उखान नेपाली समाजमा प्रचलनमा रहेको छ। साउने संक्रान्ति पश्चात् हाम्रा ठूलाठूला चाडपर्वहरू शुभारम्भ हुने गर्दछन् । साउने संक्रान्ति पर्वलाई प्रकृतिको पूजा गर्ने, पुर्खाको सम्झना तथा सम्मान गर्ने, विगत र वर्तमानको समीक्षा गर्दै भविष्यको योजना बनाउने पर्वको रूपमा समेत मान्ने गरिन्छ । साउन महिना धार्मिक, प्राकृतिक र सांस्कृतिक दृष्टिकोणले महत्त्पूर्ण मानिन्छ । साउने संक्रान्तिलाई लुतो फाल्ने चाडका रूपमा लिइएतापनि नेपालमा बसोबास गर्ने आदिवासी जनजातिहरूले साउने संक्रान्ति पर्वलाई मौलिक चाडका रूपमा आ-आफ्नै विधिपद्धति अनुसार प्रकृतिको पूजा गरी मनाउने प्रचलन छ। जस अन्तर्गत आदिवासी जनजातिमा जनसंख्याको हिसाबले पहिलो स्थानमा रहेको मगर समुदायले साउने संक्रान्तिलाई उधेली पर्वका रूपमा मनाउने गर्दछन्। मगर समुदायले परम्परागत रूपमा उधेली र उभेली गरी दुईवटा ऋतु मान्ने गर्दछन् । जहाँ साउनदेखि पुषसम्म उधेली र माघदेखि असारसम्म उभेली गरी ६/६ महिनाको दुई ऋतुलाई मान्ने गर्दछन् । प्रकृति पूजक मगर समुदायका पौराणिक किंवदन्ती अनुसार उभेली ऋतुमा गायन, वादन तथा नृत्य सम्बन्धी मनोरञ्जन क्रियाकलाप गर्न नहुने र उधेली ऋतु सुरु हुनासाथ प्रकृतिको पूजा गरी मगर समुदायको प्रमुख बाजा मादल बाजा विधिवत रुपमा फुकाई गायन, वादन तथा नृत्य सम्बन्धी क्रियाकलाप शुभारम्भ गर्ने सांस्कृतिक परम्परा रहेको छ । साउने संकराई (उधेली पर्व) पर्वमा मगर समुदायको मौलिक सांस्कृतिक पक्ष रहेको पाइन्छ, जस्तो कि : बाली नष्ट गर्ने विभिन्न किराहरूको प्रतीक बनाई प्राकृतिक दैवी प्रकोप नआओस्, अनिकाल नहोस्, दु :ख कष्ट नहोस्, पृथ्वीका प्राणीको भलो होस् भनी कामना गरी प्रकृतिको पूजा गर्नु, विधिवत रूपमा मगरबाजा मादल फुकाई मनोरञ्जनको सुरुवात गर्नु आदि।

सांस्कृतिक संस्थानको नीति र कार्यक्रम अन्तर्गत संस्कृतिभित्रको प्रमुख अवयव सांस्कृतिक चाडपर्वहरूको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि विभिन्न

चाडपर्वहरुको स्थलगत रूपमै सहभागी भई क्रियाकलाप सञ्चालन गर्ने उद्देश्य अनुरूप उक्त मौलिक सांस्कृतिक पर्व साउने संकराई पर्व विशेष कार्यक्रममा सहकार्य गरी सभ्य-भव्य ढंगले सम्पन्न गरिएको हो । यस अवसरमा अथार मगरात मगर प्रतिष्ठानद्वारा अथार मगरात क्षेत्रको मौलिक परम्परा, संस्कार, रीतिथिति र चालचलन अनुसार विशेष पहिचानयुक्त संस्कृति प्रदर्शनी तथा विभिन्न जीवजनावर, किराफट्याङ्ग्राका आकारमा तयार पारिएका रैथाने खानाका परिकारहरूको प्रतिस्पर्धासँगै प्रदर्शन गरिएको थियो । मगर समुदायले साउने संक्रान्तिलाई विशेष महान् मौलिक सांस्कृतिक चाड तथा आफूहरूले मान्दै आएका ऋतु परिवर्तनको सूचक स्वरूप समते यस पर्वलाई मनाउने गर्दछन् ।

सो कार्यक्रममा वरिष्ठ संस्कृतिविद् श्री बम कुमारी बुढा मगरले धारणा राख्नुहुँदै चाडपर्वको महत्त्वबारे स्पष्ट पार्नुभएको थियो । उहाँका अनुसार साउने संकराई मगर हरूको ऋतु विशेष पर्वसँग सांस्कृतिक सम्बन्ध राख्ने भएकाले यसको गरिमा प्राकृतिक, सांस्कृतिक र वैज्ञानिक रहेको तर्फ जोड दिनुभयो । उहाँले मगर जातिले परम्परागत रूपमा मान्ने दुईवटा ऋतु उधेली र उभेलीको गरिमा अपरम्पार रहेको बताउनु भयो । साउनदेखि पुषसम्म उधेली र माघदेखि असारसम्म उभेली ६/६ महिनाको दुई ऋतु रहेको र यी ऋतुसँग सम्बन्धित मौलिक किंवदन्ती अनुसार उभेली ऋतुमा भ्यागुता जमिन बाहिर बस्ने भएकाले गायन, वादन र नृत्य सम्बन्धी क्रियाकलाप गर्दा भ्यागुताको मुटु थर्किन्छ, पाप लाग्छ भन्ने मान्यता रहेको अर्थात् उभेलीमा भ्यागुता जमिन बाहिर बस्ने र जीवनचक्र पार गर्ने हुनाले माघदेखि असारसम्म गायन, वादन र नृत्य सम्बन्धी क्रियाकलाप गर्न नहुने, जब उधेली ऋतु सुरु हुन्छ तब भ्यागुता जमिन मुनि बस्ने भएकाले त्यसबखत गायन, वादन र नृत्य गर्न उपयुक्त हुने भन्ने मान्यता अनुसार उधेली ऋतुमा मगर समुदायले आफ्नो प्रमुख बाजा मादल बाजा विधिवत रूपमा फुकाएर प्रकृतिको पूजा गरी गायन, वादन र नृत्य सम्बन्धी क्रियाकलाप शुभारम्भ गर्ने गर्दछन् । त्यस्तै नचारु (पुरुष कलाकार) र जोराल्नी (महिला कलाकार) हरू गुर (गुरु) र गुरमी (गुरुमा) सँग सम्पर्क गरी जैसी







(विद्वान) द्वारा उपयुक्त साइत हेराएर जीउपछे जोग (पर्व) मा नचारू जोराल्नीले आ-फ्नो समूहमा ओखला पूजा वा नाचको आरम्भ गर्दछन् । ओखला भन्नाले शिलान्यास वा उद्घाटन भन्ने हुन्छ । साउन १ गते भूमिको पूजा गरी मादल बाजा फुकाई ओखला पूजा गरी नचारू नाचको शुभारम्भ गरिन्छ । नचारू अन्तर्गत पैस्यारू, सिङारू, सरङ्ङ्या, धोता आदि नाच पर्दछन् । यसरी उधेली ऋतुको सुरुवातसँगै मनाइने साउने संक्रान्ति पर्वले मगर समुदायको सांस्कृतिक पक्षसँग गहिरो सम्बन्ध राख्दछ ।

यसरी अनौठो मौलिक संस्कृति बोकेको चाडपर्वको विशेषतालाई नजिकबाट नियालेर यसको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरण गर्नु सांस्कृतिक संस्थानको प्रमुख जिम्मेवारी भएकोले अथार मगरात मगर प्रतिष्ठानसँग सहकार्य गरी स्थलगत रूपमा सो कार्यक्रम गरिएको व्यहोरा संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले बताउनु भयो । कार्यक्रममा सांस्कृतिक संस्थानका कलाकारको विशेष प्रस्तुति र मगर समुदायका विविध संस्कृति प्रदर्शनसँगै सभ्य-भव्य रूपमा सम्पन्न गरिएको थियो ।







# २६ औं अरुण स्मृति दिवस श्रद्धार्पणका साथ मनाइयो




५ साउन २०८२, काठमाडौं ।

राष्ट्रिय व्यक्तित्व स्व.अरूण थापाको "२६ औं स्मृति दिवस" श्रद्धार्पणका साथ मनाइएको छ । नेपाल मगर विद्यार्थी संघ केन्द्रीय समितिको आयोजना र सांस्कृतिक संस्थानको विशेष प्रस्तुतिसँगै संस्थानको मिनी हलमा स्मृति दिवस मनाइएको हो । नेपाल मगर विद्यार्थी संघका अध्यक्ष राजु पुन मगरज्यूको सभाध्यक्षता, सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको प्रमुख आतिथ्यता, नेपाल मगर संघ केन्द्रीय समितिका सहअध्यक्ष श्री गंगा बहादुर थापा मगर ज्यू र वरिष्ठ संस्कृतिविद् श्री बमकुमारी बुढा मगरज्यूको विशिष्ट आतिथ्यता, नेपाल मगर संघ केन्द्रीय समितिका उपाध्यक्षज्यूहरू, उपमहासचिवज्यूहरू, मगर संघका विभिन्न भातृ संस्थाका प्रमुखज्यूहरू, नेपाल मगर सांस्कृतिक संघका अध्यक्ष श्री दिपसार थापा मगर ज्यू, अन्य संस्थाका प्रमुखहरू, रासस प्रतिनिधि नारायण ढुंगाना ज्यू, अरूण स्मृति प्रतिष्ठानका अध्यक्ष श्री सन्दन थापा मगर ज्यू लगायतको आतिथ्यता रहेको थियो । सांस्कृतिक संस्थानका कलाकारद्वारा उच्च सम्मानका साथ श्रद्धार्पण भाव सम्प्रेषण हुने गरी स्व.अरूण थापाप्रति समर्पित गीति





नाटक ऋतुहरूमा तिमी सहित उहाँद्वारा स्वरबद्ध कालजयी गीतहरू प्रस्तुतीकरणसँगै स्मृति दिवस मनाइएको हो ।

सिर्जनशील कला मार्फत राष्ट्रलाई अतुलनीय योगदान दिनुहुने राष्ट्रिय व्यक्तित्वहरूको सम्मानार्थ विभिन्न व्यक्तित्वहरूको स्मृति दिवस विशेष कार्यक्रम सांस्कृतिक संस्थानले आ.व.२०८२/८३ को नीति तथा कार्यक्रममा समेटेकाले सोही अन्तर्गत स्व.अरूण थापा स्मृति दिवस समावेश गरिएको थियो ।

स्व.अरूण थापाको सम्झनामा श्रद्धाञ्जली अर्पण गर्दै उहाँको तस्बिरमा माल्यार्पण गरी कार्यक्रम सुरुवात गरिएको थियो । प्रमुख अतिथि महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले मन्तव्य राख्नुहुँदै भन्नुभयो :-

“भनिन्छ कला नभएको मानव, मानव हुन सक्दैन । अलौकिक एवम् अद्भुत क्षमता, बौद्धिकता, कौशलता र रचनात्मक क्रियाकलापद्वारा विभिन्न कला अभिव्यक्त गर्ने लोकोत्तर प्राणी कलाकार हो । संसारमा कहिल्यै नमर्ने प्राणी संसारमा कोही छ भने त्यो सिर्जनशील प्राणी कलाकार नै हो कि जो मरेर गएपनि ऊ आफ्ना कृतिहरू मार्फत जीवित रहिरहन्छ । एक सिर्जनशील प्राणीका कृतिहरू सभ्य संस्कृति समाजमा सम्प्रेषण गर्दै सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि सदा अजर-अमर रहिरहन्छन् । सिर्जनशील कला मार्फत आफ्नो सारा जीवन समर्पण गरी राष्ट्रलाई अतुलनीय योगदान पुऱ्याउनु हुने दिवंगत राष्ट्रिय व्यक्तित्व स्व.अरुण थापाको २६ औं स्मृति दिवसमा हामी छौं । यो देशको अस्तित्व बचाउन जीवन समर्पण गर्ने नेपाली साङ्गीतिक आकाशका एक नक्षेत्र, एक राष्ट्रिय धरोहर स्व.अरुण थापालाई हरनेपाली तथा राज्यले सदा उच्च सम्मानका साथ खोजी गर्नुपर्छ । उहाँको स्मृति दिवस राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरसम्म छरिएर रहेका हरेक नेपालीले मनाउने संस्कृतिको विकास गरि नुपर्छ । उहाँको योगदानको पुस्तौंपुस्तासम्म अक्षुण्ण रूपमा पुस्तान्तरण हुनुपर्छ । स्मृति दिवस भन्नु नै मृत्मात्माको उच्च सम्मान स्वरूप श्रद्धार्पण गर्नु हो । त्यसमा पनि सिर्जनशील कला भएका प्राणीहरूको स्मृति दिवसलाई श्रद्धापूर्वक सांगीतिक श्रद्धार्पण गरिनुपर्छ । आजका सम्पूर्ण प्रस्तुतिले स्व.अरुण थापाज्यूप्रति उच्च सम्मान भएको महसुस मैले गरेको छु । सजीव कला मार्फत प्रत्यक्ष प्रस्तुतीकरण गर्नुहुने सबै कलाकारप्रति हार्दिक आभार प्रकट गर्दछु । स्व.अरुण थापालाई राष्ट्रिय व्यक्तित्वको रूपमा स्थापित गर्नु, उहाँको प्रतिलिपि अधिकार, बौद्धिक अधिकारको संरक्षण गर्नु, राज्यबाट न्यायोचित शिष्टाचारको सम्मान दिलाउनु नै मुख्य शर्तहरू हुन् । यी विषयमा गम्भीरतापूर्वक चिन्तन गर्न सकेनौं भने यहाँ हजारौं अरुण थापाहरूको अस्तित्व संकटमा पर्नेछ । तसर्थ सरोकारवाला निकायको यसतर्फ ध्यान जान जरुरी छ । लोकतान्त्रिक पद्धति अनुरूप सम्पूर्ण जातजातिका संस्कृतिलाई समान रूपमा वकालत गर्नु मेरो जिम्मेवारी हो । तर आजको यो परिवेश अनुसार मैले भन्नैपर्छ कि आदिवासी जनजातिमा जनसंख्याको हिसाबले पहिलो स्थानमा रहेको मगर समुदाय, ५० लाख मगरहरूको आशीर्वाद लिएर हिँड्ने म एक सदस्य भएको नाताले पुर्खाको विरासतलाई कायम राख्दै कर्तव्यनिष्ठ भई जिम्मेवारी वहन गर्दाको परिणाम संस्थानमा भएको प्रगति पानीजस्तै छर्लङ्ग छ । आज तपाईंहरूले गर्वका साथ भन्ने ठाउँ छ कि मृत्युशैयामा रहेको सांस्कृतिक संस्थानमा हाम्रो सन्ततिले इमानदारिता र स्वाभिमान कायम गर्दा गत आवको तुलनामा ६९.४७ प्रतिशत आम्दानीमा

वृद्धि भएको छ। नेपाल मगर संघ मातृ संस्था भएकाले नेपाल मगर विद्यार्थी संघलाई पुर्खाको विरासतयुक्त सभ्य संस्कृति हस्तान्तरण गरी सही स्कुलिङ गर्न नसके ठूलो मूल्य चुकाउनुपर्ने तर्फ जोड दिँदै प्राज्ञिक क्षेत्रको प्रतिनिधित्व गर्ने यी विद्यार्थी काँचो माटो भएकाले कसरी सत्मार्गमा अग्रसर गराउने त्यो जिम्मा नेपाल मगर संघले लिनुपर्छ। "भाइ फुटे, गँवार लुटे" उखानलाई शिरोपर गर्दै मगर समुदायले आफ्नो जातिलाई मात्र होइन सम्पूर्ण समुदायलाई समेत राष्ट्रिय एकताको सूत्रमा बाँध्ने प्रेरकको काम गर्नुपर्छ। वर्तमान परिवेशमा डिजिटलयुगसँगै वैश्वीकरण (विश्वव्यापीकरण वा भूमण्डलीकरण) को प्रभावले संस्कृति हराउँदै गएकाले सिर्जनशील क्षमता भएका प्राणीहरूले आफ्ना सिर्जना मार्फत नवजागरण पैदा गरी सामाजिक सद्भाव तथा राष्ट्रिय एकताका भावनाहरू अभिव्यक्त गरी जनमानसलाई एकताबद्ध गर्न सक्छन्। तसर्थ सिर्जनशील प्राणीहरूको संरक्षणका लागि स्पष्ट राज्यनीति अपरिहार्य छ। सिर्जनशील कला मार्फत राष्ट्रलाई अतुलनीय योगदान पुऱ्याउने स्व.अरुण थापाजस्ता राष्ट्रिय धरोहरलाई युगौंयुग बचाउने स्पष्ट राज्यनीति हुनुपर्छ। त्यसमा सांस्कृतिक संस्थान सदा प्रतिबद्ध छ।"

विशिष्ट अतिथि नेपाल मगर संघको सहअध्यक्ष श्री गंगा बहादुर थापा मगरज्यूले स्व.अरूण थापालाई राष्ट्रियकरण गर्न सांस्कृतिक संस्थानले पुलको काम गरेकोमा आभार प्रकट गर्दै उहाँ सबै नेपालीको साझा सम्पत्ति भएकाले स्व.अरूण थापालाई राष्ट्रले उचित स्थान दिनुपर्ने धारणा राख्नुभयो। त्यस्तै वरिष्ठ संस्कृतिविद् श्री बमकुमारी बुढा मगरज्यूले नेपाल मगर विद्यार्थी संघले नेपाल सरकारको निकाय सांस्कृतिक संस्थानसँग समन्वय गरी कार्यक्रम गर्नुले स्व.अरूण थापा राष्ट्रिय व्यक्तित्व भएको पुष्टि गरेको तर्फ जोड दिनुभयो। त्यस्तै परिवारजनका तर्फबाट अरूण थापा स्मृति प्रतिष्ठानका श्री सन्दन थापा मगरज्यूले स्व.अरूण थापा मगरज्यूलाई स्मरण गर्दै नेपाल सरकारको सांस्कृतिक संस्थानले आफ्नो नीति तथा कार्यक्रममा







स्मृति दिवस राख्नुभएकोमा हार्दिक आभार प्रकट गर्नुभयो भने नेपाल मगर सांस्कृतिक संघका अध्यक्ष श्री दिपसागर थापा मगरज्यूले स्व.अरूण थापा मगरको रोयल्टी बारे आवाज उठाउनुपर्ने धारणा राख्नुभयो। नेपाल मगर संघ केन्द्रीय समितिका निवर्तमान अध्यक्ष श्री चित्र पुलामी मगरज्यूले शैक्षिक जागरण गर्नुपर्ने तथा स्व.अरूण थापालाई राष्ट्रियकरण गर्नुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा स्व.अरूण थापा स्मृति पुरस्कार श्री केसरी घर्ती मगरलाई प्रदान गरिएको थियो भने परिवारजनको तर्फबाट श्री सन्दन थापा मगरलाई सम्मान गरिएको थियो। अन्य थुप्रै सिर्जनशील क्षमता भएका व्यक्तित्वहरूलाई पनि सम्मान गरिएको थियो । स्वागत मन्तव्य नेपाल मगर विद्यार्थी संघका उपाध्यक्षज्यूले गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन महासचिवज्यूले गर्नुभएको थियो । कार्यक्रम समापन गर्नुहुँदै नेपाल मगर विद्यार्थी संघका अध्यक्ष श्री राजु पुन मगरज्यूले उपस्थित सम्पूर्णलाई आभार प्रकट गर्दै सांस्कृतिक संस्थानको नीति तथा कार्यक्रममा अरूण स्मृति दिवस समेटिनु गौरवको कुरा भएको तथा स्व.अरूण थापा सबै नेपालीको साझा व्यक्ति भएकाले उहाँको रक्षा गर्नु सबैको दायित्व रहेको धारणा राख्नुभयो।

सो स्मृति दिवस कार्यक्रममा स्व.अरूण थापाप्रति समर्पित गीति नाटकः ऋतुहरूमा तिमी - (निर्देशनः रामभजन कामत, संयोजकः सवनम सिलवाल, संवादः दिपक आलोक, प्रत्यक्ष गायनः विपिन घिमिरे, रचनाः राजेन्द्र रिजाल, संगीतः राम थापा ), डकुमेन्ट्री (स्व.अरूण थापाज्यूप्रति समर्पित) प्रस्तुत, चोट के हो - गायन प्रस्तुति (प्रत्यक्ष गायनः शिला विष्ट, रचनाः शुभाषचन्द्र ढुंगेल, संगीतः अरूण थापा), तिमी हेर्छौ भने - गायन प्रस्तुति (प्रत्यक्ष गायनः टिका मगर, रचनाः दिपक बुढाथोकी, संगीतः अरूण थापा), जति माया लाए पनि - गायन प्रस्तुति (प्रत्यक्ष गायनः राधिका भण्डारी, रचनाः विनोद गौचन, संगीतः अरूण थापा), आँखाको नीद - गायन प्रस्तुति (प्रत्यक्ष गायनः तिर्थ राज पोखेल, रचनाः विक्रम गुरुङ, संगीतः अरूण थापा), भुलुँ भुलुँ लाग्यो मलाई - गायन प्रस्तुति (प्रत्यक्ष गायनः गायत्री राना मगर, रचना/संगीतः विक्रम गुरूङ), साँझको जूनसँगै - गायन प्रस्तुति (प्रत्यक्ष गायनः दिपेन्द्र बज्राचार्य, रचनाः किशोर गुरुङ, संगीतः अरूण थापा) प्रस्तुत गरिएको थियो। नरसिंलाल श्रेष्ठ, दुर्गाप्रसाद खतिवडा, सितामैया राजचल, नरेश प्रजापति, लोकराज राई, सुक्रिमाया मोक्तान र गेम थापाले वादनमा साथ दिनुभएको थियो। कार्यक्रमको संयोजन सांस्कृतिक संस्थानका कार्यक्रम तथा योजना शाखा संयोजक रेखा कुमारी कटुवालले गर्नुभएको थियो।


नेपाली गीत संगीतका लोकप्रिय गायक तथा गीतकार स्व. अरुण थापामगरको सम्झनामा
२६औं अरुण स्मृति दिवस-२०८२
सांस्कृतिक संस्थान र नेपाल मगर सांस्कृतिक संघको विशेष प्रस्तुती
साथमा स्व. अरुण थापामगरमा समर्पित विशेष गीति नाटक प्रदर्शनी
विपिन घिमिरे
दिपेन्द्र बज्राचार्य
तिर्थ राज पोखेल
गायत्री रानामगर
राम भजन कामत
टिका मगर
शिला विष्ट
सुक्रीमाया मोक्तान
सवनम सिलवाल
गैम थापा मगर
राधिका भण्डारी
सीतामैया राजचल
दुर्गा प्रसाद खतिवडा
नरसिंलाल श्रेष्ठ
नरेश प्रजापति
लोकराज राई
मिडिया पार्टनर
आयोजक
श्रावण ५ गते / राष्ट्रिय नाचघर, जमल / ०१:०० बजे देखि
नेपाल मगर विद्यार्थी संघ
केन्द्रीय समिति, काठमाण्डौ



# ३४ औं समूहका प्रशिक्षार्थी 'दीक्षान्त समारोह' सम्पन्न




२१ साउन २०८२, काठमाडौं ।

सांस्कृतिक संस्थानले अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि विगतदेखि सञ्चालन गर्दै आइरहेको कला प्रशिक्षण कार्यक्रम अन्तर्गत ३४ औं समूहका प्रशिक्षार्थी "दीक्षान्त समारोह" मिति २०८२ साउन २१ गते संस्थानको मेगा हलमा सम्पन्न गरिएको छ । संस्थानले हरेक आ.व.मा ६/६ महिने गायन, वाद्यवादन, नृत्य र नाटक विधामा प्रशिक्षण क्रियाकलाप सञ्चालन गर्दै आइरहेको छ ।

संस्थानका अध्यक्ष श्री चन्द्र कुमार राई हतुवाली ज्यू र महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको विशेष उपस्थितिमा दीक्षान्त समारोह समापन गरिएको हो । सो समारोहमा महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले दीक्षान्त कार्यक्रमको मूलमर्म बारे खण्डन, प्रशिक्षकलाई आभार तथा प्रशिक्षार्थीलाई उज्ज्वल भविष्यको कामना र प्रशिक्षण क्रियाकलापलाई विधिसम्मत बनाउन कला प्रशिक्षण कार्यविधि, २०८१ निर्माण गरी अगाडि बढाइएको तर्फ जोडदिँदै आगामी प्रशिक्षण कार्यक्रमलाई थप सुदृढ गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा प्रशिक्षार्थीहरूले कला प्रस्तुतीकरण गरेका थिए भने प्रशिक्षार्थीलाई प्रमाण पत्र वितरण गरिएको थियो । कार्यक्रम समापन अध्यक्ष श्री चन्द्र कुमार राई हतुवालीज्यूले गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन प्रशिक्षण इकाई प्रमुख श्री दुर्गा प्रसाद खतिवडाज्यूले गर्नुभएको थियो ।







# मौलिक गीत 'ए नि बरिलै'




२३ साउन २०८२, काठमाडौं ।

सांस्कृतिक संस्थानले हिन्दू नारीहरूको महान् सांस्कृतिक पर्व तीजको अवसरमा मौलिक तीज गीत 'ए नि बरिलै' बोलको गीत श्रव्यदृश्य सामग्री सहित सार्वजनिक गरेको छ। उक्त गीतमा रचनाकार श्री लोकराज अधिकारी, सङ्गीतकार श्री विपिन घिमिरे, सङ्गीत संयोजक/रेकर्डिष्ट/ध्वनि सम्पादक श्री प्रेम प्रकाश रामजाली, गायिकाहरु श्री शिला विष्ट र श्री राधिका भण्डारी, वाद्यवादकः श्री दुर्गा प्रसाद खतिवडा, श्री नरेश प्रजापति, श्री लोकराज राई, निर्देशक श्री शेखर घर्ती, छायांकार श्री बि.एम मल्ल, दृश्य सम्पादक श्री मनिष कार्की, अभिनयमा माया थापा, श्री सुशिला थापा, श्री गीता थापा घिमिरे, श्री दिपेन्द्र बज्राचार्य, श्री बिना विश्वकर्मा, श्री अक्कल बहादुर पाखिन, श्री लोकराज राई, श्री सबनम सिल्वाल, श्री मन्जु भुषाल, श्री सुक्रिमाया मोक्तान, श्री जशराज राई, श्री कल्पना राई, श्री मनोज के.सी, श्री लोककुमारी पूर्वछाने मगर, श्री कविता आले, श्री सोनिया रावत, श्री वर्षा श्रेष्ठ, श्री रिता शाही, श्री सम्झना पुतुवार, भेषभूषा श्री नारायणी पाण्डेको रहेको छ भने गीतलाई सांस्कृतिक संस्थान रेकर्डिङ स्टुडियोमा रेकर्ड गरिएको हो ।

नेपाली संस्कृतिको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरण गर्ने प्रमुख अभिभारा बोकेको नेपाल सरकारको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले चाडपर्व विशेष मौलिक गीतहरू र नेपालमा प्रचलित पहिचानयुक्त सबै प्रकारका गीतहरू रेकर्डिङ गरी श्रव्यदृश्य सामग्रीका माध्यमबाट संस्कृति जगेर्ना गर्ने हेतुका साथ पछिल्लो समय संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको नेतृत्वमा निकायगत कार्य प्रकृति अनुसार अपरिहार्य आफ्नै रेकर्डिङ स्टुडियो निर्माण गरी अगाडि बढेको छ। संस्थानले निरन्तर सबै विधाका सबै प्रकारका गीतहरू उत्पादन गर्दै जाने प्रतिबद्धता व्यक्त गरेको छ।

# सांस्कृतिक पर्व गाईजात्राको अवसरमा प्रहसन महोत्सव भव्यताका साथ सम्पन्न

३१ साउन २०८२, काठमाडौं ।

सांस्कृतिक पर्व गाईजात्राको अवसरमा सांस्कृतिक संस्थानद्वारा आयोजित सप्ताहव्यापी प्रहसन महोत्सव, २०८२ भव्यताका साथ सम्पन्न भएको छ । नेवार समुदाय विशेष सांस्कृतिक पर्व गाईजात्रा (सापारू) लाई प्राचीन सांस्कृतिक परम्परा, मूल्य-मान्यता र सभ्य संस्कृति समाहित प्रहसन सहित उत्सवका रूपमा मनाउन कार्यक्रम आयोजना गरिएको हो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको प्रमुख आतिथ्यतामा साउन २४ गते शनिबारका दिन समुद्घाटन गरिएको महोत्सव साउन ३१ गतेसम्म सञ्चालन भई सभ्यभव्य रूपमा सम्पन्न भएको छ ।



महोत्सवमा लोकप्रिय हास्य कलाकारले प्रस्तुति दिनुभएको थियो । पुराना हास्य कलाकारदेखि अहिलेका चर्चित कार्यक्रम कमेडी नाइट विथ च्याम्पियन्स र कमेडी दरबारका कलाकार संस्थानको गाईजात्रा महोत्सवमा जोडिनु भएको थियो । सिस्नुपानी नेपालका अध्यक्ष लक्ष्मण गाम्नागेले कविता आध्यात्मिक, सुरेन्द्र केसी 'मुला साग' र शिवशङ्कर रिजाल 'जोगिन्दर' ले 'प्राइभेट प्रहरी चौकी', हिमेश पन्त र सुजिता श्रेष्ठले 'नर्क', विकास अर्याल र सरोज भण्डारीले 'किसमिसको हमला', भरतमणि पौडेल र सुमन कोइरालाले 'घरबेटी र डेरावाल', सन्तोष थापा र कैलाश कार्कीले 'माइतीघर', दिनेश काफ्ले (हाउडे दाइ) र खड्ग बहादुर पुन मगर (खबपु) ले 'अलपत्र', सुयशा खनाले 'अभिभावक र बालबालिका', संस्थानका कलाकारहरू राम भजन कामत, विपिन घिमिरे र सबनम सिल्बालले 'झिल्के ट्रायल सेन्टर' लगायत संस्थानका कलाकारद्वारा अन्य सांस्कृतिक प्रस्तुति दिनुभएको थियो । महोत्सवको उद्घोषण राजा राजेन्द्र पोखेलले गर्नुभएको थियो । संस्थानको मेगा प्रेक्षालयमा हरेक दिन साँझ ५ बजे तथा शुक्रबार र शनिबारका दिन बेलुका ४ बजे कार्यक्रम प्रदर्शन गरिएको थियो ।

प्रमुख अतिथि माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूले धारणा राख्नुहुँदै गाईजात्रा पर्वको आफ्नै महत्त्व र महिमा भएको बताउनु भयो । उहाँले गाइजात्रा पर्व दुःख पीडामा पनि आफूलाई सबल र बलियो बनाएर अगाडि बढ्नुपर्छ भन्ने परम्परागत मान्यतामा आधारित रहेको, हामी लड्यौं, ढल्यौं भने पनि हामी उठेर अगाडि बढ्नुपर्छ, हामी दृढतापूर्वक अगाडि बढ्नुपर्छ, हामीले आँसुमा पनि हाँसो तथा शोक र निराशामा पनि सत्य खोज्नुपर्छ भन्ने मान्यता बोकेको यस पर्वलाई मूलमर्म अनुरूप मनाउनु पर्ने बताउनु भयो । साथै गाईजात्रामा व्यङ्ग्य गर्नेहरूले पनि सिर्जनशील भएर व्यङ्ग्य गर्नुपर्ने समेत धारणा राख्नुभयो ।

संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले

सांस्कृतिक पर्व गाईजात्रा (सापारु) को अवसरमा गाईजात्रा विशेष प्रहसन कार्यक्रमको आयोजना गरिएको र पर्वको मौलिक संस्कृति लोप हुने खतरा बढेकाले यसको संरक्षणका लागि गत वर्षदेखि कार्यक्रम आयोजना गर्न थालिएको बताउनुभयो । परम्परागत र लोकतान्त्रिक पद्धति अनुसार अभिव्यक्ति स्वतन्त्रको पक्षलाई शिरोपर गर्दै व्यङ्ग्य गर्ने छुट रहेको तर छुटको नाममा अतिरञ्जित किसिमले प्रहसन गरी सांस्कृतिक पर्व गाईजात्राको नयाँ पुस्तामाझ गलत भाष्य सम्प्रेषण भइरहेकाप्रति संस्थानले विशेष ध्यानाकर्षण गर्दै सभ्य संस्कृति सम्प्रेषण गर्न कार्यक्रम आयोजना गरिएको बताउनु भयो ।

सामाजिक सुरक्षा कोष र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहकार्यमा संस्थानले गाईजात्रा विशेष कार्यक्रम आयोजना गरेको हो । सात प्रदेशको रैथाने खानपान खुवाउने गरी मौलिक भान्छाघर फुड पार्टनरको रूपमा रहेको थियो । सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले मौलिक सांस्कृतिक चाडपर्वको रक्षार्थ तथा प्रदर्शनयुक्त कला र रैथाने खानपान सहितको संस्कृतिलाई ब्राण्डिङ गरी सांस्कृतिक पर्यटनको विकास एवम् समृद्धिको आधार निर्माण गर्न हरेक कार्यक्रममा रैथाने खानपानलाई जोड दिएको बताउनुभयो ।









तपसिल
प्रायोजक:
प्रस्तुति
तपसिल


तपसिल
किसमिसको हमला














# अन्तर संस्थान तीज गीत तथा नृत्य प्रतियोगिताः तीज उत्सव २०८२ भव्यताका साथ सम्पन्न



५ भदौ २०८२, काठमाडौँ ।

संस्कृतिलाई जीवन्त राख्ने प्रमुख माध्यम तथा संस्कृतिभित्रको प्रमुख अवयव मौलिक सांस्कृतिक चाडपर्वको संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि सांस्कृतिक संस्थानले हरेक सांस्कृतिक



चाडपर्वलाई आफ्नो नीति तथा कार्यक्रम मार्फत समेटेको छ । यसै अनुरूप नारीहरूको महान् सांस्कृतिक पर्व तीजको अवसरमा संस्थानद्वारा आयोजित "अन्तर संस्थान तीज गीत तथा नृत्य प्रतियोगिता- तीज उत्सव २०८२" काठमाडौँ महानगरपालिका उपप्रमुख श्री सुनिता डंगोलज्यूको प्रमुख आतिथ्यता, सगरमाथा नेपाल फाउण्डेसनका अध्यक्ष समाजसेवी श्री सावित्री अधिकारीज्यूको विशिष्ट आतिथ्यता र थुप्रै निकाय प्रमुख तथा प्रतिनिधिज्यूहरूको आतिथ्यतामा संस्थानको मेगा हलमा भव्यताका साथ सम्पन्न भएको छ ।

कार्यक्रममा सभाध्यक्ष कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठ ज्यू, उद्घोषण हल शाखा संयोजक श्री पार्वती ज्ञवाली ज्यू र स्वागत मन्तव्य प्रशासन कर्मचारी श्री विना पोखेलज्यूले राख्नुभएको थियो । प्रतियोगिताको निर्णायकको भूमिकामा नेपालको

पहिलो नायिका राष्ट्रिय व्यक्तित्व श्री भुवन थापा चन्द ज्यू, संस्थानका कलाकारद्वय माया थापा ज्यू र शिला विष्ट ज्यू हुनुहुन्थ्यो ।

प्रतियोगितामा सहभागी एवम् विजेता-उपविजेताहरूको विवरणः

१) प्रथमः नेपाल बैंक लिमिटेड
२) द्वितीयः नेपाल नागरिक उड्डयन प्राधिकरण
३) तृतीयः नेपाल कृषि अनुसन्धान परिषद्
४) सान्त्वनाः राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड
५) नेपाल दुरसंचार प्राधिकरण
६) नेपाल आयल निगम

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले सांस्कृतिक चाडपर्वको संरक्षण, प्रवर्द्धन तथा संस्कृतिलाई उत्पादनसँग जोड्ने उद्देश्यका साथै तीजलाई मौलिक परम्परा, रीतिथिति एवम् मूल्य-मान्यता अनुरूप सभ्यभव्य ढंगले मनाउन नारीहरूको महान् सांस्कृतिक पर्व हरितालिका तीजको अवसरमा सो कार्यक्रम आयोजना गरेको हो ।



कार्यक्रममा प्रमुख अतिथि श्री सुनिता डंगोलज्यूले सांस्कृतिक संस्थानले आफ्नो अभिभारा बमोजिम नारीहरूको महान् पर्व तीजको अवसरमा मौलिक सांस्कृतिक कार्यक्रम आयोजना गरेकोमा खुशी व्यक्त गर्नुहुँदै यस पर्व र कार्यक्रमले रिसराग त्यागी राष्ट्रिय एकतातर्फ एकीकृत गर्ने सम्पूर्णमा प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो । सांस्कृतिक पर्वलाई मौलिक मूल्यमान्यता अनुसार मनाउन सम्पूर्णलाई आग्रह गर्दै सामाजिक तथा सांस्कृतिक रूपान्तरणसँगै तीज पर्व समानताको जागरण प्रदान गर्ने पर्व भएकाले नारी र पुरुष दुबैले तीज पर्वलाई सामाजिक एकताको प्रतीकका रूपमा मनाउनु पर्नेतर्फ जोड दिनुभयो ।



विशिष्ट अतिथि श्री सावित्री अधिकारीज्यूले तीज पर्व मार्फत नारी सशक्तिकरणको आवाज प्रतिविम्बित हुने भएकाले नारीहरू आज सम्माननीय पदमा समेत पुगेर कर्तव्यनिष्ठ भई जिम्मेवारी पुरा गरेकाले नारीहरू कुनैपनि कुरामा कमी छैनन् भन्ने सन्देश सम्प्रेषण गरेको बताउनुभयो । नारी माथि हुने शोषण, दमनका विरुद्ध नारीहरू एकजुट भई प्रतिकार गर्नतर्फ पनि नारी सक्षम हुनेतर्फ जोड दिनुभयो । प्रतियोगीहरूको प्रस्तुति तथा संस्थानका कलाकारहरूको प्रस्तुतीकरणसँगै कार्यक्रम सम्पन्न गरिएको थियो ।









तीज उत्सव २०८२
२०८२ भदौ ५ गते




सांस्कृतिक संस्थानको आयोजना तथा सूर्य नेपाल गाथाको सहकार्यमा
सांस्कृतिक पर्व संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि
अन्तर संस्थान तीज गीत तथा नृत्य प्रतियोगिता
तीज उत्सव २०८२


अन्तर संस्थान तीज गीत तथा नृत्य प्रतियोगिता
तीज उत्सव २०८२
२०८२ भदौ ५ गते


उतसव २०८२
२०८२
गते


तीज उतसव २०८२
२०८२ भदौ ५ गते








सांस्कृतिक संस्थानको आयोजना तथा सूर्य नेपाल गाथाको सहकार्यमा
सांस्कृतिक पर्व संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि
अन्तर संस्थान तीज गीत तथा नृत्य प्रतियोगिता
तीज उत्सव २०८२
२०८२ भदौ ५ गते

# वरिष्ठ कलाकार श्री नरसिंह लाल श्रेष्ठ सांस्कृतिक संस्थानबाट अनिवार्य अवकाश प्राप्त



८ भदौ २०८२, काठमाडौँ ।

सांस्कृतिक संस्थानका वरिष्ठ वाद्यवादन कलाकार श्री नरसिंह लाल श्रेष्ठ ज्यू अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ । संस्थानले एक कार्यक्रम आयोजना गरी कदर पत्र प्रदान गर्दै उहाँलाई बिदाई गरेको थियो । कार्यक्रममा महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले श्री नरसिंह लाल श्रेष्ठज्यूले सिर्जनशील कलाको माध्यमबाट संस्थानलाई पुर्याउनु भएको योगदानको युगौंयुग कदर हुनुपर्ने धारणा राख्नुभयो । संस्थानका अन्य कर्मचारीलाई संस्थानको जिउँदो इतिहासको साक्षी श्रेष्ठ जस्तै संस्कृतिमय बनी कर्तव्यनिष्ठ भई जिम्मेवारी बहन गर्ने पाठ सिक्नुपर्ने बताउनु भयो ।

कार्यक्रममा श्री नरसिंह लाल श्रेष्ठज्यूले आफ्ना अनुभव सुनाउँदै सम्पूर्ण कर्मचारी जिम्मेवारी बन्नुपर्ने धारणा राख्नुभएको थियो । बिदाईको क्रममा निकै भावुक हुँदै कर्मचारी भावनालाई विशेष ध्यानाकर्षण गर्ने र संस्थानको हित बमोजिम काम गर्ने महाप्रबन्धक संस्थानले पाएकै कारण यसरी स-सम्मान बिदाई गर्ने प्रणालीको विकास भएको तर्फ जोडदिँदै महाप्रबन्धकज्यूलाई धन्यवाद ज्ञापन गर्नुभयो । बिदाई कार्यक्रममा संस्थानका कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूले अवकाशप्राप्त श्रेष्ठज्यूलाई आफ्नो अभिभावकको रूपमा पाएको र उहाँको मार्गनिर्देशनले आफूलाई हर कार्यसम्पादन गर्न सहयोग मिलेको बताउँदै भावुक हुनभएको थियो । साथै उक्त दिन नारीहरूको महान् पर्व हरितालिका तीजको अवसरमा दर खाने कार्यक्रम समेत समापन गरिएको थियो ।

# सांस्कृतिक संस्थानको विषयमा विभिन्न कार्यक्रममा माननीय मन्त्रीज्यूले राख्नुभएको विशेष मन्तव्य




३२ असार २०८२, काठमाडौँ ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूले मन्त्रालयद्वारा आयोजित "पुरस्कार समर्पण समारोह" मा सम्बोधन गर्नुहुँदै संस्कृति, प्रकृति र नागरिक उड्डयन क्षेत्र तीन स्तम्भलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चलायमान बनाउन नीतिगत प्रणालीको सुधारमा आफू प्रतिबद्ध रहेको बताउनु भयो । मन्त्रालयको अभिभावकत्व ग्रहणगरेसँगै सुशासन स्थापना सहित संस्थानका महाप्रबन्धक कर्तव्यनिष्ठ भई जिम्मेवारी निर्वाह गर्न आफूले वातावरण निर्माण गरेको र सोही बमोजिम महाप्रबन्धकले कर्मचारीहरूलाई कार्यसम्पादनमा लाग्न प्रेरित गरेकाले अर्थ मन्त्रालयको प्रतिवेदन अनुसार देशैभरीका सामाजिक क्षेत्रका सार्वजनिक निकाय मध्ये सांस्कृतिक संस्थानले गत आ.व.को तुलनामा ६९.४७ प्रतिशत आयमा वृद्धि गर्न सफल भएको छ । यसले सम्पूर्ण सार्वजनिक निकायलाई प्रतिबद्ध हुन सकारात्मक सन्देश सम्प्रेषण गरेको बताउनुभयो । सम्मानित हुनुहुने सिर्जनशील व्यक्तित्वहरूलाई यसरी भएका राम्रा कार्यहरूलाई सत्यतथ्य रूपमा आफ्ना सिर्जनाहरू मार्फत आम जनमानससमा हाम्रो देशमा राम्रो काम भइरहेको छ, देश समृद्ध हुन्छ भन्ने आशा सञ्चार गर्ने सन्देश सम्प्रेषण गर्न अनुरोध समेत गर्नुभयो ।

१२ साउन २०८२, काठमाडौँ ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूले मन्त्रालयद्वारा आयोजित "पर्यटन नीति, २०८२ सार्वजनिकीकरण कार्यक्रम" मा सम्बोधन गर्नुहुँदै मैले भन्ने नछुटाउने कुरा अर्थतन्त्र ओरालो लागेको बेला देशैभरीका सार्वजनिक संस्थानहरू मध्ये सांस्कृतिक संस्थानले गत आ.व.को तुलनामा आयमा ६९.४७ प्रतिशतले वृद्धि गर्नु एउटा उदाहरणीय कार्य भएको बताउनुभयो । आफूले मन्त्रालयमा पदभार ग्रहणगरेसँगै संस्थानको महाप्रबन्धक किरण बाबु पुनले आन्तरिक स्रोतबाटै सञ्चालन हुने निकायमा हल छुट गर्नुपर्‍यो भनेर दबाब आउने प्रणालीले काम गर्न गाह्रो भएको बताउनुभयो । आफू संस्थानको अभिभावकीय मन्त्री भएको नाताले मैले पनि दबाब दिन्न, अरू जो सुकै होउन् चाहे सम्माननीय प्रधानमन्त्रीज्यूबाट समेत अनुरोध आएपनि हल छुट नगर्नु भनेर निर्देशन दिएसँगै महाप्रबन्धकले सोही बमोजिम कार्यसम्पादन गर्नतर्फ लाग्नुभयो । यसरी सुशासनको सानो प्रयास गरेर काम गर्ने वातावरण दिएसँगै प्रगतिपथमा संस्थान लम्केकोमा आफूले गर्विलो महसुस गरेको बताउनुभयो ।



# सांस्कृतिक संस्थानको स्वर्णकाल



सांस्कृतिक संस्थानको नवनिर्मित सेमिनार हल तथा प्रशिक्षण कक्षहरू

साँच्चिकै समृद्ध नेपाल तबमात्र सम्भव हुन्छ, जब एकले अर्काको अस्तित्वलाई स्वीकार्दै शिरमा सत्यलाई राखेर यथार्थ कुरा स्पष्टका साथ भन्न सक्ने संस्कृतिको विकास हुन्छ। झनै सांस्कृतिक संस्थानजस्तो संस्कृतिको वकालत गर्ने निकायमा कार्यरत नेतृत्वदेखि कर्मचारीसम्म सबैले सत्यलाई शिरोपर गर्ने र यथार्थ सन्देश समाजमा सम्प्रेषण गर्ने संस्कृतिलाई शत प्रतिशत कार्यान्वयन गर्नु आधारभूत शर्त हो । त्यसैले संस्थानले स्पष्टका साथ यथार्थ कुरा भन्न सक्नुपर्छ कि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डे ज्यू जस्तो असल अभिभावकत्व ग्रहण गर्नसक्ने व्यक्तित्व पाउनु संस्थानको सौभाग्य हो। त्यसैमाथि निकायगत कार्यप्रकृति अनुसार ज्ञानबोध भएको तथा माननीय मन्त्रीज्यूको



स्प्रीट र स्पीडलाई शिरोपर गर्दै प्रतिबद्ध हुनसक्ने क्षमता भएको महाप्रबन्धक श्री किरण बाबु पुनज्यूलाई पाउनु संस्थानको अर्को अहोभाग्य हो । माननीय मन्त्रीज्यूको असल मार्गनिर्देशन, महाप्रबन्धकज्यूको दीर्घकालीन रणनीति, संस्थान सञ्चालक समितिको साथ र संस्थानका

कर्मचारीहरूको ऐक्यबद्धताका कारण संस्थानको आ.व.२०८१/८२ स्वर्णकालको रूपमा स्थापित भएको आम सञ्चार माध्यम, मिडिया, पत्रपत्रिका तथा जनमानसबाट प्रतिक्रिया आएको छ।

साँच्चै भन्नुपर्दा माननीय मन्त्री ज्यू र महाप्रबन्धकज्यूको सांस्कृतिक ट्यूनिङ सौहार्दपूर्ण रूपमा मिलेकै कारण संस्थानमा प्रभावकारी ढंगले कार्यसम्पादन भई कहिल्यै नमेटिने कृतिमय कार्य भएका छन् । यो नै संस्थान, मन्त्रालयदेखि लिएर सिङ्गो नेपाल सरकारको गौरवमय इतिहासको कार्य हो। सांस्कृतिक संस्थानको कार्यप्रकृति अनुरूप अपरिहार्य संस्कृति विभाग, राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्म ६६ वर्षको इतिहासमा निर्णयमै सीमित रही कार्यान्वयन हुन नसकेका कार्यहरू आ.व.२०८१/८२ प्रभावकारी ढंगले सम्पन्न भएका छन्। आ.व.२०८१/८२ लाई संस्थानको स्वर्णकालका रूपमा पुष्टि गर्ने केही प्रमुख क्रियाकलापहरू देहाय बमोजिम उल्लेख गरिन्छः

१) संस्थानको कार्यप्रकृति अनुरूप अपरिहार्य सांस्कृतिक पर्यटनमैत्री सांस्कृतिक संस्थानको नवनिर्मित सेमिनार हल माननीय मन्त्रीज्यूको हातबाट समुद्घाटन गरिएको छ।
२) संस्थानको कार्यप्रकृति अनुरूप अपरिहार्य सांस्कृतिक संस्थानको नवनिर्मित रेकर्डिङ स्टुडियो माननीय मन्त्रीज्यूको हातबाट समुद्घाटन गरिएको छ।
३) सजीव कला प्रदर्शनी सम्बन्धी अपरिहार्य अनुसन्धनात्मक जर्नल "संस्कृति अध्ययन" प्रकाशन प्रारम्भ भई माननीय मन्त्रीज्यूको हातबाट विमोचन गरिएको छ।
४) वि.सं.२०३२ सालमा संस्थानको तेस्रो वार्षिकोत्सवको अवसरमा पहिलोपटक मञ्चन तथा प्रदर्शन गरिएको एवम् त्यस पश्चात् पनि थुप्रैपटक





प्रदर्शन गरिएको महाकवि लक्ष्मीप्रसाद देवकोटा कृत लोकप्रिय खण्डकाव्यमा आधारित ऐतिहासिक गीति नाटक "मुनामदन" को श्रव्य सामग्री वर्षौंदेखि हराएर प्रदर्शन हुनबाट वञ्चित भएको परिवेशमा पुनरुत्थान गरी माननीय मन्त्रीज्यूको हातबाट समुद्घाटन पश्चात् सातै प्रदेशमा भव्य रूपमा प्रदर्शन गरी नियमित प्रदर्शनमा ल्याइएको छ।

५) गाईजात्रा विशेष हास्यव्यङ्ग्य प्रहसनमूलक महोत्सव, मनमनमा संस्कृति-ओठओठमा हाँसो जस्ता थुप्रै कार्यक्रम तथा विविध निकायसँग G to G प्रणाली मार्फत सहकार्य गरी संस्कृति संरक्षण सहित उत्पादनमैत्री कार्यक्रमहरू माननीय मन्त्रीज्यूको हातबाट समुद्घाटन गरी प्रदर्शनमा ल्याइएको छ।

६) माननीय मन्त्रीज्यूको सल्लाह, सुझाव बमोजिम पहिलोपटक युटुब मनिटाइज तथा एप मार्फत सिर्जनशील क्रियाकलाप प्रकाशन गर्ने कार्यको शुभारम्भ गरी डिजिटल उत्पादनको कार्य थालनी गरिएको छ।

७) माननीय मन्त्रीज्यूको निर्देशन बमोजिम सेमिनार हलसँगै व्यवस्थित अभ्यास तथा प्रशिक्षण कक्ष निर्माण गरिएको छ।

८) सांस्कृतिक संस्थानद्वारा प्रदान गरिने सम्मान तथा पुरस्कारलाई राष्ट्रियस्तरको बनाउन कार्यविधि संशोधन गरी विविध राष्ट्रिय व्यक्तित्वहरूलाई माननीय मन्त्रीज्यूको हातबाट सम्मान तथा पुरस्कार वितरण गरिएको छ।

९) संस्थानको नीतिगत प्रणाली सुधार गर्न तथा सुशासन कायम गर्न माननीय मन्त्रीज्यूको सुझाव बमोजिम विभिन्न कार्यविधि निर्माण गरिएको छ।

१०) देशैभरीका सार्वजनिक निकायबाट अपेक्षित परिणाम नआएको परिवेश र अर्थतन्त्र नै संकटमा रहेको परिवेशमा अर्थ मन्त्रालयको "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८२" प्रतिवेदन अनुसार देशैभरीका सामाजिक क्षेत्रका संस्थानहरू मध्ये सांस्कृतिक संस्थानको मात्र गत आ.व.को तुलनामा ६९.४७ प्रतिशतले आम्दानी वृद्धि भएको छ।

# राष्ट्रिय पत्रपत्रिका तथा सञ्चार माध्यमबाट सम्प्रेषित सांस्कृतिक संस्थान सम्बन्धी समाचार

## ‘प्रधानमन्त्रीले भने पनि हल भाडा छुट नगर्नू भनेपछि नाचघरले नाफा कमायो’

कान्तिपुर समाचारः सुरज कुँवर, श्रावण १३, २०८२, काठमाडौं ।



पर्यटन मन्त्रालयमा सोमबार पर्यटन नीति सार्वजनिक कार्यक्रममा बोल्नुहुँदै मन्त्री बद्री प्रसाद पाण्डे ।
(तस्बिरः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय)

नाचघरले एक वर्षमा आफ्नो आम्दानी ६९.४७ प्रतिशतले वृद्धि गर्दै १ करोड १३ लाख आम्दानी गर्‍यो ।

लोकसंस्कृति संरक्षण गर्ने उद्देश्यले ६६ वर्ष अघि स्थापना भएको राष्ट्रिय नाचघरको मुख्य आम्दानीको स्रोत जमलमा भएको हल भाडा हो । तर अधिकांश आयोजकको राजनीतिक भनसुन र पहुँचका कारण निरन्तर हल भाडा नतिर्दा सञ्चालन खर्च समेत उठाउन नसकिरहेको नाचघर (सांस्कृतिक संस्थान) हरेक वर्ष घाटामा चलिरहेको थियो । यसको तालुकदार मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय हो ।

जब पर्यटन मन्त्रालयमा बद्री प्रसाद पाण्डे मन्त्री बहाल भएर २०८१ असार ३१ गते पुग्नुभयो । मन्त्रीज्यूलाई स्वागत

तथा ब्रिफिङ कार्यक्रममा नाचघरका महाप्रबन्धक किरण बाबु पुनले मन्त्री पाण्डेलाई भनसुनका कारण सित्तैमा हल भाडामा लगाउँदा नाचघर चलाउनै नसकेको गुनासो पोखेका थिए। गुनासोमा पर्यटन मन्त्री पाण्डेले भन्नुभएको थियो, 'अबदेखि मैले त के सम्माननीय प्रधानमन्त्रीले भने पनि हल भाडा छुट नगर्नु' मन्त्रीको यति निर्देशन पाएपछि नाचघरका महाप्रबन्धक किरणबाबु पुनले गतवर्ष साउनदेखि कडाइका साथ निर्देशन पालना गर्नुभयो । यसको परिणाम नाचघरले एक वर्षमा आफ्नो आम्दानी ६९.४७ प्रतिशतले वृद्धि गर्दै १ करोड १३ लाख आम्दानी गऱ्यो।

अर्थ मन्त्रालयले भर्खरै सार्वजनिक गरेको 'सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८२' प्रतिवेदनले सामाजिक क्षेत्र अन्तर्गत पर्ने संस्थाहरूमध्ये यसले अन्यको दाँजोमा सबैभन्दा धेरै आम्दानी गरेको देखिन्छ। सांस्कृतिक संस्थानको सञ्चालन आयमा ६९.४७ प्रतिशत (रु १ करोड १३ लाख) ले वृद्धि भएको छ। यो बाहेक अन्य संस्थानको सञ्चालन आयमा घटेको छ, अर्थ मन्त्रालयको प्रतिवदेनमा लेखिएको छ।

'अर्थतन्त्रमा सबैतिर चाप परेका बेला नाचघरले आर्जन गरेको आम्दानी सानो सुशासनको प्रयास हो', सोमबार पर्यटन नीति सार्वजनिकीकरण कार्यक्रममा मन्त्री पाण्डेले भन्नुभयो, 'हाम्रो निकाय नै चल्न अप्ठ्यारो पऱ्यो भन्दै त्यहाँको महाप्रबन्धक किरण बाबु पुन आउनु भएको थियो। मैले डिस्काउन्ट र मिनाहा सम्माननीय प्रधानमन्त्रीले भन्नुभयो भनेपनि नदिनु, मैले भनेपनि नदिनु भएको थिए। त्यहाँको महाप्रबन्धकले मेरो त्यति शब्द समात्नु भयो । अहिले आम्दानी बढ्दा त्यहाँ कर्मचारीको साख उठेको छ, संस्थान चलायमान भएको छ। पर्यटनमन्त्री पाण्डेले यो वर्ष नाचघरमा कर्मचारीका रूपमा कार्यरत कलाकार हुने भएकाले निकायगत कार्यप्रकृति अनुसार अपरिहार्य स्टुडियो खोलेको, सांस्कृतिक पर्यटनमैत्री सेमिनार हल निर्माण गरेको र नयाँ सृजनात्मक तालिम सञ्चालन गरिरहेकोमा प्रशंसा व्यक्त गर्नुभयो। उहाँले २०३२ सालमा बनाइएको गीति नाटक मुनामदनमा पटकपट प्रदर्शन गरिएको तर विगत धेरैवर्षदेखि गीति नाटक मुनामदनको श्रव्य सामग्री हराएकाले प्रदर्शन हुन नसकेको अवस्थामा त्यसको पुनरुत्थान गर्दै यसपटक संस्थानका कलाकार कर्मचारीले अभिनय गरी सातै प्रदेशमा मञ्चन तथा प्रदर्शन गरेर संस्थानलाई पुनर्जीवन दिनुभएको छ। सुशासनका लागि सामान्य अठोटले पनि काम गर्छ भन्ने यो एउटा गतिलो उदाहरण पनि हो भन्नुभयो।

नाचघरसँग ७ सय दर्शक अटाउने मेगा हल, १ सय दर्शक अटाउने मिनी हल र ६० जना अटाउने सेमिनार हल नवनिर्माण गरिएको छ। जसमा मेगा हलको भाडा न्यूनतम ६० हजारदेखि प्राइम टाइममा एक लाख रुपैयाँसम्म, मिनी हलको १५ हजारदेखि २५ हजारसम्म, सेमिनार हलको १० हजारदेखि २० हजारसम्म पर्छ। पर्यटन मन्त्रालयसँग विभाग, समिति, प्रतिष्ठान, आयोग, कोष, परिषद्, प्राधिकरण लगायतका ३८ वटा निकाय छन् । यीमध्ये हल भाडा लगाएर आम्दानी गरी संस्थालाई सञ्चालन गर्ने अन्य निकायमा नेपाल पर्यटन बोर्ड र नेपाल प्रज्ञा प्रतिष्ठान पनि छन्।

# पहिलो पटक यति धेरै बढ्यो राष्ट्रिय नाचघरको आम्दानी

रातोपाटी समाचारः कुवेर गिरी, बुधबार, २० चैत २०८१, काठमाडौं ।

राष्ट्रिय नाचघर (सांस्कृतिक संस्थान) को आम्दानी चालु आर्थिक वर्षको पहिलो ६ महिनामा ६१ प्रतिशतले बढेको छ। राष्ट्रिय नाचघरले उपलब्ध गराएको विवरणअनुसार चालु वर्षको पुस मसान्तसम्म नाचघरको आम्दानी ३ करोड ६५ लाख ४२ हजार रुपैयाँ रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा नाचघरले २ करोड २६ लाख ८१ हजार रुपैयाँ आम्दानी गरेको थियो। राष्ट्रिय नाचघरको आम्दानीमा यति धेरै वृद्धि देखिएको इतिहासमै पहिलो पटक हो। नाचघरका रहेका विभिन्न चुहावट रोकथाम गरिएको कारण आम्दानी वृद्धि भएको बताइएको छ।

राष्ट्रिय नाचघरमा सुशासन कायम गरेको कारण आम्दानीमा वृद्धि भएको महाप्रबन्धक किरणबाबु पुन बताउँछन्। 'यसअघि बढ्ने त कल्पना नै थिएन। यहाँ विभिन्न राजनीतिक हिसाब तथा अन्य स्वार्थगत हिसाबले छुट दिने, हलहरू प्रयोग गर्न दिने प्रथा थियो, पुनले भने, 'म आएको भोलिपल्टै सबै बन्द गरेँ। आफू आएपछि संस्थालाई कसैले पनि दुरुपयोग नगरेको पुनको भनाइ छ। 'विगतदेखि नै विभिन्न दुरुपयोग गरेकाहरूले सुरुमा राजनीतिक फोर्स लगाउने, फोनमा धम्काउने, तर्साउने पनि गरे, पुनले थपे, म माननीय मन्त्रीज्यूको निर्देशन, साथ, हौसला र प्रेरणाको कारण संस्थाको नियममा अडिग रहेपछि त्यो बिस्तारै हटेर गयो।' नाचघरले भर्खर स्टुडियो निर्माण सम्पन्न गरेको र सेमिनार हल पनि एक महिनामा सम्पन्न गर्दै रहेकोले अबका दिनमा आम्दानी झन् बढ्ने पुनको भनाइ छ।

'कर्मचारी संचयकोष र नागरिक लगानी कोषसमेत वर्षौंदेखि नतिरेर कर्मचारीलाई मासिक तलब कसरी खुवाउने भन्ने अवस्था थियो, पुन थप्छन्, हामीले पहिलेको करोडौं दायित्व रहेको बाँकी तिरेर अहिले नियमित मासिक तलबभत्तासँगै जाने समेत बनाएका छौं।' आफूले नाचघर सिस्टमा ल्याएकोले अबका दिनमा जो नेतृत्व आए पनि सजिलो हुने उनले बताए।

राष्ट्रिय नाचघरले गरेको कुल आम्दानीमध्ये घर बहाल वापत १ करोड ५९ लाख ५ हजार, हल तथा प्रेक्षालय भाडावापत १ करोड ४ लाख ६७ हजार, उत्पादन तथा सेवा शुल्क वापत ११ लाख ९६ हजार र कार्यक्रम सञ्चालन आम्दानी वापत ८९ लाख ९३ हजार रुपैयाँ रहेको छ। अघिल्लो वर्ष घरबहाल वापत १ करोड ५६ लाख १९ हजार, हल तथा प्रेक्षालय भाडावापत ५२ लाख ८१ हजार, उत्पादन तथा सेवा शुल्क वापत ९ लाख ६८ हजार र कार्यक्रम सञ्चालन आम्दानीवापत ८ लाख १२ हजार रुपैयाँ आम्दानी भएको थियो।

## खर्च के छ ?

नाचघरको आम्दानी बढ्दै गर्दा खर्चसमेत सामान्य रुपमा बढेको छ। चालु आवको ६ महिनामा नाचघरले २ करोड ५७ लाख ४० हजार रुपैयाँ खर्च गरेको छ। अघिल्लो वर्षको यो अवधिमा २ करोड २० लाख १४ हजार रुपैयाँ खर्च भएको संस्थाले जनाएको छ। गत वर्षको तुलनमा खर्चमा १६.९२ प्रतिशत बढेको हो। नाचघरको खर्च उपदान, कर्मचारी सञ्चयकोष र नागरिक लगानीकोषमा जाने दायित्व वापत करोडौंको अतिरिक्त दायित्व थपिँदा खर्च वृद्धि भएको देखिएको हो। यद्यपि अन्य खर्चमा भने यो वर्ष कमी आएको देखिन्छ। कर्मचारी पारिश्रमिकतर्फ

अघिल्लो वर्ष १ करोड ३४ लाख ६३ हजार खर्च गरेको संस्थाले यो वर्ष १ करोड १९ लाख १४ हजार रुपैयाँ मात्र खर्च गरेको छ । कर्मचारी खर्चमा मात्र १९ लाख ४९ हजार कम खर्च गरेको देखिन्छ ।

त्यस्तै इन्धन खर्च ३ लाख २८ हजारबाट घटेर १ लाख ९१ हजारमा झारेको छ । सवारीसाधन मर्मत खर्च १० लाख ४७ हजारबाट घटेर १ लाख ९९ हजार तथा हल तथा मर्मत सम्भार खर्चतर्फ अघिल्लो वर्ष २३ लाख ८ हजार खर्चबाट झोरेर यो वर्ष १० लाख ७१ हजार रुपैयाँमा पुऱ्याएको छ । पानी तथा बिजुलीमा भने खर्च सामान्य बढेको छ । यो खर्च १६ लाख ४१ हजारबाट बढेर २० लाख ५ हजार रुपैयाँ पुगेको देखिन्छ ।

### बन्यो स्टुडियो

राष्ट्रिय नाचघरले यो आर्थिक वर्षबाट एउटा डिजिटल रेकर्डिङ स्टुडियो पनि सञ्चालनमा ल्याएको छ । संस्थानको स्थापनाकालदेखि नै निकायगत कार्यप्रगतिले अपरिहार्य रेकर्डिङ स्टुडियो निर्माण सम्बन्धमा पटकपटक निर्णय भए पनि कार्यान्वयन हुन सकेको थिएन । पुन नेतृत्वमा आएपछि स्टुडियो निर्माण भएको छ । नाचघरले आफ्नो स्रोतबाटै स्टुडियो निर्माण गरेको हो । अत्याधुनिक सुविधा सम्पन्न स्टुडियो केही अगाडि संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री बद्री प्रसाद पाण्डेले उद्घाटन गरेका थिए ।

त्यस्तै संस्थानमा अहिले एक संस्कृति पर्यटनमैत्री 'सेमिनार हल' समेत बनिरहेको छ । संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको सहयोगमा निर्माण हुन लागेको हल एक महिनाभित्र तयार हुने बताइएको छ ।

(नोटः यो समाचार सम्प्रेषण हुने समयमा सांस्कृतिक संस्थान सेमिनार हल निर्माणाधिन अवस्थामा थियो । हाल सेमिनार हल निर्माण भई माननीय मन्त्रीज्यूको हातबाट समुद्घाटन भइसकेको छ ।)



# नेपालमा बाँसुरी वादनको ऐतिहासिक सिंहावलोकन



**बाँसुरीको उत्पती र विकासः** सर्वप्रथम बाँसुरी नामबाटै प्रष्ट हुनजान्छ कि यो बाँसबाट बन्ने भएकोले नै यस बाद्यलाई बाँसुरी भनिएको हो। संस्कृत भाषामा बासलाई बंस र बासुरीलाई बंशी भनिएको छ।

यसको उत्पती अबिष्कार र खोज कसले, कहिले र कहाँ गर्‍यो भन्ने कुरा यकिन र किटान गरेर भन्न सकिने अवस्था छैन तापनि हामीले विभिन्न किंबदन्ती खोज अनुसन्धानका अवधारणाहरु सुन्दै र पढ्दै आएका छौं जस्तै विष्णुपुराणका अनुसार भगवान् विष्णु जब यस धर्तीमा भगवान् कृष्णको रुपमा अवतरित हुन लाग्दा लक्ष्मी जीले निवेदन गर्नुभयो  कि प्रभु हजुर चै मर्त्यलोकमा लिला पुरुष भएर आनन्द लिन जानुहुने म चाहिँ यहाँ एक्लै कसरी बस्ने मलाई पनि लानुहोस् भन्दा ठिकै छ तिमी बाँसुरी बन म सधैं तिमीलाई सँगै राखौंला र समय समयमा बजाउने बाहानामा अधर रस पान गरौंला र तिमी चैं प्रेमको प्रतिक स्वर र धुन बनेर सम्पूर्ण प्राणीहरुलाई प्रेम र विश्वास बाडीरहनु भनेको भएर भगवान् कृष्णको हातमा सधै बाँसुरी रहेको कथा हामीले पढेका छौ।

त्यस्तै आधुनिक मानव सभ्यताको बिकास क्रमको शिलशिलामा जब हाम्रा पुर्खाहरु बनचर थिए, डुलिरहन्थे जंगलमै बस्ने घुम्ने गर्थे, जब ती जिज्ञासु फिरन्ते मानवहरु एकदिन ठुलो बाँसको जंगलमा बास बस्न पुगे, तब त्यहाँ धेरै बाँसमा किराले प्वाल पारेको थियो । जब हावा आउथ्यो तब त्यो बाँसबाट कु कु आवाज आउँथ्यो। त्यो जब उसले थाहा पायो कि प्वालमा हावा भर्दा आवाज आउछ तब उसले त्यसैलाई अनुसरण गर्दै बाँस काटेर विभिन्न प्वाँल पारेर फुक्न र बजाउन सिक्न थाल्यो । यसरी बाँसुरीको उत्पति भएको हो भन्ने विद्वानहरुको मत रहेको छ। आखिर जे भएपनि बाँसुरी एक प्राचिन बाद्य हो भन्ने कुरा हाम्रा सनातन धर्मका वाङ्मय शास्त्र पुराण आदि इतिहासले प्रमाणित गरेका छन् जसमा हामी समस्त सनातन हिन्दूहरुका आराध्यदेव भगवान् श्री कृष्णले यस वाद्यलाई बजाइदिनाले पनि अझ यस बाद्यको महता बढेको र लोकप्रिय भएको सर्वविदितै छ । बाँसुरी र भगवान् कृष्णलाई आपसमा पर्यायको रुपमा बुझिन्छ । हाम्रो पूर्वीय बाँसुरीको इतिहासलाई केलाएर हेर्ने हो भने यो वाद्य एक लोक वाद्यको रुपमा स्थापित रहेको पाइन्छ। यसका आकार र प्रकारहरु समयानुसार परिवर्तन भएतापनि सबै लोक संगीतमा मात्र प्रयोग हुने गरेको पाइन्छ। प्राचिन समयमा जब साम वेदलाई गायन गरिन्थ्यो, सामगान भनिन्थ्यो। त्यस समयमा गायन प्रारम्भ गर्ने आधार स्वर बाँसुरी (बंशी) लाई मानिन्थ्यो किनकि बाँसुरीका स्वरहरु स्थिर, अपरिवर्तित हुने भएकोले अन्य पाद्यहरु जस्तैः विणा, एकतारे आदि त्यसैलाई आधार मानेर मिलाइन्थ्यो जसलाई बंश वा बंशी भनिन्थ्यो।

हाम्रो आधुनिक बाँसुरीको इतिहास भने त्यति पुरानो छैन। प्राचिन बाँसुरीमा सात वा आठ छिद्र भएको पाइन्छ। सबै

छिद्रहरुलाई बन्द गर्दा निस्कने आवाजलाई प्रारम्भिक स्वर मानिन्थ्यो भने आजको परिस्कृत बाँसुरीमा स्वरहरुको अन्तर्राष्ट्रिय मापदण्ड (पियानो ट्युन) अनुसार वा शास्त्रीय श्रुति बिन्यास अनुसार स्वर मिलाइएको हुन्छ र जसमा प्रारम्भिक स्वर "सा" स्वर तलपट्टीबाट तेस्रो छिद्रलाई मानेर स्वर मिलाइएको हुन्छ जो आधुनिक बाँसुरी हो। यो अन्य सबै वाद्यहरुसँग (international standard piano tune) सँग मिल्ने भएकाले नै आज संसारभरि यसको उपयोगिता र लोकप्रियता बढिरहेको छ। आजको यस आधुनिक बाँसुरीको बनावट स्वर संयोजन र शास्त्रीय प्रयोगको श्रेय अठारौं सताब्दीको उत्तरार्द्धमा तत्कालिन भारतको पूर्वीय प्रान्त बंगालमा जन्मनु भएका पं.पन्नालाल घोषलाई जान्छ जसले बाँसुरीलाई लोकवाद्यको सिमित घेराबाट परिस्कृत र परिमार्जन गरेर ठुलो आकारमा र शास्त्रीय विधि अनुसार वादनको विकास र प्रयोगमा सफल हुनुभयो । उहाँले धेरै शिष्यहरुलाई सिकाएर यस पद्धतिको प्रचार प्रसार र बाँसुरीमा शास्त्रीय वादनको विकास भएको हो । त्यस पश्चात भारतमा देबेन्द्र मुर्देस्वर, रघुनाथ सेठ भोलानाथ प्रसन्ना आदिको साधना र योगदानले यसको थप विकास र प्रचार भएको हो । उहाँहरुले धेरै कुसल र विद्वान शिष्यहरु तयार गर्नुभयो जस्तैः पं. हरि प्रसाद चौरासिया, पं नित्यानन्द हल्दिपुर, पं रोनु मजुमदार, पं राजेन्द्र प्रसन्ना आदिद्वारा यस बाँसुरीलाई विश्व संगीत बजारमा सर्वोच स्थानमा पुऱ्याउन सफल हुनु भएको छ। आधुनिक भारत तथा नेपालमा संगीत लगायत बाँसुरीवादन विषय विभिन्न विश्व विद्यालयमा स्नातकोतर र विद्यावारिधिसम्म गर्ने व्यवस्था भइसकेको छ।

नेपालको सन्दर्भमा भन्नुपर्दा बाँसुरी वादनको त्यति लामो इतिहास भने भेटिदैन । नेपालमा संगीत विषयको औपचारिक उच्च शिक्षाको विकास त्रि.वि.मा भर्खरैमात्र भइरहेको जसमा पनि केवल गायन र सितारवादन मात्र रहेको अवस्था थियो । बाँसुरी विधामा औपचारिक अध्ययन गरेका वयक्ति कोही नभएको अवस्थामा यो पंतिकार म स्वयं नेपालकै इतिहासमा बाँसुरी विषयमा पहिलो स्नातकोतर गरी सन् २००३ मा भारतबाट स्वदेश फर्किएर बाँस्रुी वादनको विकास र उन्नयनमा अनवरत खटिरहेको यहाँहरु समक्ष सहर्ष जानकारी गराउन चाहन्छु। सन् २००७ बाट "सिर्जना कलेज अफ फाइन आर्ट्स"मा



बाँसुरी विषयलाई नेपालमा पहिलो पटक औपचारिक रुपमा कक्षा ११ र १२ मा अध्ययन गराउने काम मेरो पहलमा सुरु भएको थियो । त्यसैगरी सन् २०१० बाट सोही कलेजमा त्रि.बि.बाट सम्बन्धन लिई स्नातक तहमा पनि बाँसुरी बिधालाई अध्ययन गराउन सफल भएको कुरा यहाँहरु माझ साझा गर्न पाउँदा गौरवान्वित महसुस गर्दछु। त्यस्तै सन् २०१३ बाट त्रि.वि.को आंगिक क्याम्पस ललितकला क्याम्पसमा पनि बाँसुरी विधाको अध्ययन सुरु गराउन सफल भइसकेका छौं । त्यसो त यस विषयमा अध्ययन र औपचारिक शिक्षा नभएतापनि नेपालमा बाँसुरीवादक नभएका भने होइनन् । नेपाली संगीत जगतमा लामो समयदेखि धेरै बाँसुरीवादकहरुले काम गर्नु भएको इतिहास छ जस्तैः वीर बहादुर, प्रेम राना औतारी, जे.बि. लामा, म स्वयं पंतिकार, शुशिल बि.क., कृष्ण गुरुङ, आइ सिंह लामा, जीवन आले, विष्णु देव, रोशन पुतवार, नगेन्द्र राई, उमेश पंडित आदि। उहाँहरुले नेपालको संगीत जगतमा बाँसुरी वादनमा ठुलो योगदान दिनुहुँदै आउनु भएको सर्वविदितै छ। आजको समयमा त बाँसुरीवादकहरुको संख्या ठुलो छ। चाहे त्यो सिकेर आएको वा स्वअध्ययन गरेर आएको होस आफ्नो योग्यता, खुबी र तयारी अनुसार सबैले काम गरिरहेको अवस्था छ चाहे त्यो दोहोरी साँझ होस् वा गजल बार, होटल होस वा फ्युजन व्याण्ड, भागवत् पुराण, भजन सन्ध्या, शास्त्रीय एकल वादन वा स्टुडियो रेकर्डिङ्ग किन नहोस नेपाली संगीतमा बाँसुरी अपरिहार्य वाद्य भएकाले सबै व्यस्त रहेको पाइन्छ। अझै रेकर्डिङ स्टुडियोमा त राम्रो बजाउनेको धेरै कमी छ। त्यस्तै शास्त्रीय वादकहरुको पनि खडेरी नै छ।

त्यसो त काठमाडौं उपत्यकाभित्र नेवार समुदायमा विभिन्न (बाँसुरी खल) हरुमा ठुलो संख्यामा बाँसुरी सिक्ने, सिकाइने र बजाउने गरेको देखिन्छ। जहाँ तीन प्रकारका बाँसुरी हुने गर्छन् (घोर, माझ र टिप) भन्ने गरिन्छ । जसलाई एकसाथ "आधुनिक हार्मोनाइज" गरिएको प्रतित हुन्छ। तर त्यहाँ प्रयोग हुने बाँसुरीहरु उही पुरानो पारम्परिक काठबाट बनेको आधुनिक स्वर पद्धति अनुसार नभएको पाइन्छ, साथै सिकाइने पद्धति, स्वर चालनविधि पनि समय सापेक्ष शास्त्रीय विधि अनुसार नभएको, साथै स्वर लिपि आदि पद्धति नभएको कारण उही पुरानो पारम्परिक पद्धतिबाट सिकाइने भएकाले खासै प्रभावकारी नभएको महसुस हुन्छ । तथापि गत केही वर्ष यता नेवार समुदायका धर्म मुनिकार लगायत केही गुरूहरूले केही खलहरुमा आधुनिक बाँसुरीको प्रयोग, साथै स्वरलिपी पद्धती सहित प्रशिक्षण गर्न सुरु गर्नु भएको छ। तसर्थ उपत्यकाका सबै खलहरुमा पनि आधुनिक श्रुतिविन्यास अनुसार बनेका बाँसुरीको प्रयोग र सिकाइने पद्धति साथै लिपि पनि परिमार्जन गर्दै लैजाने हो भने उपत्यकाभित्रका नेवार समुदायको संस्कृति लगायत नेपालको प्राचिन र ऐतिहासिक सांस्कृतिक सम्पदालाई लिपिबद्ध गरी सर्वसुलभ गर्न, संरक्षण गर्न सहज हुने साथै ठूलो संख्यामा कुसल बाँसुरीवादकहरु पनि उत्पादन गर्न सकिने देखिन्छ।

आज हामी माझ एक सामान्य आँकडा अनुसार अनुमानित १०० देखि १५० बाँसुरीवादक व्यस्त भएर काम गरिरहेको अवस्था छ र यस संख्याको दोब्बर हुँदा पनि अपुग हुने अनुमान गर्न सकिन्छ । हरेक बोर्डिङ स्कुल, इन्स्टीच्युट, व्याण्ड, रेकर्डिङ स्टुडियो, कन्सर्ट, एकल वादन आदि विभिन्न क्षेत्रमा अझै ठूलो संख्यामा आवश्यकता रहेको छ। बाँसुरी वादनलाई सरसर्ती हेर्दा सजिलो वाद्य जस्तो महसुस भयता पनि हावाद्वारा फुकेर बजाइने भएकाले त्यति सरल र सजिलो वाद्य भने होइन। त्यसैले यस वाद्यको विकास र प्रवर्धनमा विशेष जोड दिनुपर्नेमा ध्यानाकर्षण हुन जरुरी छ।

**दुर्गा प्रसाद खतिवडा**
स.सं. प्रबन्धक
सांस्कृतिक संस्थान

# सांस्कृतिक संस्थान र नीतिगत समस्या

वि.सं. २०१६ सालमा स्थापित 'राष्ट्रिय नाचघर' लाई सवल, सुदृढ एवं वृहत् बनाउने उद्देश्यकासाथ सञ्चार संस्थान ऐन, २०२८ अनुसार वि.सं. २०२९ असार ५ गते परिवर्तित नाम सांस्कृतिक संस्थानको रुपमा स्थापना गरियो। बुँदागत रुपमा संस्थानमा रहेका नीतिगत समस्या यस प्रकार रहेका छन्।

नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको संस्कृति सम्बन्धी एक मात्र आधिकारिक एवम् ज्येष्ठ निकाय सांस्कृतिक संस्थान संस्कृति मन्त्रालयसंगै कहिले संस्कृति विभाग अन्तर्गत त कहिले युवा खेलकुदाा मन्त्रालय, कहिले संघीय मामिला मन्त्रालय त कहिले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत यताउता चलायमान रहि रह्यो स्थापनाकाल देखिनै यसले स्थायित्व प्राप्त गर्न सकेन। नीतिगत अस्पष्टताले संस्थान संचालनमा कठिनाई भौग्दै यहाँ सम्म आइपुगेको छ। वर्तमान अवस्थामा समेत संस्थानको कार्य प्रकृतिका आधारमा तालुक मन्त्रालयको रुपमा सम्पूर्ण कार्य संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रायल अन्तर्गत हुदै आएको छ तर संस्थान संचार संस्थान ऐन २०२८ अन्तर्गत रहेकाले ऐन अनुसार यसको तालुक मन्त्रालय सञ्चार तथा सूचना प्रविधि मन्त्रालय रहने छ भन्ने व्यवस्थाबाट संस्थानका नीतिगत कामहरु गर्न कठिनाई भइरहेको छ। संस्थानले दीर्घकालीन समस्या समाधानका लागि छुट्टै ऐन बाट गठनको प्रक्रिया अगाडि बढाएको त छ तर यसले पूर्णता पाउने कहिले हो भन्ने निश्चित छैन तबसम्म संस्थान अनिर्णयको बन्दीको रुपमा रहनु परेको छ।

नेपाल सरकारद्वारा सर्वसाधरणसम्म पुऱ्याउने सेवा सहज, सरल र प्रभावकारी होस् भन्ने हेतुले विभिन्न प्रकृतिका संस्थानहरु स्थापना गरी सेवा प्रदान गरिदै आएको छ। संस्थान भन्ने वित्तिकै एक स्वयात्त निकाय हुने, उनिहरुले स्वतन्त्र रुपमा काम गर्न सक्ने हुन्छन्। संस्थानहरु पनि कार्य प्रकृतिका आधारमा फरक- फरक छन् कतिपय संस्थान



व्यापारिक हिसावले खोलिएका छन् भने कतिपय संस्थान व्यवसायिक हिसावले खोलिएका छन् त कतिपय संस्थान सामाजिक सेवाका लागि खोलिएका छन् । सांस्कृतिक संस्थान लोकसंस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि सांस्कृतिक नवजागरण गराउने तथा राष्ट्रको पहिचानयुक्त लोकसांस्कृतिक कार्यक्रम प्रस्तुत गरी सर्वसाधरणलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउने मुख्य उद्देश्य सहित स्थापना गरिएको नेपाल सरकारको संस्कृति सम्बन्धीको एक मात्र आधिकारिक निकाय हो । कला र संस्कृतिको ब्यापार गर्नु भन्दा पनि यसको संरक्षण, सम्वर्धन र प्रवर्द्धनमा जोड दिनु पर्दछ । आज पश्चिमा संस्कृतिको बढ्दो प्रभावबाट हाम्रा सन्ततीले हाम्रो कला, संस्कृति र परम्परालाई नै विर्सने अवस्थामा हामिले नेपाली मौलिक कला, संस्कृति र परम्पराका बारेमा हाम्रो सन्ततीहरुलाई पुस्तान्तरण गर्दै जान सकेनौ भने कुनै पनि बेला हाम्रो कला, संस्कृति र परम्परा नै लोप हुने खतरामा पुगेको छ । तसर्थ यसको संरक्षणमा लाग्नु आजको प्रमुख चुनौतीका रुपमा खडा भएको छ । संस्थान स्वयं आत्मानिर्भर हुन, अझ संस्थानहरुले आफुलाई सक्षम, सबल बनाउदै नेपाल सरकारलाई कुनै न कुनै हिसावले सहयोग पुऱ्याउनु निश्चयनै राम्रो पक्ष हो तर कार्य प्रकृतिका आधारमा सवै संस्थान एकै खालका छैनन् तसर्थ नेपाल सरकारले सवै संस्थानलाई हेर्ने दृष्टिकोण एकै खालको हुनुले पनि संस्थान नीतिगत समस्यामा परेको छ ।

नेपाल सरकारले विभिन्न संस्थानहरुमा लगानी गरेको छ । विशेषत भौतिक संरचना निर्माण गर्दा नेपाल सरकारले अनुदानमा रकम उपलब्ध गराउँदै आएको पाइन्छ । तर अपवादमा भनौ नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको सांस्कृतिक संस्थानले आफ्नो कार्यालय भवन वनाउदा समेत नेपाल सरकारले ऋणको रुपमा लगानी गरेको छ । जुन ऋणका कारण संस्थान कहिले उठ्न नसक्ने गरि थलिएको छ । संस्थानमा नयाँ महाप्रबन्धक किरण बाबु पुनको आगमन संगै संस्थानले गति लिएको छ । निकै मेहनतका साथ गत आर्थिक वर्ष ( २०८१/०८२) मा संस्थानले आफ्नो आन्तरिक आम्दानीमा ६९.४७ प्रतिशतले बृद्धि गरेको महालेखा परिक्षकको प्रतिवेदनमा उल्लेख छ । नेपाल सरकारका सार्वजनिक संस्थानहरु मध्ये आफूलाई अब्बल सावीत गर्न संस्थान सफल भएको छ । तर भारी ऋणका कारण जतिनै आम्दानी गर्दा पनि संस्थान नाफामा देखिने अवस्था देखिदैन यो पनि संस्थानका लागि नीतिगत समस्याको रुपमा रहेको छ ।

संवैधानिक व्यवस्था अनुसार नेपाल सरकारको स्वामित्व रहेका सार्वजनिक संस्थानहरुमा लोक सेवा आयोगबाट लिखित परिक्षा लिने व्यवस्था हुनुले संस्थानहरुमा हुने पदपूर्तिमा निश्पक्षता एवं विश्वसनियता बढेको छ । निश्चयनै नेपाल सरकारले स्थापना गरेको संस्थानहरु हरेकका प्रकृति फरक-फरक छन् भने यिनीहरुबाट प्रदान गरिने सेवाहरु पनि फरक-फरक छन् । ति मध्ये एक फरक प्रकृतिको संस्थान हो सांस्कृतिक संस्थान जहाँ कलाकार हरुको सृजन एवं प्रस्तुतीबाटनै संस्थानलाई सबल र सक्षम बनाउन सकिन्छ । त्यसका लागि यहाँ कला र गलाका धनि प्रतिभावान कलाकारहरुको आवश्यकता रहन्छ तर हालको प्रचलित व्यवस्थामा संस्थानको परिक्षा प्रणालीबाट कला र गला भन्दा पनि घोकन्ते विद्या र सैद्धान्तिक ज्ञानमा अब्बलहरु नै सफल हुने देखिन्छ । जसबाट संस्थानको आवश्यकता अनुसारको जनशक्ति नपाउनुमा पनि नीतिगत कमजोरीका रुपमा लिन सकिन्छ ।

माथि उल्लेखित नीतिगत समस्यालाई समाधान गर्न सके संस्थान अझै सवल र सक्षम हुनुका साथै यसले प्रदान गर्ने सेवा अझ गुणस्तरिए बनाउन सकिने देखिन्छ ।

**सुदर्शन थापा**
प्रशासन अधिकृत छैंटौं
प्रशासन शाखा

# सांस्कृतिक संस्थान गान

देशको कला संस्कृति जगेर्ना गर्ने काम
नेपालीको साझा थलो (सांस्कृतिक संस्थान)२

(सोह्र सालमा जन्म भयो नाचघरको नामले)२
उन्तीस सालमा सांस्कृतिक संस्थान बन्यो कामले
स्वर्ण वर्ष पार भए, बिते पचास बर्ष
यही क्षणमा आऊ सबै (बाँडौं खुसी हर्ष)२

(भेषभुषा गरगहना अनि लोकबाजा)२
सबै जाति भाषाभाषी बनाउदै साझा
लोकगीत लोकनाच नाटक यसका निधि
जोगाई राख्नु हाम्रो कर्म (अमूल्य सम्पत्ति)२

(यिनै कला संस्कृति नै हुन् हाम्रो चिनारी)२
कलाले नै राख्न सक्छ देशलाई सिंगारी
सयौं थरी संस्कृतिको सुन्दर माला उनी
आऊ सबै गोलबद्ध हौं (एउटै छानामुनी)२

शब्द :

**रोहित सुवेदी**

वाद्यवादन कलाकार :

**सांस्कृतिक संस्थान**